३०औं

वार्षिक प्रतिवेदन
२०८०/८१

नागरिक लगानी कोष
CITIZEN INVESTMENT TRUST

(नेपाल सरकारको स्वामित्व भएको)
(नागरिक लगानी कोष ऐन, २०४७ बमोजिम स्थापित)

कोषको वर्तमान सञ्चालक समिति

प्रा.डा. सूर्य बहादुर थापा
अध्यक्ष

श्री उत्तर कुमार खत्री
सदस्य
प्रतिनिधिः अर्थ मन्त्रालय

श्री महेश रिमाल
सदस्य
प्रतिनिधिः राष्ट्रिय जीवन बीमा कम्पनी लि.

श्री कृष्ण बहादुर कार्की
सदस्य
प्रतिनिधिः नेपाल स्टक एक्सचेन्ज लि.

श्री सुरेश प्रसाद खत्री
सदस्य
प्रतिनिधिः अन्य बैंक तथा वित्तीय संस्था

श्री अशोक बुढाथोकी
सदस्य
प्रतिनिधिः सर्वसाधारण शेयरधनी

श्री हेमन्त राज रमाली
सदस्य
मनोनयनः अर्थ मन्त्रालय

व्यवस्थापन समूह

पर्वत कुमार कार्की
कार्यकारी निर्देशक

शोभा श्रेष्ठ सुवेदी
का.मु.नायव कार्यकारी निर्देशक

हेमन्त पोखरेल
का.मु.नायव कार्यकारी निर्देशक

नबराज खड्का
का.मु. निर्देशक

रोशनजंग कार्की
का.मु. निर्देशक

छबिरमण अधिकारी
नायव निर्देशक

नारायणप्रसाद घिमिरे
उप-निर्देशक

अमृतबहादुर अधिकारी
उप-निर्देशक

उमेश पनेरु
उप-निर्देशक

अञ्जली आचार्य
उप-निर्देशक

प्रविन राई
उप-निर्देशक

जनकराज कडेल
उप-निर्देशक

यम कुमार श्रेष्ठ
उप-निर्देशक

हिरामणि खतिवडा
उप-निर्देशक

तारानाथ भट्टराई
उप-निर्देशक

दिपेन्द्र सिंह अधिकारी
उप-निर्देशक

नवराज गौतम
का.मु.उप-निर्देशक

रामशोभा ढुंगाना
वरिष्ठ अधिकृत

जय प्रकाश साह
वरिष्ठ अधिकृत

कुमार श्रेष्ठ
वरिष्ठ अधिकृत

संगीता शर्मा
वरिष्ठ अधिकृत

रीता पाठक (उपाध्याय)
वरिष्ठ अधिकृत

श्री जीवनराज जोशी
वरिष्ठ अधिकृत

उद्धव सिलवाल
वरिष्ठ अधिकृत

रामेश्वर पुडासैनी
वरिष्ठ अधिकृत

हरिश्चन्द्र श्रेष्ठ
वरिष्ठ अधिकृत

पुरुषोत्तम भट्टराई
वरिष्ठ अधिकृत

नागरिक लगानी कोष

केन्द्रीय कार्यालय

नयाँ बानेश्वर, काठमाडौं, पो.ब.नं. ५८२३
फोनः ०१-५९७०२०१, ५९७०२०२, ५९७०२०३
वेभसाईटः www.nlk.org.np
शाखा कार्यालय
विराटनगर, फोनः ०२१-४७२९९६, ४७२९९७
पोखरा, फोनः ०६१-५४३२३४, ५८८०३१
वुटवल, फोनः ०७१-५३५४२१, ५३३७५८
अत्तरिया, फोनः ०९१-५९०३२५, ५९०३२६
सुर्खेत, फोनः ०८३-५९०४९४, ५९०४९५

शेयर सूचिकृत
नेपाल स्टक एक्सचेञ्ज लि.

स्तर समूह
'क'

लेखापरीक्षक
१. हेम कुमार काफ्ले
२. जिन कार्की
३. सुवास आचार्य

कार्यकारी निर्देशक
श्री पर्वत कुमार कार्की

सञ्चालक समितिको सचिव
श्री नबराज खड्का

नागरिक लगानी कोषको संक्षिप्त परिचय

पृष्ठभूमि

आर्थिक विकासका लागि सर्वसाधारण जनतालाई बचत गर्न प्रोत्साहित गरी पुँजीवृद्धिका साथ साथै लगानीका अवसरहरू बढाउन तथा पुँजी बजारको विकासमा गतिशीलता ल्याउने प्रमुख उद्देश्य राखेर नागरिक लगानी कोषको स्थापना नागरिक लगानी कोष ऐन, २०४७ अनुसार वि.सं. २०४७ चैत्र ४ गते भई वि. सं. २०४८ माघ १ गते देखि कोषले औपचारिक रुपमा कारोबार संचालनमा ल्याएको हो । कोषले आफ्ना उद्देश्य प्राप्तीका लागी सर्वसाधारण, विभिन्न संगठित संघ-संस्थामा कार्यरत कर्मचारी/कामदार तथा संगठित संघ-संस्थाहरूबाट समेत विभिन्न कार्यक्रम अन्तर्गत बचत संकलन गरी त्यसरी संकलित बचत रकमलाई दक्ष र व्यावसायिक ढंगबाट लगानी प्रबन्ध गर्दै आएको छ । कोषले केन्द्रीय कार्यालय काठमाडौं र शाखा कार्यालय पोखरा, विराटनगर, बुटवल, अत्तरिया तथा सुर्खेतबाट समेत सेवा प्रदान गरिरहेको छ । कोषले आगामी आर्थिक बर्षमा बाँकी रहेका सबै प्रदेशमा प्रादेशिक कार्यालय खोली सेवा संचालनमा ल्याउने लक्ष्य राखेको छ ।

कोषका रणनीतिक स्तम्भहरु:

कोषको दोस्रो रणनीतिक योजना चारवटा मूल स्तम्भहरुका आधारमा निर्माण गरिएको छ । प्रत्येक मूल स्तम्भहरुलाई चारवटा सहायक स्तम्भहरुले समर्थन गरेका छन् । बचत र लगानी व्यवस्थापनको उद्देश्य प्राप्त गर्नका लागि मूल रणनीतिक स्तम्भहरू तय गरिएको छ भने सहायक स्तम्भहरु मुख्य रणनीतिक स्तम्भहरुको पूरकको रूपमा रहेका छन् । यी स्तम्भहरुको पारस्परिक आबद्धता रहने भएकोले रणनीतिक योजनाको समग्र उपलब्धिलाई प्रभाव पार्न सक्दछन् ।

स्तम्भ एक: बचत कार्यक्रम

सामाजिक कल्याण प्रवर्द्धन गर्न वर्तमान बचतमा आधारित कार्यक्रम तथा योजनाहरूलाई निरन्तरता दिई बचत संकलन कार्य प्रभावकारी रुपमा विविधीकरण गरिनेछ । यसका लागि स्वदेशमा रहेका संभाव्य सहभागीका साथै विदेशमा रहेका नेपालीहरूको समेत पहुँच बढाउने प्रयास गरिनेछ । साथै, आर्थिक रुपमा कमजोर वर्ग समेत समेटिने गरी विभिन्न नयाँ योजनाहरू मार्फत दीर्घकालीन बचत बढाउन ध्यान केन्द्रित गरिने छ ।

स्तम्भ दुई: लगानी व्यवस्थापन

यस योजना अवधिमा संकलित रकमलाई कम जोखिमपूर्ण र धेरै नाफामूलक क्षेत्रमा लगानी गर्न विभिन्न उपकरण र रणनीतिहरु प्रयोग गरिनेछ । यसका अतिरिक्त कोषले लगानी पोर्टफोलियो विविधीकरण गर्न र दीर्घकालीन आय सुनिश्चित गर्नका लागि जग्गा र भवन जस्ता स्थिर सम्पत्तिमा समेत लगानी गर्नेछ । कोषले सबै प्रदेशमा आफ्ना गतिविधि विस्तार गर्नेछ । केन्द्रीय कार्यालय र सबै प्रदेशका शाखा कार्यालयमा बहुउद्देश्यीय व्यावसायिक भवन (कम्प्लेक्स) निर्माण गरिनेछ । यस योजनाको अन्तसम्ममा सबै प्रदेशमा बहुउद्देश्यीय व्यावसायिक भवन (कम्प्लेक्स) सहितको कार्यालय भवन हुनेछन् । राष्ट्रिय समृद्धिमा टेवा पुग्ने गरी आय आर्जन, उत्पादन वृद्धि र रोजगारी सिर्जना गर्ने क्षेत्रमा लगानी केन्द्रित गरिनेछ ।

स्तम्भ तीन: पूँजी बजार सेवा

पूँजी बजारलाई राष्ट्रिय अर्थतन्त्रको मेरूदण्ड बनाउने गरी पूँजी बजार सेवा सञ्चालन गरिनेछ । धितोपत्र निस्काशन, बजार निर्माता, लगानी सल्लाहकार, धितोपत्र प्रत्याभूति, र लगानी व्यवस्थापन जस्ता सेवा तथा पूँजीबजारसँग सम्बन्धित गतिविधिलाई प्रवर्द्धन गरी व्यावसायिक मूल्य र सिद्धान्तका आधारमा योग्य संस्थागत लगानीकर्ताको रूपमा भूमिका निर्बाह गरिनेछ ।

स्तम्भ चार: सेवानिवृत कोष र सामाजिक सुरक्षाका कार्यक्रम

विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरु र निजी क्षेत्रमा कार्यरत कर्मचारी र श्रमिकहरुलाई लक्षित गरी अवकाश कोष योजनाहरु सञ्चालन गरिनेछ । यसरी संकलित रकमलाई उच्च प्रतिफल दिने क्षेत्रमा लगानी गरी उनीहरुलाई सम्भव भएसम्म अधिकतम लाभ प्रदान गरिनेछ। साथै सुरक्षित समाजको निर्माण गर्न ज्येष्ठ नागरिक, स्वरोजगार तथा वैदेशिक रोजगारमा रहेका नेपाली नागरिकलाई लक्षित गरी सामाजिक सुरक्षा सम्बन्धी विभिन्न बचत कार्यक्रम सञ्चालन गरिनेछ । साथै, यस्ता कार्यक्रमका सहभागीहरूलाई सम्बन्धित कोषको आयबाट अन्य सुविधाहरू समेत प्रदान गरिनेछ ।

नागरिक लगानी कोष

३०औं वार्षिक साधारणसभा बस्ने सम्बन्धी सूचना

श्री शेयरधनी महानुभावहरु,

यस कोषको संचालक समितिको मिति २०८१।०९।०८ मा बसेको ८३३औं बैठकको निर्णय अनुसार कोषको ३०औं बार्षिक साधारणसभा निम्न लिखित मिति, स्थान र समयमा हुने भएकोले नागरिक लगानी कोष ऐन, २०४७ को दफा २१ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

वार्षिक साधारणसभा हुने मिति, स्थान र समय :

मिति : २०८१ साल पुस २९ गते सोमबार (तदनुसार १३ जनवरी, २०२५) ।

स्थान : कोषको केन्द्रीय कार्यालय, सिआईटी विल्डिङ्ग, नयाँ बानेश्वर, काठमाण्डौं ।

समय : बिहान ११.०० बजे ।

साधारणसभामा छलफल हुने विषयहरु :

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने कोषको आर्थिक बर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ साल असार मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक बर्ष २०८०/८१ को नाफा/नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू उपर छलफल गरी पारित गर्ने ।

(३) कोषको आर्थिक बर्ष २०८०/८१ को आम्दानी बाँडफाँड हिसाब विवरणमा छुट्याईएको प्रस्तावित ७(सात) प्रतिशत बोनस शेयर र ६ (छ) प्रतिशत नगद लाभांश स्वीकृत गर्ने ।

(४) साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयरधनीहरू तथा संचालकहरूको तर्फबाट एक/एक जना प्रतिनिधि नियुक्त गर्ने ।

(५) विविध ।

बार्षिक साधारणसभा सम्बन्धी जानकारी :

१. बार्षिक साधारणसभा प्रयोजनको लागि कोषको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिल खारेजको कार्य मिति २०८१ पौष २२ गते एक दिन बन्द रहनेछ । शेयरधनी पुस्तिका बन्द हुने अघिल्लो दिन अर्थात् २०८१ पौष २१ गतेसम्म नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा कारोबार भई शेयर नामसारी भई आएका शेयरधनीहरू बार्षिक साधारणसभामा भाग लिनका लागि योग्य हुनेछन् ।

२. शेयरधनीहरूले आफ्नो परिचय खुल्ने परिचयपत्र वा सरकारी कार्यालयबाट जारी भएको परिचयपत्र वा शेयर अभौतिकीकरण गरेको व्यक्तिको हकमा हितग्राही खाताको विवरण (Demat Account Statement) प्रस्तुत गरे पछि मात्र सभामा भाग लिन पाइनेछ ।

३. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूले शेयर प्रमाणपत्र वा डिम्याट खाताको विवरण र आफ् नो परिचय खुल्ने प्रमाण (नागरिकता वा अन्य कुनै सरकारी परिचयपत्र) प्रस्तुत गरे पछी सभामा भाग लिन पाईनेछ ।

४. संगठीत संस्था शेयरधनी भएको हकमा संस्थाले प्रतिनिधि नियुक्त गरेको व्यक्ति अख्तियारी पत्र सहित उपस्थित हुनुपर्नेछ र प्राकृतिक व्यक्तिले नियुक्त गर्ने प्रतिनिधि (प्रोक्सी) कोषको शेयरधनी हुनुपर्नेछ ।

५. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने व्यक्ति शेयरधनीले कोषको अर्को शेयर धनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सभा हुनु भन्दा ९६ घण्टा अगावै उक्त प्रतिनिधि (प्रोक्सी) यस कोषको केन्द्रीय कार्यालय स्थित संचालक समितिको सचिवालयमा दर्ता गराई सक्नु पर्नेछ ।

६. प्रतिनिधि (प्रोक्सी) मुकरर गरी पठाउने शेयरधनी स्वयं साधारणसभामा उपस्थित भएमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।

७. संयुक्त रूपमा शेयर खरीद गरेको अवस्थामा शेयरधनीहरूको दर्ता किताबमा साझेदारहरू मध्ये जसको नाम क्रमानुसार पहिलो नम्बरमा लेखिएको छ सो व्यक्ति वा साझेदार वा साझेदारहरूको सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछ ।

८. विविध शिर्षक अन्तर्गत कुनै विषय छलफल गर्न इच्छुक शेयरधनीहरूले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको बिषय सहित संचालक समितिको सचिव मार्फत संचालक समितिका अध्यक्षलाई सम्बोधन गरी कोषको केन्द्रीय कार्यालय, नयां बानेश्वरमा लिखित रूपमा प्रस्ताव पेश गर्नु पर्नेछ ।

९. सभामा भाग लिनु हुने प्रत्येक शेयरधनी महानुभावहरूले सभा हुने स्थलमा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका बिहान ९.०० बजे देखि खुल्ला रहनेछ ।

१०. कोषको आर्थिक बर्ष २०८०/८१ को लेखापरीक्षण गरिएको संक्षिप्त वित्तीय अवस्थाको विवरण तथा आय विवरण संचालक समितिको प्रतिवेदन लगायतका कागजातहरू निरीक्षण गर्न वा प्रतिवेदन नै आवश्यक भएमा कार्यालय समय भित्र कोषको केन्द्रीय कार्यालय, नयां बानेश्वरमा सम्पर्क राख्न सकिनेछ ।

संचालक समितिको आज्ञाले,
सचिव

STOCK SESSIONS
INVEST SMARTER, NOT HARDER

अनुसूची १६

दफा ६(४) संग सम्बन्धित

साधारणसभामा भाग लिन तथा मतदान गर्न आफनो प्रतिनिधि नियुक्त गर्ने निवेदनको ढाँचा

प्रोक्सी

श्री नागरिक लगानी कोष,

केन्द्रीय कार्यालय, नयाँ वानेश्वर, काठमाण्डौ ।

विषयः प्रतिनिधि नियुक्त गरेको वारे ।

.....जिल्ला ..... पालिका वडा नं.....बस्ने म/हामी.....ले त्यस कोषको शेयरधनीको हैसियतले संवत् २०.....साल.....महिना.....गतेका दिन हुने वार्षिक / विशेष साधारणसभामा म/हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा मेरा /हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि..... जिल्ला..... पालिका वडा नं.....बस्ने श्री.....लाई मेरा /हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु / पठाएका छौं ।

प्रतिनिधि नियुक्त भएको व्यक्तिको,-

हस्ताक्षरको नमुना :

शेयर संख्या :

शेयरधनी परिचय नं. :

DMAT BOID No : .....

मिति :

निवेदक

दस्तखत :

नाम :

ठेगाना :

शेयरधनी परिचय नं. :

शेयर संख्या :

DMAT BOID No. : .....

द्रष्टव्य :-

१) यो प्रतिनिधि पत्र साधारणसभा हुन भन्दा ९६ घण्टा अगावै कार्यालय समयभित्र कोषको केन्द्रीय कार्यालय, नयाँ बानेश्वर, काठमाडौमा दर्ता गरिसक्नु पर्नेछ ।

२) समुह 'ख' अन्तरगतका शेयरधनी अन्य वित्तीय संस्थाहरूले संस्थाको तर्फबाट संचालकमा उम्मेदवारी दिने कार्य समेतका लागी प्रतिनिधि मुकरर गरि पठाउदा संस्थाको संचालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि साथै राखी संस्थाको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरी पत्र पठाउनु पर्ने छ ।

३) उमेदवार हुने वाहेक साधारणसभामा भाग लिन तथा मतदान गर्न कार्यका लागी संचालक समितिको निर्णयको प्रतिलीपि सम्लग्न गर्न अनिवार्य हुने छैन । संस्थाको पत्रमा विवरण खुलाई पठाएमा पर्याप्त मानिने छ ।

विषय सूची

१. सञ्चालक समितिको अध्यक्षको मन्तव्य १

२. संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिबेदन १५

३. महालेखापरीक्षकको लेखापरिक्षण प्रतिवेदन ३०

४. अन्तिम लेखा परीक्षण प्रतिवेदनमा व्यवस्थापनको प्रत्युत्तर ३९

५. वित्तीय अवस्थाको विवरण ४१

६. नाफा/नोक्सान विवरण ४२

७. केन्द्रीय हिसाब ४५

८. लेखा सम्बम्धी टिप्पणीहरु ५०

९. एकीकृत नाफा नोक्सान विवरण ७७

१०. एकीकृत वित्तीय अवस्थाको विवरण ७८

११. कोषद्वारा संचालित कार्यक्रम/योजनाहरुको वित्तीय विवरणहरु ८४

१२. सारांश विवरण १६१

१३. चार्टहरु १६२

STOCK SESSIONS
INVEST SMARTER, NOT HARDER

नोट:

STOCK SESSIONS
INVEST SMARTER, NOT HARDER

STOCK SESSIONS
INVEST SMARTER, NOT HARDER

नागरिक लगानी कोषको ३०औं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत प्रतिवेदन
आर्थिक वर्ष २०८०/८१

आदरणीय शेयरधनी महानुभावहरू तथा आमन्त्रित अतिथिज्यूहरू,

सर्वप्रथम नागरिक लगानी कोषको ३०औं वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरु, विभिन्न निकायबाट पाल्नु भएका प्रतिनिधिज्यूहरु, कोषका बाह्य लेखापरीक्षकज्यूहरु, आमन्त्रित अतिथिज्यूहरु, कोषका कर्मचारी मित्रहरु, पत्रकार बन्धुहरु एवम् सम्पूर्ण सहभागी महानुभावहरुलाई संचालक समितिको तर्फबाट एवम् मेरो व्यक्तिगत तर्फबाट समेत हार्दिक स्वागत गर्दछु । यस अवसरमा नागरिक लगानी कोषप्रति यहाँहरुबाट निरन्तर रुपमा प्राप्त भएको सहयोग र सद्भावका लागि हार्दिक आभारसमेत व्यक्त गर्दछु । यहाँहरुको उपस्थितिमा कोषको ३०औं वार्षिक साधारणसभा निर्धारित समय भित्रै आयोजना गर्न पाउँदा हर्ष महसुस भईरहेको छ । आजको यस गरिमामय साधारण सभामा कोष संचालक समितिको तर्फबाट विश्व अर्थतन्त्रको अवस्था, नेपालको मुद्रा तथा पुँजीबजारको अवस्था, राष्ट्रिय अर्थतन्त्रमा कोषको भुमिका तथा कोषको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन तथा चालु आ.व.को हालसम्म कोषले सम्पादन गरेका प्रमुख कार्यको समीक्षा एवम् भावी कार्यक्रम लगायतका बिषयहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. विश्व अर्थतन्त्रको अवस्था

विगत केही वर्ष यताको भूराजनीतिक तनाव, जलवायु परिवर्तन, प्राकृतिक प्रकोपलगायतका कारण बिश्वको आर्थिक वृद्धिदर न्यून भएको छ। रुस-युक्रेन र मध्यपूर्वका मुलुकमा जारी द्वन्द्व र केही मुलुकले खाद्यान्न निर्यातमा लगाएको प्रतिबन्धका कारण इन्धन र खाद्यवस्तुको मूल्यमा उतारचढाव आईरहेको छ । यसको असर स्वरुप पेट्रोलियम पदार्थ, औद्योगिक कच्चा पदार्थ र खाद्यवस्तुको मूल्यमा वृद्धि भएको एवं विश्वकै व्यापार गतिविधि तथा पुँजी प्रवाह प्रभावित भएको छ । अन्तर्राष्ट्रिय मुद्राकोष (IMF) द्वारा सन् २०२४ अक्टोबरमा प्रकाशित World Economic Outlook (WEO) अनुसार सन् २०२२ मा विश्वको आर्थिक वृद्धिदर ३.६ प्रतिशत रहेकोमा सन् २०२३ मा ३.३ प्रतिशत रहेको छ । सन् २०२४ र सन् २०२५ मा यस्तो वृद्धिदर ३.२ प्रतिशत रहने मुद्रा कोषको प्रक्षेपण रहेको छ ।

विकसित अर्थतन्त्रहरुको समग्र आर्थिक वृद्धिदर सन् २०२३ मा १.७ प्रतिशत रहेकोमा सन् २०२४ मा १.८ प्रतिशत हुने मुद्राकोषको प्रक्षेपण छ। उदीयमान र विकासोन्मुख अर्थतन्त्रहरुको आर्थिक वृद्धिदर सन् २०२३ मा ४.४ प्रतिशत रहेकोमा सन् २०२४ मा ४.२ प्रतिशत रहने प्रक्षेपण छ। उदीयमान तथा विकासोन्मुख एशियाली अर्थतन्त्रहरुको आर्थिक वृद्धिदर सन् २०२३ मा ५.७ प्रतिशत रहेकोमा सन् २०२४ मा ५.३ प्रतिशत हुने प्रक्षेपण छ। सन् २०२३ मा भारतको आर्थिक वृद्धिदर ८.२ प्रतिशत रहेकोमा सन् २०२४ मा ७.० प्रतिशत रहने प्रक्षेपण छ । त्यसै गरी, चीनको आर्थिक वृद्धिदर सन् २०२३ मा ५.२ प्रतिशत रहेकोमा सन् २०२४ मा ४.८ प्रतिशत हुने मुद्राकोषको प्रक्षेपण छ । सन् २०२३ मा ०.८ प्रतिशतले वृद्धि भएको वस्तु तथा सेवाको विश्व व्यापार सन् २०२४ मा ३.१ प्रतिशतले बिस्तार हुने मुद्राकोषको प्रक्षेपण छ । विश्व व्यापी मुद्रास्फीतिमा क्रमिक सुधार हुँदै गएको छ । विश्व अर्थतन्त्रको मुद्रास्फीति सन् २०२३ मा ६.७ प्रतिशत रहेकोमा सन् २०२४ मा ५.८ प्रतिशत रहने मुद्रा कोषको प्रक्षेपण रहेको छ । सन् २०२३ मा उपभोक्ता मुद्रास्फीति विकसित अर्थतन्त्रहरुमा ४.६ प्रतिशत र उदीयमान तथा विकासोन्मुख अर्थतन्त्रहरुमा ८.१ प्रतिशत कायम रहेको छ । सन् २०२४ मा मुद्रास्फीति

विकसित अर्थतन्त्रहरुमा २.६ प्रतिशत र उदीयमान तथा विकासोन्मुख अर्थतन्त्रहरुमा ७.९ प्रतिशत रहने मुद्रा कोषको प्रक्षेपण छ ।

२. राष्ट्रिय अर्थतन्त्रको अवस्था

विश्व अर्थतन्त्रमा आएको परिवर्तनको प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव नेपाली अर्थतन्त्रमा पनि पर्ने गरेको छ । समष्टिगत आर्थिक स्थितिको दृष्टिकोणले चालु आ. व. मा नेपालको अर्थतन्त्र मिश्रित प्रकृतिको रहेको छ । आर्थिक वर्ष २०७९/८० मा आर्थिक वृद्धिदर उपभोक्ताको मूल्यमा १.९५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा यस्तो आर्थिक वृद्धिदर ३.८७ प्रतिशत रहेको राष्ट्रिय तथ्याङ्क कार्यालयको अनुमान रहेको छ । बाह्य क्षेत्रमा सुधार भई विदेशी विनिमय सञ्चिति सहज भएको तथा मुद्रास्फीति नियन्त्रणमा रहेको छ । तर, समयमा नै अपेक्षित रुपमा पुँजीगत खर्च हुन नसक्नु, आर्थिक गतिविधिहरु अपेक्षित रुपमा चलायमान नहुनु र ब्याजदरमा उल्लेख्य कमी आउँदा समेत निजीक्षेत्रबाट अपेक्षित मात्रामा कर्जाको माग नभएका कारणले अर्थतन्त्र दवावमा रहेको छ । आन्तरिक मागको कमीले आर्थिक शिथिलता कायमै रहेकोले कर्जा असुलीमा कमी आई बैंक तथा वित्तीय संस्थाहरुको निष्क्रिय कर्जा अनुपात बढेको छ ।

क) वैदेशिक व्यापार

आर्थिक वर्ष २०८०/८१ मा कुल वस्तु निर्यातमा ३.० प्रतिशतले कमि आएको छ । अघिल्लो वर्ष यस्तो निर्यात २१.४ प्रतिशतले घटेको थियो । गन्तव्यका आधारमा भारत तथा अन्य मुलुकतर्फ भएको निर्यात क्रमशः ३.३ प्रतिशत र ४.३ प्रतिशतले घटेको छ भने चीनतर्फ भएको निर्यात ४६.६ प्रतिशतले वृद्धि भएको छ । पाम तेल, सोयाविन तेल, ऊनी गलैँचा, ब्रान्स, जुटका सामानलगायतका वस्तुको निर्यात घटेको छ । समीक्षा वर्षमा कुल वस्तु आयातमा १.२ प्रतिशतले कमी आएको छ । अघिल्लो वर्ष यस्तो आयात १६.१ प्रतिशतले घटेको थियो । वस्तु आयात गरिने मुलुकका आधारमा भारत तथा अन्य मुलुकबाट भएको आयात क्रमशः ३.० प्रतिशत र १७.६ प्रतिशतले घटेको छ भने चीनबाट भएको आयात ३४.२ प्रतिशतले वृद्धि भएको छ । समीक्षा वर्षमा कुल वस्तु ब्यापार घाटा १.० प्रतिशतले कमी आई रु. १४ खर्ब ४० अर्ब ६० करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो घाटा १५.५ प्रतिशतले घटेको थियो । समीक्षा वर्षमा निर्यात-आयात अनुपात १:१०.४ प्रतिशत पुगेको छ । अघिल्लो वर्ष यस्तो अनुपात १:१०.३१ प्रतिशत रहेको थियो ।

ख) विप्रेषण आप्रवाह

आर्थिक वर्ष २०८०/८१ मा विप्रेषण आप्रवाह १६.५ प्रतिशतले वृद्धि भई रु. १४ खर्ब ४५ अर्ब ३२ करोड पुगेको छ । अघिल्लो वर्ष विप्रेषण आप्रवाह २३.२ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति लिने नेपालीको संख्या ४,६०,१०३ र पुनः श्रम स्वीकृति लिनेको संख्या २,८१,१९९ रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमशः ४,९७,७०४ र २,७७,२७२ रहेको थियो । आर्थिक वर्ष २०८०/८१ मा कुल पर्यटक आगमन संख्यामा उल्लेख्य वृद्धि भएको छ । समीक्षा वर्षमा आगमन पर्यटक संख्या ११,२८,२८४ रहेको छ । आर्थिक वर्ष २०७९/८० मा उक्त संख्या ८,६२,९९२ रहेको थियो ।

ग) मुद्रा तथा पुँजीबजारको अवस्था

आर्थिक वर्ष २०८०/८१ मा औसत उपभोक्ता मुद्रास्फीति ५.४४ प्रतिशत रहेको छ । अघिल्लो वर्ष वार्षिक औसत मुद्रास्फीति ७.७४ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०८०/८१ मा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप १३.० प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो निक्षेप १२.३ प्रतिशतले बढेको थियो । त्यसैगरी, आर्थिक

वर्ष २०८०/८१ मा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ५.८ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो कर्जा ३.८ प्रतिशतले बढेको थियो ।

२०८० असारको तुलनामा २०८१ असारमा अल्पकालीन ब्याजदरहरु घटेका छन् । २०८० असारमा ९१ दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर ६.३५ प्रतिशत रहेकोमा २०८१ असारमा ३.०० प्रतिशत कायम भएको छ । २०८१ असारमा वाणिज्य बैंकहरुको औसत आधार दर ८.०० प्रतिशत, विकास बैंकहरुको ९.७१ प्रतिशत र वित्त कम्पनीहरुको ११.२१ प्रतिशत रहेको छ । २०८० असारमा औसत आधार दरहरु वाणिज्य बैंकहरुको १०.०३ प्रतिशत, विकास बैंकहरुको १२.१५ प्रतिशत र वित्त कम्पनीहरुको १३.४१ प्रतिशत रहेका थिए । २०८१ असारमा निक्षेपको भारित औसत ब्याजदर वाणिज्य बैंकहरुको ५.७७ प्रतिशत, विकास बैंकहरुको ६.६३ प्रतिशत र वित्त कम्पनीहरुको ७.९३ प्रतिशत रहेको छ । २०८० असारमा निक्षेपको भारित औसत ब्याजदर वाणिज्य बैंकहरुको ७.८६ प्रतिशत, विकास बैंकहरुको ९.१४ प्रतिशत र वित्त कम्पनीहरुको ९.७९ प्रतिशत रहेका थिए । २०८१ असारमा कर्जाको भारित औसत ब्याजदर वाणिज्य बैंकहरुको ९.९३ प्रतिशत, विकास बैंकहरुको ११.३४ प्रतिशत र वित्त कम्पनीहरुको १२.५५ प्रतिशत कायम भएको छ । २०८० असारमा वाणिज्य बैंकहरुको कर्जाको भारित औसत ब्याजदर १२.३० प्रतिशत, विकास बैंकहरुको १४.१० प्रतिशत र वित्त कम्पनीहरुको १४.८२ प्रतिशत रहेका थियो । आर्थिक वर्ष २०७९/८० मा बाणिज्य वैंकहरुको निक्षेप तथा कर्जाको औसत भारित ब्याजदर क्रमशः ७.८६ र १२.३० प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८०/८१ को आषाढमा यस्तो व्याजदर क्रमशः ५.७७ र ९.९३ प्रतिशत कायम रहन गएको छ । आर्थिक वर्ष २०८०/८१ मा विस्तृत मुद्राप्रदाय १३.० प्रतिशतले बढेको र संकुचित मुद्राप्रदाय १.३ प्रतिशतले घटेको छ । बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप १३.० प्रतिशतले र निजी क्षेत्रमा प्रवाहित कर्जा ५.८ प्रतिशतले बढेको छ । बैंक तथा वित्तीय संस्थाहरुको निष्क्रिय कर्जा अनुपात २०८० असारमा ३.०२ प्रतिशत रहेकोमा २०८१ आषाढमा ३.८६ प्रतिशत रही २०८१ असोजमा ४.४२ प्रतिशत पुगेको छ ।

पुँजीबजारतर्फ नेप्से परिसूचक आर्थिक वर्ष २०७९/८० को अन्त्यमा २०९७.०९ विन्दुमा रहेकोमा २०८०/८१ को अन्त्यमा २३१०.५९ कायम भएको छ । आर्थिक वर्ष २०७९/८० को अन्त्यसम्ममा बजार पुँजीकरण रु. ३० खर्ब ८२ अर्ब ५२ करोड रहेकोमा आर्थिक वर्ष २०८०/८१ को अन्त्यसम्ममा बजार पुँजीकरण रु. ३६ खर्ब ६६ अर्ब २३ करोड पुगेको छ । गत वर्षको तुलनामा यो वर्ष बजार पुँजिकरण १८.९३ प्रतिशतले वृद्धि भएको देखिन्छ ।

मुद्रा तथा पुँजीबजारको अवस्था

क्र.स.	विवरण	आर्थिक वर्ष २०७९/८०	आर्थिक वर्ष २०८०/८१
१.	बाणिज्य बैंकहरुको भारित औसत व्याजदर (निक्षेप)	७.८६	५.७७
२.	बाणिज्य बैंकहरुको भारित औसत व्याजदर (कर्जा)	१२.३०	९.९३
३.	नेप्से परिसुचक (NEPSE Index)	२०९७.०९	२३१०.५९
४.	बजार पूंजीकरण *(रकम रू. अर्बमा)*	३०८२.५२	३६६६.२३

स्रोतः नेपाल राष्ट्र बैंक तथा नेपाल स्टक एक्सचेञ्ज लि.

३. राष्ट्रिय अर्थतन्त्रमा कोषको भुमिका

नागरिक लगानी कोषले सामाजिक सुरक्षाका कार्यक्रमसहित बचत परिचालन, दक्ष लगानी व्यवस्थापन र पुँजीबजार विकासका लागि विभिन्न कार्यहरु संचालन गरी मुलुकको आर्थिक विकासको दिशामा एक अग्रणी गैर बैंकिङ्ग वित्तीय संस्थाको रुपमा महत्वपुर्ण भूमिका निर्वाह गर्दै आएको छ । यस सन्दर्भमा कोषको बचत परिचालन, लगानी व्यवस्थापन र पुँजीबजार सम्बन्धी गतिविधिले अर्थतन्त्रको बिकासमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा योगदान पुऱ्याउँदै आएको छ ।

नागरिक लगानी कोष ऐन, २०४७ को मूलभूत उद्देश्य अनुरुप कोषले सर्वसाधारणहरुलाई बचत गर्न प्रोत्साहित गर्ने, विभिन्न बचत कार्यक्रममार्फत बचत संकलन गर्ने तथा संकलित रकमलाई उपयुक्त क्षेत्रमा लगानी गरी अर्थतन्त्रमा योगदान गर्दै आएको छ । यी कार्यक्रमहरुको सञ्चालनबाट संकलित पुँजीलाई उत्पादनमूलक क्षेत्रमा लगानी गरी पुँजी निर्माण तथा रोजगारी सृजनामार्फत अर्थतन्त्रमा थप योगदान दिन सक्ने प्रशस्त सम्भावना रहेको छ । कोषको लगानी राष्ट्रिय प्राथमिकताका आयोजनामा विस्तार हुनु, समय समयमा बैंक तथा वित्तीय संस्थामा देखिने तरलताको संकटलाई न्यूनीकरण गर्न सहयोगीको भूमिका खेल्नु र पुँजी बजारको विकासका लागि शेयर निष्काशन, प्रत्याभूति, शेयर रजिष्ट्रार तथा बिक्री प्रबन्धकको भूमिका निर्वाह गर्नु र दोस्रो बजारमा समेत कारोबार विस्तार गरी पुँजी निर्माण गर्ने कार्यमा कोषले योगदान पुऱ्याई रहेको छ । यसैगरी आफ्नो सहायक कम्पनी नागरिक स्टक डिलरमार्फत समेत कोषले पूँजीबजारमा सकृय भूमिका निर्वाह गरेको छ ।

आदरणीय शेयरधनी महानुभावहरू,

अव म यहाँहरु समक्ष कोषका गतिविधि एवम् क्रियाकलाप तथा आ.व. २०८०।८१ को कारोबारको विवरण संक्षिप्त रुपमा प्रस्तुत गर्दछु ।

४. कोषका गतिविधि एवम् क्रियाकलापहरूको सक्षिप्त स्थिति

कोषका गतिविधि तथा क्रियाकलापहरु कोषको दोस्रो दीर्घकालीन रणनीतिक योजना (२०७८/७९-२०८२/८३) ले निर्दिष्ट गरेका लक्ष्य तथा उद्देश्य अनुसार चारवटा मूल स्तम्भहरु (बचत कार्यक्रम, लगानी व्यवस्थापन, पूँजीबजार सेवा र सेवानिवृत कोष तथा सामाजिक सुरक्षाका कार्यक्रमहरु) का आधारमा सञ्चालन हुँदै आएका छन । सञ्चालन तथा व्यवस्थापन भएका विभिन्न कार्यक्रमहरुबाट समीक्षा अवधिमा कोषले हासिल गरेको प्रगतिलाई देहाय वमोजिम उल्लेख गरेको छु ।

४.१. कोष परिचालन

कोषले सञ्चालन गरेका विभिन्न बचत कार्यक्रमहरुबाट आ.व.२०७९/८० मा संकलित रकम रु. २ खर्ब २ अर्ब ७ करोड रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा यस्तो रकम १२.१९ प्रतिशतले वृद्धि भई रु. २ खर्ब २६ अर्ब ८३ करोड भएको छ । आर्थिक वर्ष २०८१/८२ को असोज मसान्तसम्म संकलित कोष रकम रु. २ खर्व ४२ अर्ब १५ करोड पुगेको छ ।

कोष परिचालनको स्थिति

(रकम रू. करोडमा)

क्र.सं.	विवरण	आर्थिक वर्ष २०७९/८०	आर्थिक वर्ष २०८०/८१	बृद्धि प्रतिशत
१.	कर्मचारी बचत वृद्धि स्वीकृत अवकाश कोष	१४,७५९.८६	१६,७८२.७५	१३.७०
२.	नागरिक एकांक योजना	१३०.७८	१,७००.०१	३०.००
३.	उपदान कोष योजना	३,४८०.३६	३,७८१.१३	८.६४
४.	लगानीकर्ता हिसाब योजना	९११.२३	१,०२०.८४	१२.०३
५.	राष्ट्रसेवक बीमा कोष योजनाहरू	८९४.८७	८८८.७३	-२.१९*
६.	नेपाल कृषि अनुसन्धान परिषद बीमा कोष	१३.७९	१५.०१	८.८५
७.	नागरिक पेन्सन योजना	१६.१४	२४.६६	५२.७१
खुद कोष		**२०,२०७.०३**	**२२,६८३.१३**	**१२.१९**

**२०७५ श्रावण १ पश्चात् राष्ट्रसेवक कर्मचारीहरुको सावधिक जीवन बीमा राष्ट्रिय बीमा संस्थानमा गर्ने नेपाल सरकारको निर्णयानुसार विगतमा जम्मा भएको बीमा कोषको रकम क्रमशः राष्ट्रसेवक कर्मचारीहरुको अवकाश पश्चात् भुक्तानी भएको छ ।*

कोषद्वारा सञ्चालित कार्यक्रमहरु मार्फत कोषको दायरा विस्तार गरी राष्ट्रिय बचतमा अभिवृद्धि गराउन तथा सार्वजनिक एवम् निजी संस्थाले बहन गर्नुपर्ने कर्मचारीहरुसँग सम्बन्धित दायित्व व्यवस्थापनमा कोषले सहयोग पुऱ्याई महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

४.२ लगानी व्यवस्थापन

कोषको लगानीलाई सुरक्षित, प्रतिफलमूखी र विविधीकरण गर्दै लैजाने सन्दर्भमा लगानी नीति, २०७५ अन्तर्गत रही मुद्दती निक्षेप, सरकारी ऋणपत्र, संगठीत संस्थाको धितोपत्र, समयकालीन कर्जा र सहभागी सापटी तथा आवास कर्जामा समेत लगानी गर्ने गरिएको छ । कोषको शेयर पुँजी, जगेडा रकम तथा विभिन्न कार्यक्रमहरुबाट संकलित रकम मध्ये आर्थिक वर्ष २०७९/८० मा रु. २ खर्ब २४ अर्व ८५ करोड ६४ लाख लगानी भएकोमा आर्थिक वर्ष २०८०/८१ मा १०.५२ प्रतिशतले वृद्धि भई लगानी रकम रु. २ खर्ब ४८ अर्व ५१ करोड ५० लाख पुगेको छ ।

लगानी व्यवस्थापन

(रकम रू. करोडमा)

क्र. सं.	लगानी संरचना	आर्थिक वर्ष २०७९/८०	आर्थिक वर्ष २०८०/८१	वृद्धि प्रतिशत
१.	नेपाल सरकारको ऋणपत्र	५०.००	५०.००	०.००
२.	बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप	११,८५४.९२	१२,९५०.१५	९.२३
३.	परियोजना/समयकालीन कर्जा	२,३२६.५०	२,५०२.७०	७.५७
४.	संगठीत संस्थाको शेयर/धितोपत्र	२,९२५.१३	३,६५५.८८	२४.९८
५.	सहायक कम्पनीमा लगानी	२७२.४६	२७२.४६	०.००
६.	सहभागी सापटी/आवास कर्जा	५,०५६.६४	५,४२०.३१	७.१९
	कूल लगानी	**२२,४८५.६४**	**२४,८५१.५०**	**१०.५२**

कोषले लगानी नीति, २०७५ को परिधिभित्र रही लगानीका क्षेत्र र अवसरहरुको पहिचान तथा जोखिम विश्लेषण गरी लगानी गर्दै आएको छ । न्यून जोखिम भएका क्षेत्रहरुमा लगानी केन्द्रीकृत भए अनुसार अझै पनि बैंक तथा वित्तीय संस्थाको मुद्दती निक्षेपमा लगानीको अंश अधिक रहेको छ । लगानीको वातावरणमा सुधार हुँदै आएमा आगामी दिनमा लगानीलाई विविधीकरण गरी सरकारको प्राथमिकतामा रहेका पूर्वाधार निर्माणका क्षेत्र एवं उत्पादनशील क्षेत्रमा लगानी विस्तार गर्दै लगिने छ ।

४.३ पुँजीबजार सेवा

कोषको पुँजीबजार सेवाअन्तर्गत आर्थिक वर्ष २०७९/८० मा रु. ६ अर्ब ७३ करोड २५ लाख बराबरको शेयर प्रत्याभूति र रु. ५ अर्व ३१ करोड ३७ लाख बरावरको शेयर रजिष्ट्रार सेवा प्रदान गरिएकोमा आर्थिक वर्ष २०८०/८१ मा रु. ९ अर्ब ३६ करोड १० लाख बराबरको शेयर प्रत्याभूति र रु. ६ अर्ब ५ करोड ७६ लाख बरावरको शेयर रजिष्ट्रार सेवा प्रदान गरिएको छ । सो सेवा प्रदान गरेबापत कोषले रु. ४ करोड ३६ लाख आम्दानी प्राप्त गरेको छ ।

५. आर्थिक वर्ष २०८०/८१ मा कोषले आर्जन गरेको मुनाफा तथा उक्त मुनाफाको बाँडफाँड स्थिति देहाय बमोजिम रहेको छ ।

५.१. नाफा/नोक्सान हिसाब

कोषको केन्द्रीय हिसाबतर्फ आर्थिक वर्ष २०७९/८० मा कुल आम्दानी रु. १ अर्ब ९४ करोड १८ लाख भएकोमा सञ्चालन र अन्य खर्च कटाई कर पछिको खुद मुनाफा रु. १ अर्व २२ करोड ३६ लाख भएको छ । आर्थिक वर्ष २०८०/८१ मा रु. २ अर्ब ७ करोड ६४ लाख कूल आम्दानी भएकोमा संचालन र अन्य खर्च कटाई कर पछिको खुद मुनाफा रु. १ अर्व १५ करोड ८७ लाख रहेको छ । आर्थिक वर्ष २०७९/८० को तुलनामा आर्थिक वर्ष २०८०/८१ मा कर अघिको खुद मुनाफामा ११.७६ प्रतिशतले वृद्धि भएको छ ।

नाफा/नोक्सान हिसाब

(रकम रू. करोडमा)

क्र.सं.	विवरण	आर्थिक वर्ष २०७९/८०	आर्थिक वर्ष २०८०/८१	वृद्धि/न्यून प्रतिशत
१.	कूल आय	१९४.१८	२०७.६४	६.९३
२.	कूल खर्च	५४.५८	५१.६२	-५.४२
३.	खुद नाफा (कर अघि)	१३९.६०	१५६.०२	११.७६
४.	आयकर	३२.४५	४०.५१	२४.८४
५.	स्थगन कर खर्च (आम्दानी)	(१५.२१)	(०.३७)	-९७.५७
६.	**कर पछिको नाफा**	**१२२.३६**	**११५.८७**	**-५.३०**

५.२. नाफा-नोक्सान बाँडफाँडको स्थिति

कोषको आर्थिक वर्ष २०८०/८१ को कर पछिको खुद नाफा रु. १ अर्ब १५ करोड ८७ लाख रहेकोमा उक्त रकमबाट नागरिक लगानी कोष ऐन, २०४७ को दफा ४० र ४१ मा भएको व्यवस्था अनुसार रु. २८ करोड ९६ लाख साधारण जगेडा कोषमा राखी बाँडफाँड योग्य रकम रु. ८६ करोड ९० लाखबाट आर्थिक वर्ष २०८०/८१ मा ७ प्रतिशत बोनस शेयर र ६ प्रतिशत नगद लाभांश गरी जम्मा १३ प्रतिशत (लाभांश कर समेत) लाभांश वितरण गर्न संचालक समितिको मिति २०८१।०९।०७ मा बसेको ८३२औं बैठकको निर्णयानुसार प्रस्ताव गरिएको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछु ।

६. आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ को प्रथम त्रैमाससम्म कोषले गरेका गतिविधि तथा क्रियाकलापहरू

आदरणीय शेयरधनी महानुभावहरू,

आर्थिक वर्ष २०८०/८१ मा कोषमा कर्मचारी बचत वृद्धि स्वीकृत अवकाश कोष कार्यक्रम, पेन्सन/उपदान कोष योजना, लगानीकर्ता हिसाब योजना, नागरिक एकांक योजना, राष्ट्रसेवक कर्मचारीको बीमा कोष योजना, नागरिक पेन्सन योजना तथा पुँजी बजार सम्बन्धी सेवालाई निरन्तर रुपमा सञ्चालन गरिएको छ ।

६.१ बचत परिचालन

कोषले सञ्चालन गरेको विभिन्न बचत कार्यक्रमहरुबाट आर्थिक वर्ष २०८०/८१ मा रु.२ खर्ब ४९ अर्ब ८ करोड खुद कोष संकलन भएकोमा आर्थिक वर्ष २०८१/८२ को असोज मसान्तसम्ममा बचत परिचालन मौज्दात (जगेडा समेत) रकम रु २ खर्ब ६१ अर्ब २ करोड पुगेको छ ।

६.२ नागरिक पेन्सन योजना

नयाँ कार्यक्रमको रुपमा कोषले सञ्चालन गरेको नागरिक पेन्सन योजना कार्यक्रमले स्वरोजगारमा रहेका र वैदेशिक रोजगारमा रहेका नागरिकहरुलाई पनि नागरिक पेन्सन योजनामा समावेश गरी सामाजिक सुरक्षा प्रदान गर्ने तथा सहभागीहरुलाई विविध प्रकारका सेवा तथा सुविधाद्वारा आकर्षित गराउने उद्देश्य राखी आफ्ना क्रियाकलापहरु सञ्चालन गरिरहेको छ । आर्थिक वर्ष २०८०/८१ को आषाढ मसान्तमा नागरिक पेन्सन

योजनाका सहभागी ६ हजार ५ सय २५ जना सदस्यमार्फत रु. २४ करोड ६४ लाख ३३ हजार बचत संकलन भएकोमा आर्थिक वर्ष २०८१/८२ को असोज मसान्तसम्ममा सहभागी संख्या ७ हजार १ सय ५ जना र बचत संकलन रकम रु २७ करोड ७८ लाख २५ हजार रहेको छ। नागरिक पेन्सन योजना कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न हाल विशेष कार्ययोजना बनाई आवश्यक कार्य अघि बढाईएकोले आगामी दिनमा यस योजनामा उल्लेख्य प्रगति हुने अपेक्षा राखिएको छ।

६.३ लगानी व्यवस्थापन

कोषको शेयर पुँजी, जगेडा रकम तथा विभिन्न कार्यक्रमहरुबाट संकलित रकम मध्ये आर्थिक वर्ष २०८०/८१ मा रु. २ खर्ब ४८ अर्ब ५१ करोड लगानी भएकोमा आर्थिक वर्ष २०८१/८२ को असोज मसान्तमा रु. २ खर्ब ५० अर्ब ९९ करोड लगानी भएको छ।

६.४ पुँजी बजार सेवा

कोषले पुँजी बजारको विकास तथा विस्तारको लागि हालसम्म विभिन्न संगठीत संस्थाहरुको संस्थापक र साधारण शेयरको प्राथमिक निष्काशनका लागि बिक्री प्रबन्धकको कार्यसमेत गर्ने गरेको छ। यसैगरी कोषले विभिन्न संस्थाबाट निष्काशन गरिएका शेयरहरुको प्रत्याभूति गर्ने, दोस्रो बजारबाट शेयर खरिद बिक्रीको कार्यलाई नियमित रुपमा सञ्चालन गरी मुनाफा आर्जन गरिरहेको छ। हाल दोश्रो बजारमा रहेको तीव्र उतारचढावका कारण श्रृजित जोखिमलाई ध्यानमा राखी थप संयमतापूर्वक कोषले दोस्रो बजार कारोबार गरिरहेको छ।

६.५ समस्याग्रस्त बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप असुली

कोषले विगतमा मुद्दती निक्षेपमा लगानी गरेका समस्याग्रस्त अवस्थामा रहेका संस्था मध्ये केही संस्था लिक्वीडेसनको प्रक्रियामा रहेका र केही संस्थाहरू समस्याग्रस्त संस्था कै रूपमा रहेकोले रकम असुल गर्न कठिनाई भइरहेको छ। समस्याग्रस्त वित्तीय संस्थामा रहेको कोषको निक्षेप मध्ये मिति २०८१/०५/२५ मा रु. २३ करोड ८० लाख असुली गरिएको छ भने बाँकी रकम असुल उपर गर्न निरन्तर रुपमा प्रयास भइरहेको र केही संस्थामा रहेको त्यस्तो रकम निकट भविष्यमा असुली हुन सक्ने देखिएको छ।

६.६ बैंक रिकन्सिलेसन सम्बन्धमा

आर्थिक वर्ष २०८१/८२ को बैंक रिकन्सिलेसन कार्य नियमित रुपमा भइरहेको छ। विगत आर्थिक वर्षको बाँकी रहेको बैंक रिकन्सिलेसन गर्न बिशेष कार्यदल बनाई कार्य गरिने योजना अगाडि बढाईएको छ। राष्ट्रसेवक कर्मचारीहरुले कोषमा जम्मा गर्नुपर्ने रकम नेपाल सरकारको Central Government Accounting System (CGAS) मार्फत जम्मा हुने भएकोले अधिकांश कोष संकलनको कारोबार तत्काल बैंक रिकन्सिलेसन हुने व्यवस्था गरिएको छ भने अन्य संघ संस्थाहरुको फाँटवारी तथा रकम दाखिला Online प्रणालीबाट हुने व्यवस्था समेत मिलाईएको छ। यी कार्यहरुबाट आगामी दिनमा बैंक रिकन्सिलेसन सम्बन्धी कार्यमा उल्लेख्य सुधार हुने विश्वास लिइएको छ।

६.७ सुचना प्रविधि

कोषद्वारा संचालित सम्पूर्ण कार्यक्रमहरुमा NLK-Web Based Software लागू गरिएको छ। सफ्टवेयरको प्रयोगका लागि आवश्यक अन्य उपकरणहरु समेत प्रणालीमा जडान गरिएको छ। Disaster Recovery Site मा

Data Replication लाई व्यवस्थित गर्न Storage को क्षमता वृद्धिका लागि उपकरण खरिद गरी जडानको प्रकृयामा रहेको छ । यसबाट Data सुरक्षा सम्बन्धी जोखिम न्यूनिकरण हुनेछ । हाल कोषको सूचना प्रणालीको सुरक्षाका लागि Failover Site लाई थप ब्यवस्थित गरिएको र Data Center स्थापना गरी कार्यान्वयनमा ल्याईएको छ । AML/CFT को आवश्यकता पूरा हुने हिसाबले सहभागीहरुको KYC विद्युतीय माध्यमबाट अद्यावधिक गर्ने व्यवस्थाका लागि सफ्टवेयर बनाउने कार्य अन्तिम चरणमा रहेको छ । कोषबाट भुक्तानी लिने सम्पूर्ण सहभागीहरुलाई Online प्रणालीमार्फत निजहरुकै बैंक खातामा रकम पठाउने व्यवस्था समेत कार्यान्वयनमा ल्याईएको छ ।

६.८ लेखापरीक्षण कार्य

कोषको आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण कार्य सम्पन्न गरी महालेखापरीक्षकबाट प्रतिवेदन प्राप्त भई साधारणसभाबाट पारित गर्न प्रस्ताव गरिएको छ । कोषको आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण कार्य सम्पन्न गर्न महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षकहरु नियुक्त हुने हुँदा निर्धारित समय भित्र साधारणसभा सम्पन्न गर्ने गरी कार्य प्रक्रिया अगाडि बढाईएको छ ।

६.९ सामाजिक उत्तरदायित्व सम्बन्धमा

कोषले सामाजिक उत्तरदायित्वका विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । कोषले आर्थिक वर्ष २०८०/८१ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न संघ संस्थाहरुलाई कुल रु. ७ लाख ५० हजार बराबरको सहयोग गरेको छ । आगामी दिनमा पनि सामाजिक उत्तरदायित्वका कार्यक्रमहरुलाई प्रभावकारी रुपमा निरन्तरता दिइनेछ ।

६.१० शाखा कार्यालय स्थापना

कोषले हालसम्म पाँचवटा प्रदेशहरुमा शाखा कार्यालय संचालनमा ल्याईसकेकोमा चालु आ.व. २०८१/८२ मा मधेश प्रदेशमा शाखा कार्यालय खोल्ने र बागमती प्रदेशको हेटौंडामा कार्यालयको आवश्यकताका बारेमा अध्ययन गर्ने योजना बनाइएको छ । शाखा कार्यालय भएको स्थानमा कोषको कार्यालय भवन निर्माणका लागि उपयुक्त जग्गा खरिद गर्ने योजनासमेत राखिएको छ । हाल सुदुरपश्चिम प्रदेश कैलाली जिल्लाको अत्तरियामा रहेको शाखा कार्यालयलाई सेवाग्राहीको सहजताको लागि कैलाली जिल्ला कै धनगढीमा स्थानान्तरण गर्ने कार्य अन्तिम चरणमा रहेको छ ।

६.११ नेपाल सरकारको राजश्वमा योगदान

आर्थिक वर्ष २०७९/८० को आर्जित मुनाफामा कोषले नेपाल सरकारलाई राजश्व वापतको रु. ३२ करोड ४४ लाख योगदान गरेकोमा आर्थिक वर्ष २०८०/८१ मा रु. ४० करोड ५१ लाख योगदान गरेको छ ।

७. भावी योजना तथा कार्यक्रम

नागरिक लगानी कोष ऐनले निर्दिष्ट गरेका काम, कर्तव्य र अधिकारको उचित प्रयोगबाट संस्थालाई प्रभावकारी ढंगबाट अगाडि बढाउँदै सहभागी तथा शेयरधनीहरुलाई अधिकतम प्रतिफल तथा गुणस्तरीय सेवा उपलब्ध गराउन निम्नानुसारको भावी योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ ।

७.१ बचत संकलनको दायरा विस्तार

आगामी दिनमा कोषले बचत संकलनको दायरा बिस्तार गर्न कोषद्वारा संचालित बिभिन्न कार्यक्रमहरुमा

सहभागी संख्या वृद्धि गर्न बिभिन्न संघ, संस्था र स्थानीय निकायसँग समन्वय गरी कोषको सेवा तथा कार्यहरुबारे सहभागितामूलक साक्षरता, अन्तर्क्रिया, प्रवर्द्धनात्मक र जानकारीमूलक कार्यक्रमहरु संचालन गर्ने योजना रहेको छ । कोषका सहभागीहरुलाई थप सुबिधा प्रदान गर्न दुर्घटना बीमा, कर्जा र सापटी जस्ता सुविधा बिस्तार गर्ने योजना रहेको छ । साथै, सहभागीलाई स्वास्थ्य/मातृत्व सुरक्षा/सामाजिक कार्यको लागि सुविधा प्रदान गरिनेछ ।

कोषको अन्य कार्यक्रममा नसमेटिएका स्वरोजगार तथा वैदेशिक रोजगारमा रहेका सर्वसाधारणहरुलाई समेट्ने गरी नागरिक पेन्सन योजनालाई प्रवर्द्धन गर्दै लैजाने योजना रहेको छ । हालसम्म यस योजना प्रति सर्वसाधारणको आकर्षण देखिएता पनि विविध कारणबस प्रवर्द्धनात्मक कार्यहरु यथेष्ट मात्रामा हुन नसकेको एवम् सहभागीहरुको संख्या अपेक्षित रुपमा वृद्धि हुन नसकेकोले यस कार्यक्रमका लागि विशेष योजनासहित थप प्रवर्द्धनात्मक कार्य गरिनेछ ।

७.२ लगानीको क्षेत्र तथा दायरा विस्तार

कोषले नेपाल सरकारका प्राथमिकतामा रहेका परियोजना एवम् क्षेत्रमा लगानी बढाउने, सहभागीहरुलाई प्रदान गर्दै आएको सहभागी कर्जालाई विस्तार गर्ने, शेयर धितो कर्जा प्रदान गर्ने, जोखिमका आधारमा पूर्वाधार निर्माण सम्बन्धी परियोजना विश्लेषण गर्ने, उत्पादनमूलक क्षेत्रको पहिचान गर्ने, सहवित्तीयकरणमा सहभागी हुने, विशिष्टीकृत लगानी कोष (SIF) मा लगानी गर्ने, Private Equity Fund मा लगानी गर्ने, उपयुक्त क्षेत्रका संस्थाहरुको ईक्वीटीमा लगानी गर्ने लगायतका कार्य गरी लगानीको क्षेत्र तथा दायरा क्रमशः विस्तार गर्दै लगिने छ । यसै सन्दर्भमा कोषका शाखा कार्यालयहरूलाई कर्जा लगानीको अधिकार प्रत्यायोजन गरिएको, कोषको लगानी नीति, कर्जा कार्यविधिमा समेत समयानुकुल परिमार्जन गरिएको छ ।

७.३ पुँजी बजार सेवा विस्तार

पुँजी बजारका क्षेत्रमा देखिएको अप्रत्यासित उतारचढावलाई कम गर्न तथा पुँजी बजारमा कोषको भूमिका स्थापित गर्न कोषले आफ्नो सहायक कम्पनीमार्फत समेत कार्य गरिरहेको छ । पुँजीबजारका विभिन्न थप औजारलाई प्रयोगमा ल्याउन कोषले आवश्यक कार्य गर्नेछ । पुँजीबजारमा थप लगानी बिस्तार गर्ने, पुँजीबजारको दोस्रो बजारमा कारोबार वृद्धि गर्ने, सहभागीहरूलाई शेयर धितो कर्जा प्रदान गर्ने, बन्दमुखी सामूहिक कोष सञ्चालनमा ल्याउनेलगायतका कार्य प्राथमिकताका साथ गरिने छ ।

७.४ मानव संसाधन विकास

विगत लामो समयदेखि यथास्थितिमा रहेको कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली संशोधनको कार्य अघि बढाईएको र सो स्वीकृतिको अन्तिम चरणमा रहेकोले निकट भविष्यमै उक्त विनियमावली कार्यान्वयनमा आउने, O&M सर्भे मार्फत संस्थागत संरचना (Organogram) निर्धारण गरी मानव संसाधनको विकास सम्बन्धी कार्यलाई प्राथमिकताका साथ अघि बढाईनेछ । कोषका कर्मचारीहरुलाई कोषले गर्ने कार्यहरुमा सक्षमता तथा प्रभावकारिताका साथ सम्पन्न गर्न कार्यक्षमता अभिवृद्धिको लागि आवश्यकता अनुसार स्वदेश तथा विदेशमा तालिम दिने कार्यलाई निरन्तरता दिईने छ । यसै बिच ग्राहक सेवा प्रभावकारिताका लागि कर्मचारीहरूलाई Customer Service Management सम्बन्धी तालिमसमेत प्रदान गरिएको छ ।

७.५ सूचना प्रविधिको विकास

कोषको कार्यलाई चुस्त दुरुस्त बनाउन एवं हिसाब किताबलाई ब्यवस्थित बनाउन सूचना प्रविधिको प्रयोगलाई प्रभावकारी बनाउने कार्यलाई उच्च प्राथमिकतामा राखिनेछ । कोषले कार्यान्वयनमा ल्याएको

NLK-Web Based Software मा आवश्यक Upgradation गरी प्रभावकारी बनाईनेछ । सहभागीहरूलाई प्रदान गरिने विशेष सापटीका लागि e-service portal मार्फत आवेदन दिन सकिने व्यवस्था मिलाईने छ । कोषको रकम संकलन तथा भुक्तानी प्रणालीलाई e-payment द्वारा व्यवस्थित गर्ने कार्यको दायरा विस्तार गरिनेछ । सहभागीहरुको कारोबारको जानकारी SMS Alert बाट सूचना दिने व्यवस्थालाई थप परिष्कृत गरिने छ। कोषको Disaster Recovery Site लाई थप ब्यवस्थित बनाउने, Disaster Recovery Plan तथा Business Continuity Plan तयार गरिनेछ। कोषको कार्यलाई थप Digitalization गर्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाईने छ । कोषको कार्य प्रभावकारीताका लागि कृत्रिम बौद्धिकता (Artificial Intelligence) को प्रयोग सम्बन्धमा आवश्यक अध्ययन गरिनेछ। कोषको प्रयोगमा रहेका सफ्टवेयर, हार्डवेयर तथा डाटा सुरक्षाका लागि आवश्यक थप कार्य गरिनेछ ।

७.६ कार्यालयहरूको सुदृढीकरण एवं सेवा विस्तार

नयाँ बानेश्वरमा रहेको कोषको जग्गा तथा भवनको उचित सदुपयोगिताका लागि कम्पाउण्ड वाल पुननिर्माण गर्ने, भवनको मर्मत सम्भार गर्ने कार्य गरिनेछ । साथै, शाखा कार्यालयहरुमा आवश्यक पूर्वाधार थप गरी कार्यालयहरुको सेवा प्रवाह क्षमता बिस्तार गरिने छ ।

८. गत वर्षको साधारणसभामा शेयरधनीहरूले उठाउनु भएका विषयहरू

- गत वर्ष सम्पन्न कोषको २९औं साधारणसभामा शेयरधनी महानुभावहरुले उठाउनु भएका मूलभूत विषय, दृष्टिकोण र सुझावहरुको कार्यान्वयनको अवस्था तथा तत्सम्वन्धमा भइरहेको प्रगतिहरु निम्न अनुसार उल्लेख गर्दै साधारण सभामा उठेका बिषयलाई कार्यान्वयन गर्दै लैजाने कार्यलाई प्राथमिकताका साथ अघि बढाईएको ब्यहोरा जानकारी गराउन चाहन्छु ।
- कोषको साधारणसभा समयमै हुनु पर्ने सुझाव प्राप्त भएकोमा कोषले ३०औं वार्षिक साधारणसभा पौष मसान्त भित्रै सम्पन्न गर्न यो सभा आयोजना गरिएको छ ।
- कोषले प्रत्येक वर्ष शेयरधनीलाई राम्रो प्रतिफल दिई पुँजी वृद्धि गर्दै लगेको छ ।
- ठुला पूर्वाधार विकास आयोजनामा लगानी गर्नुपर्ने विषय उठान भएकोमा विभिन्न जलविद्युत परियोजनाहरुमा लगानी गर्ने सम्बन्धमा आवश्यक कार्य अघि बढेको छ ।
- माथिल्लो तामाकोशी जलविद्युत परियोजना र नेपाल वायुसेवा निगममा गरिएको लगानी असुली सम्बन्धमा माथिल्लो तामाकोशी जलबिद्युत परियोजनामा भएको लगानीको किस्ता रकम हाल नियमित असुली भइरहेको छ। नेपाल वायुसेवा निगममा भएको लगानी असुलीका लागि कोषले निरन्तर प्रयास गरिरहेको छ ।
- कम्पनीको शेयर प्रत्याभुति (अन्डरराइटिङ) गर्दा त्यस्ता कम्पनीको वित्तीय विवरण राम्रोसँग हेर्नु पर्ने विषय उठान भएकोमा कोषले कम्पनीको वित्तीय विवरण राम्रोसँग विश्लेषण गरेर मात्र अन्डरराइटिङ गर्ने गरेको छ ।
- कर्मचारी बचत वृद्धि स्वीकृत अवकाश कोष कार्यक्रमअन्तर्गतको करको विषय उठान भएकोमा अवकाश कोषका सहभागीहरुलाई प्राप्त हुने कर छुट रकमको सीमा रु. ३ लाखबाट वृद्धि भई आ. व. २०८१/८२ का लागि रु. ५ लाख भएको छ ।
- कोषको नागरिक पेन्सन योजना, नागरिक एकांक योजना र बीमा कोषले आशा गरे अनुसार कारोबार गर्न नसकेको विषय उठान भएकोमा यी योजनाहरुको दायरा विस्तारका लागि आवश्यक कार्य भईरहेको छ ।

- महालेखापरीक्षकको कार्यालय र स्वतन्त्र लेखापरीक्षकले कैफियतमा उठाएका बुँदाहरुलाई निरन्तर सुधार गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाईएको छ ।
- नयाँ बानेश्वरमा रहेको कोषको जग्गा तथा भवनको उचित सदुपयोगिताका लागि मर्मत तथा कम्पाउण्ड वाल पुननिर्माणका लागि आवश्यक बजेट व्यवस्था गरी कार्य अगाडि बढाईएको छ ।
- कोषको कर्मचारी सेवा शर्त विनियमावली चाँडोभन्दा चाँडो स्वीकृत गरी कर्मचारीलाई उत्प्रेरित गर्नुपर्ने विषय उठान भएकोमा उक्त सेवा शर्त विनियमावली नेपाल सरकारको स्वीकृतिको अन्तिम चरणमा रहेको छ ।
- उपदान कोषमा लिइँदै आएको १५ प्रतिशतको करकट्टी सम्बन्धमा विषय उठान भएकोमा सम्मानित सर्वोच्च अदालतको आदेश बमोजिम करकट्टी रकम सम्बन्धित सहभागीलाई फिर्ता भुक्तानीको कार्य प्रारम्भ भएको छ ।
- व्यवस्थापन खर्च बढ्दै गएको भन्ने सम्बन्धमा मितव्ययी ढंगले खर्च गर्ने कार्यमा व्यवस्थापन संवेदनशील रहेको छ ।
- रिकसिन्लेसन लगायतका समस्या समयमै समाधान गर्नुपर्ने, यसका लागि आवश्यकता अनुसार विशेषज्ञ सेवा लिनुपर्ने विषय उठान भएकोमा यस सम्बन्धमा कार्य अघि बढाईएको छ ।

५. सम्भावना र चुनौतीहरू

कोषको सम्भावना र अवसरहरु एवम् समस्या र चुनौतीहरु निम्न अनुसार रहेको व्यहोरा प्रस्तुत गर्दछु ।

५.१ सम्भावना र अवसर

- नेपाल सरकारको स्वामित्व रही विशेष ऐनबाट स्थापित स्वायत्त संस्था भएको हुँदा कोषप्रति सेवाग्राहीहरुको उच्च विश्वास रहेको,
- कोषद्वारा सञ्चालित कार्यक्रमहरु तथा सेवामा विविधता रहेको हुँदा कोष संकलन रकम क्रमिक रुपमा वृद्धि हुँदै गइरहेको,
- नागरिक लगानी कोष ऐन, २०४७ को संशोधन पश्चात्को व्यवस्था अनुसार कोषले योगदानमा आधारित पेन्सन कार्यक्रम संचालन गर्न सक्ने संस्थाको रुपमा रहेको हुँदा दीर्घकालीन प्रकृतिको बचत र सोही अनुसार को लगानी गर्न सक्ने सम्भावना रहेको,
- पुँजीगत आधार बलियो रहेको Investment Trustee को रुपमा काम गर्ने मुलुकको एक मात्र संस्था,
- पूर्वाधार विकासका लागि सार्वजनिक निजी साझेदारी (पिपिपि) मोडेलमा लगानी गर्न सकिने,
- संचालित योजनाहरुको दायरा विस्तार गर्न सकिने,
- स्वरोजगार तथा वैदेशिक रोजगारमा रहेका श्रमिक/कामदारलाई नागरिक पेन्सन योजनामा समेट्न सकिने,
- उच्चतम प्रविधिको प्रयोग गरी सहभागीहरुलाई गुणस्तरीय सेवा उपलब्ध गराउन सकिने,
- लगानीकर्ता तथा सहभागीहरुको विश्वास आर्जन गरेको संस्था ।

५.२ चुनौतीहरू

- समान प्रकृतिका कार्य गर्ने अन्य संस्थाहरुको उपस्थितीले नागरिक लगानी कोषको फण्ड वृद्धि गर्ने चुनौती रहेको,
- कोषका विद्यमान सहभागीहरु कोष जस्तै प्रकृतिका कार्य गर्ने अन्य संस्थाहरुको उपस्थितीले अन्यत्र जाने

प्रवृत्तिलाई निरुत्साहित गर्ने चुनौती,

- राम्रो मुनाफा सुनिश्चित गर्दै लगानी विविधिकरण गर्न,
- कोषद्वारा प्रवाह हुने सेवालाई डिजिटलाइजेसन गर्न,
- दक्षता र व्यावसायिकता अभिवृद्धि गरी पुँजीबजारमा लगानी वृद्धि गर्न एवम् प्रतिस्पर्धात्मक रुपमा पुँजीबजार सेवा प्रदान गर्न,
- कोषसँग सम्बन्धित कानुनी तथा नीतिगत व्यवस्थामा आवश्यक सुधार गर्न,
- दक्ष जनशक्ती पदपुर्ति गर्न, दक्ष जनशक्ती Retention गर्न, संस्थामा उत्तराधिकार योजना (Succession Plan) र मानव शंसाधन विकास (HR Development) गर्न,
- लगानी जोखिम व्यवस्थापन गर्न (नेपाल वायुसेवा निगमलाई प्रदान गरेको कर्जा तथा समस्याग्रस्त वित्तीय संस्थामा रहेको निक्षेप असुली गर्न समस्या भइरहेको),
- कोषको कार्य प्रकृति अनुसारका दक्ष जनशक्तीको पदपूर्ति एवं क्षमता विकास गर्न,
- पुँजीबजार अन्तर्गतका मर्चेन्ट वैकिङ्ग ब्यवसायमा बढेको प्रतिष्पर्धामा उत्रिन,
- कोषको प्रयोगमा रहेको NLK-Web based Software लाई सबै कारोबार र अन्य निकायसँग Integration हुने गरी Compatible बनाउने,
- सहभागीलाई दिईने प्रतिफल दर तथा शेयरधनीलाई दिने लाभांशलाई उच्च बनाई राख्न ।

कोषमा विद्यमान उपरोक्त सम्भावना तथा अवसरको उपयोग गर्दै समस्या एवम् चुनौतीहरुलाई समाधान गरी लगानीको विविधीकरण गर्दै पूर्वाधार तथा उत्पादनशील क्षेत्रमा लगानी विस्तार गरी कोषलाई नाफामूलक अब्बल संस्था बनाउने प्रयास गर्न संचालक समिति तथा व्यवस्थापन गम्भीर रहेको ब्यहोरा शेयरधनी महानुभावहरुलाई जानकारी गराउँदछु ।

१०. सञ्चालक समितिमा भएको हेरफेर

नेपाल सरकार, अर्थ मन्त्रालयबाट मिति २०८०।०६।०४ मा नियुक्त हुनु भएका विज्ञ संचालक श्री परशुराम कुँवर क्षेत्रीले मिति २०८०।१२।१३ मा दिनु भएको राजिनामा मिति २०८०।१२।२३ मा स्वीकृत भई रिक्त रहेको विज्ञ सदस्यमा नेपाल सरकार, अर्थ मन्त्रालयको मिति २०८१।०३।१६ को पत्र अनुसार श्री हेमन्त राज रमाली नियुक्त भई आउनु भएको व्यहोरा जानकारी गराउँदछु । साथै, राष्ट्रिय जीवन बीमा कम्पनीका तर्फबाट निमित्त प्रमुख कार्यकारी अधिकृत श्री महेश रिमालले मिति २०८० माघ १३ देखि संचालक समितिमा प्रतिनिधित्व गर्दै आउनु भएको ब्यहोरा समेत जानकारी गराउँदछु । पूर्व सञ्चालकहरु श्री कवि प्रसाद पाठक र श्री परशुराम कुँवर क्षेत्रीले कोषको संचालक समितिको सदस्यको रुपमा पुऱ्याउनु भएको योगदानको लागि हार्दिक धन्यवाद् व्यक्त गर्दछु ।

११. धन्यवाद ज्ञापन

कोषलाई समयको गतिसँगै सक्षम, सुदृढ र गतिशील बनाउन शेयरधनी महानुभावहरुबाट निरन्तर रुपमा प्राप्त भइरहेका अमुल्य सहयोग, सद्भाव र सुझावको निमित्त हार्दिक कृतज्ञता तथा धन्यवाद ज्ञापन गर्दछु ।

कोषको प्रगतिमा सदैव सहयोग पुऱ्याउने नेपाल सरकार अर्थ मन्त्रालय, महालेखापरीक्षकको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, राष्ट्रिय जीवन बीमा कम्पनी, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, विभिन्न बैंक

तथा वित्तीय संस्थाहरु, शेयरधनी महानुभावहरु एवम् अन्य सहयोगी संस्थाहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु । कोषलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा मार्गदर्शन र सुझाव प्रदान गर्नु हुने सम्पूर्ण शुभेच्छुक तथा सहभागीहरु प्रति संचालक समिति र मेरो व्यक्तिगत तर्फबाट समेत धन्यवाद दिन चाहन्छु ।

कोषको उन्नति र प्रगतिमा लगनशीलताका साथ कार्य गरिरहनु भएका कोष व्यवस्थापन तथा सम्पूर्ण कर्मचारी मित्रलाई धन्यवाद दिन चाहन्छु । आगामी दिनमा समेत यहाँहरु सबैबाट विगतमा जस्तै निरन्तर सद्भाव र सहयोग प्राप्त हुने एवं कोषको प्रगतिका लागि थप रचनात्मक सहयोग, सद्भाव र सुझाव प्राप्त भइरहने छ भन्ने अपेक्षा समेत गरेको छु । धन्यवाद् !

प्रा.डा. सूर्यबहादुर थापा
अध्यक्ष
सञ्चालक समिति
मितिः २०८१ पौष २९

STOCK SESSIONS
INVEST SMARTER, NOT HARDER

संस्थागत सुशासन सम्बन्धी बार्षिक अनुपालना प्रतिबेदन २०८०/८१

(सुचीकृत संगठीत संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका २०७४ बमोजिम)

सुचीकृत संस्थाको नामः	नागरिक लगानी कोष
ठेगाना, इमेल र वेबसाइट सहितः	नयाँबानेश्वर, काठमाण्डौ, info@nlk.org.np, www.nlk.org.np
फोन न.	०१-५९७०२०१
प्रतिवेदन पेश गरिएको आ.व.:	आ.व २०८०/८१

१. संचालक समिति सम्बन्धी विवरण

क. संचालक समितिको अध्यक्षको नाम तथा नियुक्ति मिति : प्रा.डा.सुर्य बहादुर थापा, २०७९/०३/२१

ख. संस्थाको शेयर संरचना सम्बन्धी बिवरण :

क्र.स	शेयरवालाको नाम	शेयर स्वामित्व (%)
१	नेपाल सरकार	२३.३४
२	राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड	३१.५५
३	नेपाल स्टक एक्सचेन्ज लिमिटेड	१०.००
४	अन्य बैंक तथा वित्तीय संस्थाहरु	१५.११
५	सर्वसाधारण	२०.००
	जम्मा	**१००**

ग. संचालक समिति सम्बन्धी बिवरण

सि. न.	संचालकहरुको नाम तथा ठेगाना	प्रतिनिधित्व भएको समुह	शेयर संख्या	संचालक नियुक्तिको मिति	पद तथा गोपनियताको शपथ लिएको मिति	संचालक नियुक्ति को तरीका(विधि)
१	प्रा.डा.सुर्य बहादुर थापा	नेपाल सरकारबाट नियुक्त		२०७९/०३/२१	२०७९/०३/३०	मनोनित
२	श्री उत्तर कुमार खत्री	प्रतिनिधि, नेपाल सरकार अर्थ मन्त्रालय		२०८०/०२/३२	२०८०/०३/०६	मनोनित
३	श्री महेश रिमाल	नि.प्रमुख कार्यकारी अधिकृत, राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड		२०८०/१०/०२	२०८०/१०/१३	पदेन
४	श्री कृष्ण बहादुर कार्की	महाप्रबन्धक, नेपाल स्टक एक्चेन्ज लिमिटेड		२०७८/१०/१७	२०७८/११/०१	पदेन
५	श्री सुरेश प्रसाद खत्री	प्रतिनिधि, अन्य बैंक तथा वित्तीय संस्थाहरु मध्येबाट		२०८०/०३/३१	२०८०/०३/३१	निर्वाचित
६	श्री अशोक बुढाथोकी	प्रतिनिधि, सर्वसाधारण शेयरधनीहरु मध्येबाट		२०७९/०५/०६	२०७९/०५/१७	निर्वाचित
७	श्री हेमन्त राज रमाली	नेपाल सरकार अर्थ मन्त्रालयद्वारा मनोनित विज्ञ		२०८१/०३/१३	२०८१/०३/१७	मनोनित

STOCK SESSIONS
INVEST SMARTER, NOT HARDER

घ. संचालक समितिको बैठक

संचालक समितिको बैठक संचालन सम्बन्धी विवरण

क्र.स	यस आ.ब.२०८०।८१ मा संचालक समितिको बैठकको मिति	उपस्थित संचालकको संख्या	बैठकको निर्णयमा भिन्न मत राखी हस्ताक्षर गर्ने संचालक को संख्या	गत आ.ब.२०७९।८० मा बसेको बैठकको मिति
१.	२०८०/०४/१२	६	नभएको	२०७९/०४/०८
२.	२०८०/०४/१८	७	नभएको	२०७९/०४/१२
३.	२०८०/०५/०५	५	नभएको	२०७९/०४/१९
४.	२०८०/०५/२५	५	नभएको	२०७९/०४/२०
५.	२०८०/०६/१२	७	नभएको	२०७९/०४/३०
६.	२०८०/०६/१६	५	नभएको	२०७८/०५/०६
७.	२०८०/०६/२४	६	नभएको	२०७९/०५/१७
८	२०८०/०७/०१	६	नभएको	२०७९/०५/३१
९	२०८०/०७/२१	६	नभएको	२०७९/०६/२४
१०	२०८०/०८/०६	४	नभएको	२०७९/०६/२६
११	२०८०/०८/१०	५	नभएको	२०७९/०७/१६
१२	२०८०/०८/१७	७	नभएको	२०७९/०७/२१
१३	२०८०/०८/२६	४	नभएको	२०७९/०८/०८
१४	२०८०/०९/११	७	नभएको	२०७९/०८/१६
१५	२०८०/०८/२६	५	नभएको	२०७९/०८/२३
१६	२०८०/१०/१३	५	नभएको	२०७९/०९/०७
१७	२०८०/१०/१९	६	नभएको	२०७९/०९/०८
१८	२०८०/१०/२५	५	नभएको	२०७९/०९/१९
१९	२०८०/११/०६	६	नभएको	२०७९/१०/१२
२०	२०८०/११/१८	५	नभएको	२०७९/१०/१५
२१	२०८०/११/२२	६	नभएको	२०७९/१०/२४
२२	२०८०/१२/०१	६	नभएको	२०७९/१०/२७
२३	२०८०/१२/०३	५	नभएको	२०७९/११/१६
२४	२०८०/१२/१६	५	नभएको	२०७९/११/२८
२५	२०८०/१२/२५	५	नभएको	२०७९/१२/०२
२६	२०८१/०१/१२	६	नभएको	२०७९/१२/१०
२७	२०८१/०१/२३	६	नभएको	२०७९/१२/१२
२८	२०८१/०१/२४	५	नभएको	२०७९/१२/३०
२९	२०८१/०२/०३	६	नभएको	२०८०/०१/१३
३०	२०८१/०२/२७	६	नभएको	२०८०/०१/२९

३१	२०८१/०२/३०	५	नभएको	२०८०/०२/१२
३२	२०८१/०२/३२	५	नभएको	२०८०/०२/२४
३३	२०८१/०३/०९	५	नभएको	२०८०/०३/०६
३४	२०८१/०३/१४	६	नभएको	२०८०/०३/०९
३५	२०८१/०३/१७	४	नभएको	२०८०/०३/१४
३६	२०८१/०३/२४	५	नभएको	२०८०/०३/२१
३७	२०८१/०३/३०	६	नभएको	२०८०/०३/२७
३८	-		नभएको	२०८०/०३/३१
जम्मा	३७			३८

यस आर्थिक वर्ष बोलाइएका संचालक समितिको बैठकमा गणपुरक संख्या नपुगी स्थगित भएको छ / छैन | : छैन

संचालक समितिको बैठक सम्बन्धी अन्य विवरण :

विवरण	कैफियत
संचालक समितिको बैठकमा संचालक र बैकल्पिक संचालक उपस्थित भए /नभएको अवस्थामा बैठकको मिति सहितको कारण खुलाउने	नभएको
संचालक समितिको बैठकमा उपस्थित संचालकहरुको छलफल भएको बिषय र तत् सम्बन्धमा भएको निर्णयको विवरण निर्णय पुस्तिकाको छुट्टै अभिलेख राखे /नराखेको	राखेको
संचालक समितिको दुइ लगातार बसेको बैठकको अधिकतम अन्तर	२४ दिन
संचालक समितिको बैठक भत्ता निर्धारण सम्बन्धमा	नेपाल सरकारबाट निर्धारण
संचालक समितिको प्रति बैठक भत्ता	रु.४०००।-
आ.व. २०८०/८१ को संचालक समितिको, कुल बैठक भत्ता	रु.१२,३६,२००।-

२. संचालकको आचरण सम्बन्धी तथा अन्य विवरण

विवरण	कैफियत
संचालकको आचरण सम्बन्धमा सम्बन्धित संस्थाको आचारसंहिता भए /नभएको	नभएको
एकाघर परिवारको एक भन्दा बढी संचालक भए सो सम्बन्धी विवरण	नभएको
संचालकहरुको बार्षिक रुपमा सिकाई तथा पुनर्ताजगी कार्यक्रम सम्बन्धी विवरण	नभएको

क्र. स.	बिषय	मिति	सहभागी संचालकको संख्या	तालिम संचालन भएको संस्था
१	एमएल/ सिएफटि	२०८१/०३/२५	१. श्री अशोक बुढाथोकी २. श्री हेमन्त राज रमाली	मर्चेन्ट बैंकर एसोसिएशन अफ नेपाल

प्रत्येक संचालक आफु संचालकको पदमा नियुक्त वा मनोनयन भएको १५ दिन भित्र देहायको कुराको लिखित जानकारी गराएको नगराएको र नगराएको भए सोको विवरण :	
▪ संस्थासंग निज वा निजको एकाघरको परिवारको कुनै सदस्यले कुनै किसिमको करार गरेको वा गर्न लागेको भए सोको विवरण	करार नगरेको
▪ निज वा निजका एकाघर परिवारको कुनै सदस्यले संस्था वा सो संस्थाको मुख्य वा सहायक कम्पनीमा लिएको शेयर वा डिबेन्चरको विवरण	श्री अशोक बुढाथोकी (संचालक) नागरिक लगानी कोषको १६६७ कित्ता शेयर
▪ निज अन्य कुनै संगठीत संस्थाको आधारभूत शेयरधनी वा संचालक रहेको भए त्यसको विवरण	श्री उत्तर कुमार खत्री नागरिक स्टक डिलर कम्पनी लिमिटेडमा अध्यक्ष श्री महेश रिमाल हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेण्ट एण्ड डेभलपमेण्ट कम्पनी लिमिटेडमा संचालक श्री कृष्ण बहादुर कार्की सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा अध्यक्ष श्री सुरेश प्रसाद खत्री एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेडमा संचालक
▪ निजको एकाघरको परिवारको कुनै सदस्य संस्थामा पदाधिकारी वा कर्मचारीको हैसियतमा काम गरिरहेको भए सोको विवरण	संचालकबाट प्राप्त जानकारी अनुसार नभएको
संचालकले उस्तै प्रकृतिको उद्देश्य भएको सुचिकृत संस्थाको संचालक, तलबी पदाधिकारी, कार्यकारी प्रमुख वा कर्मचारी भइ कार्य गरेको भए सोको विवरण	उस्तै प्रकृतिको उद्देश्य रहेको संस्थाको कार्यकारी प्रमुख नरहेता पनि श्री महेश रिमाल राष्ट्रिय जीवन बिमा कम्पनी लिमिटेडमा नि.प्रमुख कार्यकारी अधिकृत रहेको र श्री कृष्ण बहादुर कार्की नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा महाप्रबन्धक रहेको
संचालकलाई नियमन निकाय तथा अन्य निकायबाट कारबाही गरिएको भए सोको विवरण	संचालकबाट प्राप्त जानकारी अनुसार नभएको

STOCK SESSIONS
INVEST SMARTER, NOT HARDER

३.संस्थाको जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी विवरण

बिवरण	कैफियत
क) जोखिम व्यवस्थापनको लागि कुनै समिति गठन भए /नभएको	भएको जोखिम व्यवस्थापन समितिको संरचना देहाय अनुसार रहेको छ । संचालक संयोजक संचालक सदस्य कार्यकारी निर्देशक सदस्य जोखिम व्यवस्थापन ईकाइ, प्रमुख सदस्य
ख) जोखिम व्यवस्थापन समिति सम्बन्धी जानकारी अ. जोखिम व्यवस्थापन समितिको संरचना आ. जोखिम व्यवस्थापन समितिको बैठक संख्या इ. समितिको कार्य सम्बन्धि छोटो विवरण	 संचालक संयोजक श्री महेश रिमाल संचालक सदस्य श्री सुरेश प्रसाद खत्री कार्यकारी निर्देशक सदस्य श्री पर्वत कुमार कार्की जोखिम व्यवस्थापन ईकाइ, प्रमुख सदस्य सचिव श्री नवराज खड्का बैठक संख्याःबैठक नबसेको वैठक बसेको मितिः बैठक नबसेको क) लगानी तथा कर्जामा अन्तर्निहित जोखिम पहिचान गरी सोको व्यवस्थापन प्रणालीको पर्याप्तताको सम्बन्धमा संचालक समितिलाई जानकारी गराउने र कोषलाई उपयुक्त हुने प्रणालीको विकासको लागि सुझाब दिने । ख) जोखिमको स्तर, बहन क्षमता र व्यवस्थापनका लागि निर्माण गरेको रणनीति, नीतिगत ब्यबस्था र मार्गदर्शनको नियमित पुनरावलोकन गरि सोको पर्याप्तताको सम्बन्धमा संचालक समितिमा सुझाव पेश गर्ने । ग) कोषको जोखिम प्रोफाईल तयार गरि स्वीकृतिका लागि संचालक समितिमा पेश गर्ने । घ) जोखिमको आंकलन, मापन तथा बिश्लेषण, अनुगमन र नियन्त्रण सम्बन्धमा व्यवस्थापनबाट नियमित रुपमा प्रतिबेदन लिई विश्लेषण गर्ने र सो सम्बन्धमा आवश्यक निर्देशन दिने । ङ) जोखिमयुक्त लगानी तथा कर्जाको लागि गरिएको नोक्सानी ब्यबस्था पर्याप्त भए / नभएको विश्लेषण गर्ने र सो पर्याप्त भएको भए सो गर्न व्यपस्थापनलाई निर्देशन दिने । च) जोखिम व्यवस्थापनको सम्बन्धमा संचालक समितिले तोके बमोजिमका अन्य कार्यहरु गर्ने ।

ग. आन्तरिक नियन्त्रण कार्यविधि भए / नभएको	नभएको
घ. आन्तरिक नियन्त्रण प्रणालीको लागि कुनै समिती गठन भए / नभएको , गठन नभएको भए सोको कारण	आन्तरिक नियन्त्रण प्रणालीको लागि छुट्टै समिति गठन नभएको र आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी काम कारबाही आन्तरिक लेखापरीक्षण समितिबाट हुने गरेको ।
ङ. आर्थिक प्रशासन विनियमावली भए/नभएको	भएको, आर्थिक कार्यविधि विनियमावली,२०६८

४. सूचना तथा जानकारी प्रवाह सम्बन्धी विवरण

क. संस्थाले सार्वजनिक गरेको सूचना तथा जानकारी प्रवाहको विवरणः

बिषय	माध्यम	सार्वजनिक गरेको मिति
बार्षिक साधारण सभाको सूचना	राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित	२०८१/०३/१० र २०८१/०३/२०
विशेष साधारण सभाको सूचना		नभएको
बार्षिक प्रतिबेदन	बार्षिक प्रतिबेदन छापिएको तथा कोषको वेबसाइटमा प्रकाशित	२०८१/०३/२९
त्रैमासिक प्रतिबेदन	राष्ट्रिय स्तरको गोरखापत्र दैनिक पत्रिकामा प्रकाशित	त्रैमासिक वित्तीय विवरण प्रकाशित मितिः प्रथम त्रैमासिक २०८०/०७/२१ द्वित्तिय त्रैमासिक २०८०/१०/२६ तृतिय त्रैमासिक२०८१।१।२८ चौथो त्रैमासिक २०८१।०४।२५
धितोपत्र मूल्यमा प्रभाव पार्ने मूल्य संबेदनशील सूचना	नेपाल स्टक एक्स्चेन्ज लिमिटेडको वेबसाइट मार्फत प्रकाशित	२०८१/०३/१०
अन्य		

ख. सूचना सार्वजनिक नगरेको वा अन्य कारणबाट धितोपत्र बोर्ड तथा अन्य निकायबाट कारवाहिमा परेको भए सो सम्बन्धी जानकारी : नभएको

ग. पछिल्लो वार्षिक तथा विशेष साधारण सभा सम्पन्न भएको मितिः बार्षिक साधारण सभा सम्पन्न मितिः २०८१ आषाढ ३१ गते

५. संस्थागत संरचना र कर्मचारी सम्बन्धी विवरणः

क. कर्मचारीको संरचना, पदपूर्ति, वृत्ति विकास , तालिम, तलव, भत्ता तथा अन्य सुविधा, हाजिर र विदा, आचार संहिता लगायतका कुराहरु समेटिएको कर्मचारी सेवा, शर्त विनियमावली/व्यवस्था भए /नभएकोः **भएको**

ख. सांगठनिक संरचनाः

नागरिक लगानी कोपको संगठन संरचना


सञ्चालक समिति
- पदपूर्ती समिति
- लगानी उपसमिति
- पूँजीबजार उपसमिति
- ट्रष्टि उपसमितिहरु
लेखापरीक्षण उपसमिति
आन्तरिक लेखापरीक्षण महाशाखा ९-१, ६-१
जोखिम व्यवस्थापन उपसमिति
जोखिम व्यवस्थापन महाशाखा ८-१, ६-१
कार्यकारी निर्देशक
मुख्य व्यवस्थापक (एघारौ तह) - १
मुख्य व्यवस्थापक (एघारौ तह) - १
पूँजीबजार तथा लगानी विभाग व्यवस्थापक (दशौ तह) - १
कोष व्यवस्थापन विभाग व्यवस्थापक (दशौ तह) - १
मानव संशाधन तथा सूचना प्रविधि विभाग व्यवस्थापक (दशौ तह) - १
वित्त व्यवस्थापन विभाग व्यवस्थापक (दशौ तह) - १
पूँजीबजार व्यवस्थापन महाशाखा - ८
शेयर निष्काशन, बिक्री प्रबन्ध शाखा ७-१, ५-१, ४-१
शेयर रजिष्टार शाखा ६-१, ५-१, ४-१
स्टक डिलर तथा धितोपत्र कारोबार महाशाखा - ९
स्टक डिलर शाखा ७-१, ५-१, ४-१
सरकारी ऋणपत्र/डिवेन्चर शाखा ६-१, ५-१, ४-१
लगानी तथा अनुगमन महाशाखा - ८
परियोजना मूल्यांकन तथा लगानी विश्लेषण शाखा ७-१, ५-१
लिक्षेप लगानी तथा वित्त विश्लेषण शाखा ७-१, ५-१
लगानी अनुगमन तथा असुली शाखा ६-१, ५-१
सहभागि कर्जा लगानी शाखा ७-१ ५-३, ४-३
बीमाकोष व्यवस्थापन महाशाखा - ९
निजामती बीमाकोष शाखा ८-१, ६-२, ५-२, ४-२
शिक्षक बीमाकोष शाखा ८-१, ६-२, ५-२, ४-२
सैनिक बीमाकोष शाखा ८-१, ६-१, ५-१, ४-१
नेपाल प्रहरी, सशस्त्र प्रहरी बीमाकोष शाखा ८-१, ६-२, ५-२, ४-२
अन्य सगठित सस्था बीमाकोष शाखा ७-१, ६-१, ५-१
अवकाश कोष व्यवस्थापन महाशाखा - ९
कर्मचारी उपदत वृद्धी अवकाश कोष ८-१, ७-१, ६-६, ५-६, ४-१५
उपदान/पेन्सन लगानीकर्ता हिसाब शाखा ८-१, ६-१, ५-२, ४-२
नागरिक एकाक योजना शाखा ७-१, ५-१
सहभागी सापटी व्यवस्थापन शाखा ८-१, ७-१, ६-१, ५-२, ४-२
क.व.उ. हिसाब मिलान तथा रजु शाखा ७-१, ६-१, ५-१, ४-१
प्रशासन महाशाखा - ८
कानुन तथा सचिवालय शाखा ७-१, ५-१
जनशक्ति विकास तथा तालिम शाखा ६-१, ५-१
स्टोर शाखा ६-१, ५-१
खरिद शाखा ६-१, ५-१
सूचना तथा प्रकाशन शाखा ६-१, ५-१
सूचना प्रविधि व्यवस्थापन महाशाखा - ८
सूचना प्रणाली तथा सभार शाखा ७-१, ५-१, ४-१
स्क्रेयर व्यवस्थापन शाखा ७-१, ५-१
डाटावेश व्यवस्थापन शाखा ७-१, ६-१, ५-१
वित्त नियन्त्रण तथा आर्थिक प्रशासन महाशाखा - ९
हिसाब मिलान तथा रजु शाखा ६-१, ५-१, ४-२
वित्त नियन्त्रण तथा केन्द्रीय भुक्तानी शाखा ७-१, ६-१, ५-२, ४-३
अनुसन्धान तथा बजार विकास महाशाखा - ८
तथ्याक शाखा ७-१
बजार प्रबर्द्धन शाखा ६-१

ग. उच्च व्यवस्थापन तहका कर्मचारीहरुको नाम, शैक्षिक योग्यता तथा अनुभव सम्बन्धी विवरणः

सि.नं	नाम	पद	नियुक्ती मिति	विभाग	योग्यता	अनुभव
१	श्री पर्वत कुमार कार्की	कार्यकारी निर्देशक (विशिष्ट श्रेणी)	२०८०।१०।०३	सम्पूर्ण व्यवस्थापन	मास्टर अफ बैंकिङ्ग एण्ड फाइनान्स (एम.बि.एफ.)	नेपाल राष्ट्र बैंकमा ३० वर्षको कार्यानुभव, ग्रामिण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडमा प्रमुख कार्यकारी अधिकृतको रूपमा ४ वर्षको कार्यानुभव
२	श्री शोभा श्रेष्ठ	का.मु. निर्देशक (प्रथम श्रेणी)	२०६५।०८।०१	मानव संशाधन तथा सूचना प्रविधि विभाग	सि.ए., एम.बि.एस.	नागरिक लगानी कोषमा १७ वर्षदेखि कार्यरत
३	श्री हेमन्त पोखरेल	का.मु. निर्देशक (प्रथम श्रेणी)	२०६७।११।०१	पूँजीबजार तथा लगानी विभाग	सि.ए.	नागरिक लगानी कोषमा १५ वर्षदेखि कार्यरत
४	श्री नवराज खड्का	का.मु. निर्देशक (प्रथम श्रेणी)	२०६१।०३।०४	कोष व्यवस्थापन बिभाग, संचालक समितिको सचिव	वि.एल, एम.ए, एम.पि.ए.	नागरिक लगानी कोषमा २१ वर्षदेखि कार्यरत
५	श्री रोशन जङ्ग कार्की	का.मु. निर्देशक (प्रथम श्रेणी)	२०६१।०३।०१	वित्त व्यवस्थापन बिभाग	एम.वि.ए.	नागरिक लगानी कोषमा २१ वर्षदेखि कार्यरत

घ. कर्मचारी सम्बन्धी अन्य विवरणः

संरचना अनुसार कर्मचारी पदपूर्ति गर्ने गरे/नगरेको	गरेको, यद्यपी दरबन्दी अनुसार पूर्ति नभएको
नयां कर्मचारी पदपूर्ति गर्दा अपनाएको प्रकृयाः	लोकसेवा आयोग मार्फत
व्यवस्थापन अन्तर्गतका कर्मचारीको संख्याः	२८
कूल कर्मचारीको संख्याः	१३० (१०५ स्थायी र २५ जना करार)
कर्मचारीहरुको सक्सेसन प्लान भए / नभएकोः	भएको
आ.व. २०८०।८१ मा कर्मचारीलाई दिएको तालिम संख्या तथा सम्मिलित कर्मचारीको संख्याः	तालिम संख्याः३४,कर्मचारी संख्या ८१ जना, ४० जना अधिकृत र ४१ जना सहायक
आ.व.२०८०।८१को कर्मचारी तालिम खर्च रु.	९०,६३,४६१।०८
कूल खर्चमा कर्मचारी खर्चको प्रतिशतः	४२.४१ प्रतिशत
कूल कर्मचारी खर्चमा कर्मचारी तालिम खर्चको प्रतिशतः	४.९० प्रतिशत

६. संस्थाको लेखा तथा लेखापरीक्षण सम्बन्धी विवरणः

क.लेखा सम्बन्धी विवरणः	
संस्थाको पछिल्लो आ.व.को वित्तीय विवरण Nepal Financial Reporting Standards (NFRS) अनुसार तयार गरे/नगरेको, नगरेको भए सोको कारणः	वित्तिय विवरणहरु NFRS अनुसार तयार गरेको
संचालक समितिबाट पछिल्लो वित्तीय विवरण स्वीकृत भएको मितिः	पछिल्लो आ.व. २०८०/८१ को लेखापरीक्षण स्वीकृत भएको मितिः२०८१/०९/०७
त्रैमासिक वित्तीय विवरण प्रकाशन गरेको मितिः	आ.व. २०८०/८१ को त्रैमासिक वित्तीय विवरण प्रकाशन गरेको मितिः प्रथम त्रैमासिक २०८०/०७/२८ द्वित्तिय त्रैमासिक २०८०/१०/२६ तृतिय त्रैमासिक २०८१/१/२८ चौथो त्रैमासिक २०८१/०४/२५
अन्तिम लेखापरीक्षण सम्पन्न भएको मितिः	२०८१/०९/०७
साधारण सभावाट वित्तीय विवरण स्वीकृत भएको मितिः	२०८१/०९/२९ मा साधारण सभा बोलाईएको र स्वीकृत हुन बाँकी रहेको
संस्थाको आन्तरिक लेखापरीक्षण सम्बन्धी विवरणः	
अ। आन्तरिक रुपमा लेखापरीक्षण गर्ने गरिएको वा वाह्य विज्ञ नियुक्ति गर्ने गरिएको आ। वाह्य विज्ञ नियुक्ति गरिएको भए सोको विवरणः इ। आन्तरिक लेखापरीक्षण कति अवधिको गर्ने गरिएको (त्रैमासिक, चौमासिक वा अर्धवार्षिक)	अ. बाह्य विज्ञ नियुक्ति गर्ने गरिएको आ. वाइ.वि.यस. एण्ड एसोसिएट्स (YBS & Associates), चार्टर्ड एकाउन्टेन्ट्स सि.ए. श्री भरत सुवेदी इ. संझौतामा आवधिक रुपमा उल्लेख भएको र अर्धबार्षिक रुपमा आन्तरिक लेखापरीक्षण गरिएको ।

STOCK SESSIONS
INVEST SMARTER, NOT HARDER

ख. लेखापरीक्षण सम्बन्धी विवरणः

आ.व. : २०८०/८१

संयोजक तथा सदस्यहरुको नाम , पद तथा योग्यता

क्र.सं.	नाम	पद	योग्यता
१	श्री उत्तर कुमार खत्री	संयोजक	स्नातकोत्तर
२	श्री अशोक बुढाथोकी	सदस्य	बि.एस.सी, एम.ए, एम.बि.एस.
३	श्री छविरमण अधिकारी	सदस्य सचिव	बि.बि.एस, ए.सि.सि.ए.

बैठक बसेको मिति तथा उपस्थित सदस्य संख्या

क्र.सं.	मिति	उपस्थित संख्या
१	२०८०/०४/०५	३
२	२०८०/०४/१४	३
३	२०८०/०५/२७	३
४	२०८०/०५/३१	३
५	२०८०/०६/०४	३
६	२०८०/०६/०५	३
७	२०८०/०६/०८	३
८	२०८०/०६/१४	३
९	२०८०/०६/१५	३
१०	२०८०/१०/०८	३
११	२०८०/१०/०९	३
१२	२०८०/१०/१०	३
१३	२०८०/१०/११	३
१४	२०८०/१०/१४	३
१५	२०८०/१०/१५	३
१६	२०८०/१०/१६	३
१७	२०८०/१०/२३	३
१८	२०८०/१०/२४	३
१९	२०८०/१०/२६	३
२०	२०८०/११/०८	३
२१	२०८०/११/२९	३
२२	२०८०/१२/०२	३
२३	२०८०/१२/१४	३

२४	२०८१/०२/२८	३
२५	२०८१/०२/२९	३
२६	२०८१/०२/२९	३
२७	२०८१/०२/३१	३
२८	२०८१/०२/३१	३
२९	२०८१/०२/३२	३
३०	२०८१/०३/०१	३
३१	२०८१/०३/०२	३
३२	२०८१/०३/०४	३
३३	२०८१/०३/०७	३
३४	२०८१/०३/०८	३
३५	२०८१/०३/२९	३
प्रति वैठक भत्ता रु.		रु. ४०००।-
लेखापरीक्षण समितिले आफनो काम कारवाहीको प्रतिवेदन संचालक समितिमा पेश गरेको मिति		२०८१/०८/१२

STOCK SESSIONS
INVEST SMARTER, NOT HARDER

७. अन्य विवरण :

संस्थाले संचालक तथा निजको एकाघरको परिवारको वित्तीय स्वार्थ भएको व्यक्ति, वैंक तथा वित्तीय संस्थाबाट ऋण वा सापटी वा अन्य कुनै रुपमा रकम लिए/नलिएको ।	संचालकबाट प्राप्त जानकारी अनुसार नलिएको ।
प्रचलित कानून बमोजिम कम्पनीको संचालक, शेयरधनी, कर्मचारी, सल्लाहकार, परामर्शदाताको हैसियतमा पाउने सुविधा वा लाभ वाहेक सूचिकृत संगठीत संस्थाको वित्तीय स्वार्थ भएको कुनै व्यक्ति, फर्म, कम्पनी, कर्मचारी, सल्लाहकार वा परामर्शदाताले संस्थाको सम्पत्ति कुनै किसिमले भोगचलन गरे/नगरेको ।	संचालकबाट प्राप्त जानकारी अनुसार नगरेको ।
नियमनकारी निकायले संस्थाको नियमन, निरीक्षण वा सुपरिवेक्षण गर्दा संस्थालाई दिएको निर्देशन पालना भए/नभएको ।	भएको ।
संस्था र संचालक विरुद्ध अदालतमा मुद्धा चलिरहेको भए सोको विवरण	संलग्न बमोजिम अनुसूची १ मा रहेको ।

दस्तखत :

परिपालन अधिकृतको नामः शोभा श्रेष्ठ सुबेदी

पदः का.मु.नायव कार्यकारी निर्देशक

संस्थाको छापः

लेखापरीक्षकहरुको दस्तखतः

१) श्री हेम कुमार काफ्ले

२) श्री जिन कार्की

३) श्री सुवास आचार्य

मितिः

संस्थाको छापः

प्रतिवेदन संचालक समितिबाट स्वीकृत मितिः २०८१/०९/०७ गते ।

STOCK SESSIONS
INVEST SMARTER, NOT HARDER

अनुसूचीः१

संस्था/संचालक विरुद्ध अदालतमा चलिरहेको मुद्धाको विवरण

क्र.सं.	मुद्दाको पक्ष/बिपक्ष	बिषय	स्थिति	अदालत
१	लिलामणी न्यौपाने बिरुद्ध ना.ल. कोष (०७८-WO-११०५) समेत ५८ थान निवेदनमा रिट जारी	उत्प्रेषण/ उपदान तथा लगानी कर्ता हिसाब योजनामा अन्तिम भुक्तानी गर्दा ५ वा १५ प्रतिशत कर ?	मिति२०८०/०४/३२ मा रिट जारी	सर्वोच्च अदालत
२	पेशागत महासंघ बिरुद्ध ना.ल.कोष समेत ७ थान निवेदनमा	उत्प्रेषण/ उपदान तथा लगानी कर्ता हिसाब योजनामा अन्तिम भुक्तानी गर्दा ५ वा १५ प्रतिशत कर ?	मिति२०८०/०४/३२ आंशिक रिट जारी	सर्वोच्च अदालत
३	कुल बहादुर आचार्य बिरुद्ध ना.ल.कोष समेत ६ थान निवेदनमा	उत्प्रेषण/ उपदान तथा लगानी कर्ता हिसाब योजनामा अन्तिम भुक्तानी गर्दा ५ वा १५ प्रतिशत कर ?	मिति२०८०/०४/३२ रिट खारेज	सर्वोच्च अदालत
४	मेघनाथ शर्मा समेत बिरुद्ध ना.ल.कोष समेत २१ थान	उत्प्रेषण/ उपदान तथा लगानी कर्ता हिसाब योजनामा अन्तिम भुक्तानी गर्दा ५ वा १५ प्रतिशत कर ?	चलिरहेको	सर्वोच्च अदालत
५	ना.ल.कोष कर्मचारी कल्याण कोष बिरुद्ध नवराज थापा	श्रम अदालतको फैसला बदर गरी पाउ।	चलिरहेको	सर्वोच्च अदालत
६	सोम बहादुर बि.क. बिरुद्ध ना.ल.कोष समेत	कार्यालयलाई जानकारी नदिई अनुपस्थित भए बापत गरिएको बिभागिय कार्बाहीलाई सदर गर्ने प्रशासकिय अदालतको निर्णय बदर गरी पाउ।	चलिरहेको	सर्वोच्च अदालत
७	रमेश प्रसाद प्याकुरेल बिरुद्ध ना.ल.कोष समेत	हकवालाको तर्फबाट तलब भत्ता पाउ भन्नेबारे	चलिरहेको	सर्वोच्च अदालत
८	नेपाल निजामति कर्मचारी संगठन बिरुद्ध ना.ल.कोष समेत	कर्मचारी बचत वृद्धि अवकाश कोषको अन्तिम भुक्तानी दिदा लगाईएको ५ प्रतिशत कर खारेजी सम्बन्धि	चलिरहेको	सर्वोच्च अदालत

STOCK SESSIONS
INVEST SMARTER, NOT HARDER

९	अर्जुन कुमार भण्डारी बिरुद्ध ना.ल.कोष समेत	अस्थायी अवधि समेत जोडी उपदान लगाएतका सुबिधा पाउ	चलिरहेको	उ.अ.बिराटनगर
१०	हरिनारायण प्रसाद साह बिरुद्ध ना.ल.कोष	सेवा अन्त्यको पत्र निज निलम्बन पर्दाका ताका कार्यरत रहेको कार्यालयबाट दिलाई बीमा लगाएतका सुबिधा पाउ भन्नेबारे	चलिरहेको	सर्वोच्च अदालत
११	शेयर होल्डर्स एशोशियसन (०७२-wo-०२९७)	कम्पनिको डि.डि.ए. मा भएको गल्ती सच्चाई शेयर पुर्नपुल्याङ्गन गर्नु,हकप्रद शेयर रकमको क्षतिपूर्ति सहित अबिलम्ब फिर्ता दिनु दिलाउनु,शेयर खरिद बिक्रि प्रबन्ध नगर्नु नगराउनु भनी परामादेशको माग।	चलिरहेको	सर्वोच्च अदालत
१२	राजेश बुढाथोकी बिरुद्ध ना.ल.कोष समेत	दुषित लिखत बदर/जालसाजी	चलिरहेको	भक्तपुर जिल्ला अदालत
१३	ना.ल.कोष बिरुद्ध कोषबाट अबकाश प्राप्त कर्मचारी अनिल कुमार ढकाल समेत	अस्थायी सेवा अवधि गणना गरी उपदान पाउ।	चलिरहेको	श्रम अदालत
१४	प्रा.डा.तारा प्रसाद सापकोटा बिरुद्ध ना.ल.कोषको तर्फबाट सञ्चालक समितिका उम्मेद्वार पर्वत कुमार कार्की	नेपाल ईन्भेष्टमेन्ट मेगा बैंक लि.को संचालक समितिको निर्वाचन सम्बन्धि तथा उम्मेद्वारको अयोग्यता सम्बन्धमा	चलिरहेको	सर्वोच्च अदालत
१५	खेमराज आचार्य बिरुद्ध ना.ल.कोष समेत	जिल्ला अदालतबाट ना.ल.कोषमा सहभागीको ब्यक्तिगत खातामा रहेको बचतमा अंशबण्डा हुनेगरी भएको फैसला बदर गरी पाउ।	चलिरहेको	सर्वोच्च अदालत
१६	सीता दाहाल बिरुद्ध ना.ल.कोष समेत	मृतक छोराको हकवाला बाबु समेत हुने भनी परराष्ट्र मन्त्रालय राहदानी विभागले सेवा सुबिधा ईन्कार गरेकोले सो बिरुद्ध।	चलिरहेको	सर्वोच्च अदालत
१७	तेज बहादुर बोहरा बिरुद्ध ना.ल.कोष	लोक सेवाबाट एकैदिन सिफारिस भएका मध्ये	चलिरहेको	उ.अ.पाटन

		निबेदकहरुले मात्र योगदानमा आधारित उपदान पाएकाले सो निर्णय खारेज गरी पेन्सन पाउ भन्ने बारे		
१८	ना.ल.कोष बिरुद्ध ठूला करदाता कार्यालय	उपदान लगानीकर्ता हिसाब योजनामा १५ प्रतिशत कर लाग्नेमा ५ प्रतिशत कट्टा गरेको भनी ठूला करदाता कार्यालयले कर परीक्षणको क्रममा निर्णय गरेकोले सो बिरुद्ध ना.ल.कोष प्रशासकिय पुनरावलोकन गरेको	चलिरहेको	आन्तरीक राजस्व बिभाग
१९	स्वेता खरेल समेत १०९(२०८१/३/३२ सम्म)	उत्प्रेषण/ उपदान तथा लगानी कर्ता हिसाब योजनामा अन्तिम भुक्तानी गर्दा ५ वा १५ प्रतिशत कर ?	केहिमा रिट जारी केहि चलिरहेको	उच्च अदालत पाटन

STOCK SESSIONS
INVEST SMARTER, NOT HARDER

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल/अनामनगर, काठमाडौं, नेपाल
Babarmahal / Anamnagar, Kathmandu, Nepal
अर्थ तथा आर्थिक क्षेत्र लेखापरीक्षण विभाग

प.सं. २०८१।८२
च.नं. ७०१

मितिः २०८१।०९।१६

विषय:स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
नागरिक लगानी कोष
बानेश्वर, काठमाण्डौं ।

कैफियत सहितको राय

हामीले नागरिक लगानी कोष *(जसलाई यसपछि संस्था भनिएको)* को यसै साथ संलग्न २०८१ आषाढ मसान्त, (तदनुसार जुलाई १५,२०२४) को वित्तीय अवस्थाको विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८०/८१ को नाफा/(नोक्सान) हिसाब विवरण, अन्य विस्तृत आम्दानीको विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण एवं लेखा सम्बन्धी नीति तथा टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा संस्थाको संलग्न वित्तीय विवरणहरुले आर्थिक वर्ष २०८०/८१ को **कैफियत सहितको राय व्यक्त गर्ने आधारहरुमा** उल्लेख भएको विषयहरुले पार्ने असर बाहेक २०८१ आषाढ मसान्तको वित्तीय अवस्थाको स्थिति तथा उक्त अवधिको नाफा/(नोक्सान) हिसाब तथा नगद प्रवाहको नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम यथार्थ चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणहरुमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

1. संस्थाबाट सञ्चालित/प्रबन्धित कोष/योजनाहरुको एकीकृत वित्तीय विवरणहरु तयार नगरेको

1.1 नेपाल वित्तीय प्रतिवेदनमानको वैचारिक संरचनाको खण्ड ४ मा उल्लेख भए बमोजिम वित्तीय विवरणहरुको तत्वहरुमा निकायसँग सम्बन्धित सम्पत्ति, दायित्व, इक्विटी, आय र व्यय पर्दछन् ।

संस्थाले योगदानकर्ताहरुबाट रकम संकलन गरि लगानीकर्ता हिसाब योजना (जसले कर्मचारी बचत बृद्धि अवकाश कोष, उपदान तथा पेन्सन योजना, लगानीकर्ता अवकाश योजना, राष्ट्र सेवक कर्मचारीको सावधिक जीवन बीमा कोष, नार्क बीमा कोष योजना, नागरिक पेन्सन योजना समेट्छ) र नागरिक एकाङ्क योजना संचालन गर्दै आएको छ। उक्त कोष/योजनाहरुको संचालन/प्रबन्धन संस्थाले नै तोकेका संचालक तथा कर्मचारीहरु सम्मिलित न्यासधारीहरुबाट हुने तथा संस्थाको संगठनात्मक संरचनामा उक्त कोष/योजनाहरुलाई संस्थाकै अभिन्न अंगको रुपमा राखेकाले उक्त कोष/योजनाहरु स्वतन्त्र नभई

Phone: 01-5919161, 5919163, Post Box: 13328
Email: dir.admin@oagnep.gov.np, oagnep@ntc.net.np, Web Page: www.oag.gov.np

संस्था अन्तर्गतनै रहेको देखिन्छ । उक्त अवस्थामा संस्थाले एकीकृत वित्तीय विवरणहरु तयार गर्नुपर्ने देखिन्छ ।

1.2 आर्थिक वर्ष २०८०/८१ मा संस्थाले संचालन/ प्रबन्धन गरेका ७ वटा कोष/योजनाहरुको रु.२ खर्ब ८५ अर्ब ७१ करोड ६७ लाखको सम्पत्ति र दायित्वको हिसाब कोषको वित्तीय अवस्थाको विवरणहरुमा शीर्षकगत रुपमा सम्मिलित नगरिएको यद्यपी वित्तीय अवस्थाको विवरणमा योजना तथा कार्यक्रमहरुको कुल सम्पत्ति, कोष तथा दायित्व भनि एकमुष्ट रुपमा प्रस्तुत गरेको छ । यसरी लेखा सिद्धान्त र प्रचलित कानूनी व्यवस्थालाई समेत दृष्टिगत गर्दा संस्थाले आफ्नो वित्तीय विवरणहरुमा केन्द्रीय कार्यालयका साथै आफूले संचालन गर्दै आएका कोष/योजनाहरुको हिसाब पनि नेपाल वित्तीय प्रतिवेदनमानले तोकेको ढाँचा अनुसार शीर्षकगत रुपमा समावेश नगरेकोले वित्तीय विवरणहरुले संस्थाको वित्तीय अवस्थाको यथार्थ चित्रण गर्दैन । उक्त प्रस्तुतीकरण नेपाल वित्तीय प्रतिवेदनमानको वैचारिक संरचना र लेखाको सर्वमान्य सिद्धान्त (Generally Accepted Accounting Principles) को विपरित हुन जान्छ ।

1.3 संस्थाले तत्कालिन समयमा संचालन गरेको निजामती कर्मचारीहरुको योगदानमा आधारित पेन्सन योजना (हाल संचालनमा नरहेको) को केन्द्रीय हिसाबमा दायित्व मानि रकम रु. २,९७,०६,८१४ देखाएको छ । पेन्सन योजनाको छुट्टै वित्तीय विवरणहरु तयार नगरेको देखिन्छ ।

2. नागरिक लगानी कोष ऐन, २०४७ को पालना सम्बन्धी कैफियतहरु

ऐनको दफा १९ (४) बमोजिम संस्थाले संचालन/प्रबन्धन गरेका विभिन्न बीमा कोष/योजनाहरुले योगदानकर्तालाई प्रतिफल प्रदान गर्दा संचालक समितिले तोकेको ब्याज (कोष/योजनाहरुमा ६.५ देखि ९ प्रतिशत) प्रदान गरी बाँकी रहेको रकम जगेडा कोषमा रकमान्तर गरेको छ । कोष/योजनाहरुको जोखिम व्यवस्थापन तथा प्रतिफल समिकरणका लागि न्यूनतम कोषको व्यवस्था गरी बाँकी रकम योगदानकर्तालाई बाँडफाँड नगरेको, आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र साधारण सभा सम्पन्न नभएको, दफा २५(१) बमोजिम संस्थाको संचालक समितिमा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडका महाप्रबन्धक संचालक रहने व्यवस्था र धितोपत्र व्यवसायी नियमावली २०६४ को नियम १४ को व्यवस्था एकअर्कोसँग बाझिएको, संस्थाको ऐनमा कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार नतोकिएको, दफा २५(२) को प्रावधान अनुसार महिला संचालक नियुक्त नगरिएको, दफा २८ बमोजिम संस्थाको सम्पूर्ण कारोबारको प्रबन्ध गर्ने, अधिकारहरुको प्रयोग तथा कर्तव्यहरुको पालना गर्ने र संस्थाको सामान्य प्रशासनको संचालन, निर्देशन, रेखदेख र नियन्त्रण गर्ने कार्य संचालक समितिलाई प्रदान गरेकोले संस्थाको दैनिक काम कारवाहीमा संचालक समितिको संलग्नता रहेको देखिन्छ ।

3. आयकर ऐन २०५८ को पालना सम्बन्धी कैफियतहरु

संस्थाले आयकर ऐनको दफा २(घ) ले परिभाषित गरेको जस्तो मात्र कार्य नगरी पूँजी बजारको कारोबार गर्ने गरेको र सहायक कम्पनी समेत खोलेको सूचिकृत निकाय हो । यसरी आयकर ऐनले परिभाषा गरेभन्दा अन्य कार्य पनि गरिरहेको स्थितिमा संस्था अवकाश कोषको परिभाषा भित्र समेटिने देखिँदैन ।

संस्थाले संचालन/प्रबन्धन गरिरहेका ७ वटा कोष/योजनाहरुको संचालन/प्रबन्धनको तरीका अनुसार छुट्टाछुट्टै जाँच गरी उक्त कोषहरु स्वीकृत अवकाश कोष भए नभएको यकिन गर्नुपर्दछ यद्यपी संस्थाले यकिन गर्ने गरी कुनै प्रतिवेदन तयार गरेको छैन तापनि उक्त कोष/योजनाहरुलाई स्वीकृत अवकाश कोषको रुपमा संचालन/प्रबन्धन गरिरहेको छ ।

आयकर ऐन, २०५८ को दफा ६४(२) मा "स्वीकृत अवकाश कोषको आयमा कर लाग्ने छैन" भन्ने व्यवस्था रहेको र संस्थाले ती कोषहरुलाई स्वीकृत अवकाश कोषको रुपमा व्यवहार गरी आयकर ऐन, २०५८ को दफा ६४ बमोजिम आयकर गणना गरेको छैन । संस्थाले कोष/योजनाहरु बाहेक संस्थाको

अन्य कारोबारमा व्यवसाय गरेको मानी पूँजी बजारको कारोबारलाई ३० प्रतिशत करको दर र अन्य कारोबारलाई सामान्य व्यवसाय गरेको मानी २५ प्रतिशत आय करको दर लगाएको छ र तिर्दै आइरहेको छ। संस्थाले संचालन/प्रबन्धन गरेका विभिन्न कोष/योजनाहरु र संस्थाको अन्य आयमा फरक फरक कर व्यवहार गर्दै आइरहेकोले कर व्यवहार र दरका बारेमा सम्बन्धित निकायसँग समयमा नै समन्वय गरी निश्कर्षमा पुग्नुपर्ने देखिन्छ।

संस्थाले संचालन/प्रबन्धन गरेका कोष/योजनाहरूले ऐनको दफा ६४ को सुविधा प्रयोग गरिरहेको तर उक्त कोष/योजनाहरुको लागि अलग अलग स्थायी लेखा नम्बर लिएको छैन। संस्थाको एउटा मात्र स्थायी लेखा नम्बर रहेकोले संस्थाबाट संचालन/प्रबन्धन गरेका ७ वटै कोष/योजनाहरुको कारोबारको करसँग सम्बन्धित व्यवहार संस्थाको स्थायी लेखा नम्बरबाट गरेको छ।

4. औद्योगिक व्यवसाय ऐन, २०७६ को पालना सम्बन्धी कैफियतहरु

औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ५४ बमोजिम संस्थाले खुद मुनाफाको १ प्रतिशत संस्थागत सामाजिक उत्तरदायित्वको व्यवस्था गर्नुपर्नेमा सोको व्यवस्था नगरेको देखिन्छ।

5. लेखापरीक्षण ऐन, २०७५ सम्बन्धी कैफियतहरु

लेखापरीक्षण ऐन, २०७५ को दफा २१ बमोजिम महालेखापरीक्षकले जारी गरेको प्रतिवेदनको कार्यान्वयन गर्नु सम्बन्धित जिम्मेवार पदाधिकारीको कर्तव्य हुनेमा संस्थाले विगतको लेखापरीक्षण प्रतिवेदनको कैफियतहरु पूर्ण रुपमा सुधार नगरेको, आर्थिक कार्यविधि विनियमावली, २०६८ को विनियम २७ बमोजिम वेरुजुको अभिलेख नराखेको र विनियम २८ बमोजिम वेरुजु फछ्यौट सम्बन्धी व्यवस्था पालना नभएको देखिन्छ।

6. कोषको केन्द्रीय हिसाबसँग सम्बन्धित कैफियतहरु

6.1. बैंक मौज्दातको हिसाब भिडान नभएको

केन्द्रिय हिसाब तर्फ २०८१ आषाढ मसान्तमा १४ बैंक खाताहरुमध्ये ११ बैंक खाताहरुमा रहेको रकम रु.१,६६,६०,३०,६३२ धनात्मक मौज्दात तथा ३ बैंक खाताहरुमा रहेको रकम रु.३१,७७,१६,८७७ ऋणात्मक मौज्दात गरी कुल बैंक मौज्दात रु.१,३४,८३,१३,७५५ धनात्मक देखिन्छ। यसरी वित्तीय विवरणमा रु.१,३४,८३,१३,७५५ देखिएको र बैंकहरुको समर्थन पत्र अनुसारको मौज्दात रु.१,१६,०७,३८,७४२ देखिएकोले रु.१८,७५,७५,०१३ बराबरले बैंक मौज्दात हिसाब भिडान नभएको देखिन्छ।

6.2. नेपाल राष्ट्र बैंकसँगको कारोबार

संस्थाको लेखा प्रणालीमा २०८१ आषाढ मसान्तमा नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात रु.४,४६,३०,८१७ देखिन्छ भने नेपाल राष्ट्र बैंकको समर्थन पत्र अनुसार रु.८५,०१,५०९ मात्रै रहेको देखिन्छ।

6.3. लगानी

संस्थाले नागरिक लगानी कोष ऐन, २०४७ ले निर्देश गरे बमोजिम लगानी गरिरहेको भएतापनि सम्मानित सर्वोच्च अदालतबाट अवकाश कोषको रकमको लगानी संस्थाले आफुले रोजेको क्षेत्रमा स्वतन्त्र रुपले गर्न पाउने नभै आयकर नियमावली, २०५९ को नियम २०(२) बमोजिम नेपाल सरकारबाट स्वीकृत लगानी गर्नुपर्ने व्याख्या गरेको नजिर छ। यसरी संस्थाले हाल गरिरहेको लगानी आयकर नियमावली २०५९ को नियम २०(२) ले तोकेको परिधि भन्दा बाहिर रहेर गरेको पाइएको छ।

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

नेपाल वायुसेवा निगम

नेपाल वायुसेवा निगमसँग २०७४/०२/२९ मा गरेको ऋण सम्झौता अनुसार वाइड बडि विमानको खरिद गर्न नेपाल सरकारको जमानीमा संस्थाले कर्मचारी बचत वृद्धि अवकाश कोष मार्फत रु.१२ अर्वको दीर्घकालिन ऋण प्रवाह गरेको छ । उक्त ऋण लगानी रकम कर्मचारी बचत वृद्धि अवकाश कोष मार्फत भुक्तानी भएको अवकाश कोषको वित्तीय विवरणमा मात्र देखिएको छ । तत्कालिन समयमा कोषको न्यासधारी गठन नभएको कारणले संस्थाको संचालक समितिले मात्र निर्णय गरेको देखिन्छ । नेपाल वायुसेवा निगमसँग २०८१ आषाढ मसान्तसम्म पूँजीकृत गरिएको व्याज रकम समेत गरी जम्मा रु १९,३९,०९,८३,७७१ ऋण लगानी देखिएको छ । सम्झौता बमोजिम अवकाश कोषले नेपाल वायुसेवा निगमबाट ऋण लगानीको रकम प्राप्त गरेको छैन । सम्झौता बमोजिम उक्त विमानको टिकट विक्रीको ३० प्रतिशत रकम विशेष खातामा जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा सोको पालना समेत भएको छैन ।

समस्याग्रस्त संस्थामा रहेको मुद्दति निक्षेप

समस्याग्रस्त संस्थामा रहेको मुद्दती निक्षेपमा कायम गरिएको साधारण ब्याजदर (४ प्रतिशत) संस्था/कोष/योजनाहरुको कोष लागत भन्दा पनि कम रहेको छ ।

समस्याग्रस्त मुद्दती निक्षेप सम्बन्धमा वर्षको अन्त्यमा लिनुपर्ने देखाइएको मौज्दात संस्था/कोष/योजना अन्तर्गत देखाइएको २०८१ आषाढ मसान्त सम्म कुल सावाँ रु.४७ करोड ८८ लाख र पूँजीकृत ब्याज रु.१२ करोड ३५ लाख गरि जम्मा पाउनुपर्ने रु.६० करोड २३ लाखको सम्बन्धित वित्तीय संस्थाबाट समर्थन पत्र नलिएको देखिन्छ । उक्त रकममा हाल दर्ता खारेजी भई बन्द भइसकेको क्रिस्टल फाइनान्स कम्पनी लिमिटेडबाट पाउनुपर्ने रकम सावाँ रु.१ करोड १५ लाख र ब्याज रकम रु.१ करोड ५० लाख समावेश भएकोमा उक्त कम्पनीको नाममा देखिएको रकम नउठ्ने देखिन्छ ।

6.4. लेखा सफ्टवेयर

संस्थाले प्रयोगमा ल्याएको NLK Web Based Software ले दिने तथ्यांक तथा विवरणहरु नमूना आधारमा रुजु गर्दा विवरणहरु एक आपसमा मेल खाएको पाईएन । तसर्थ संस्थाले लेखाको लागि प्रयोग गर्दै आएको सफ्टवेयरबाट प्राप्त हुने प्रतिवेदनहरुले यथार्थ विवरण नै दिन्छन् भन्ने एकिन गर्न सकिदैन ।

सफ्टवेयरको लागतको तुलनामा संस्थाले सफ्टवेयरको प्रयोग गरि पूर्ण रुपमा लाभ लिन नसकेको देखिन्छ ।

सफ्टवेयरबाट निस्किने प्रतिवेदनहरुमा (जि एल, बक्यौता ऋण रकम) एकरुपता नभएको, सफ्टवेयरमा अघिल्लो वर्षको अन्तिम मौज्दातको रेकर्ड यस वर्षको शुरु मौज्दातमा स्थान्तरण गर्दा सफ्टवेयरले स्थानान्तरण नगरेको तथा सफ्टवेयरमा ग्राहक पहिचान फारम भर्दा कार्यालयको प्रकृतिको तथ्यांक राख्ने स्थान नभएको आदि विविध कारणले सफ्टवेयर प्रभावकारी नभएको देखिन्छ । यस आर्थिक वर्षमा सूचना प्रविधि प्रणालीको Information System Audit गरिएको देखिएन । साथै सो सफ्टवेयरको सेवाप्रदायक सँगको वार्षिक मर्मत सम्झौता समाप्त भइसकेको अवस्थामा देखिन्छ ।

6.5. संस्थाको केन्द्रीय हिसाब लगायत कोषले संचालन/प्रबन्धन गरेका ७ वटा कोष/योजनाहरुको अन्तर योजना हिसाब तथा लेनदेन रकम राफसाफ नभएको पाइयो । आर्थिक वर्ष २०८०।८१ को अन्त्यमा लेनदेन रकम राफसाफ हुन बाँकी रहेको रकम रु.१४,३४,६९,२५७ वित्तीय अवस्थाको विवरणमा अन्य दायित्वमा लेखाकंन गरेको देखिन्छ । संस्थाले कोष/योजनाहरुसँग सम्बन्धित कतिपय बैंक कारोबारहरुको लेखा सोहि सम्बन्धित बैंक लेजरमा नगरी अन्य बैंक लेजरमा गरेको, अन्य कोष/योजनाहरुको कारोबार त्रुटिवश फरक कोष/योजनाहरु तथा कोषको लेखामा समावेश गरेको,

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

साथै लेखा पद्धतिमा देखिएका अन्य गल्तीहरुले गर्दा अन्तर योजना हिसाब तथा लेनदेनका रकमहरु सम्बन्धित कोष कोष/योजनाहरुले वास्तवमै लिनुपर्ने वा दिनुपर्ने हो वा होइन भन्ने यथार्थपरक चित्रण नभएको पाइयो र उक्त कारोबारहरुको वास्तविकता एकिन गर्न सकिदैन ।

6.6. लेखा नीति तथा टिप्पणीमा नेपाल वित्तीय प्रतिवेदनमान बमोजिमको खुलासा नभएको

संस्थाले वित्तीय विवरणहरु तयार गर्दा नेपाल वित्तीय प्रतिवेदनमानमा उल्लेख भए बमोजिम कर्मचारीलाई प्रदान गरिएको सम्पूर्ण सहुलीयतपूर्ण कर्जाको सन्दर्भमा रोजगारदाताको योगदान, सोको लेखा नीति तथा टिप्पणीमा आवश्यक खुलासा समावेश नगरेको देखिन्छ ।

7. कर्मचारी बचत वृद्धि अवकाश कोषसँग सम्बन्धित कैफियतहरु

कर्मचारी बचत वृद्धि अवकाश कोषतर्फ २०८१ आषाढ मसान्तमा २७ बैंक खाताहरुमध्ये १६ बैंक खाताहरुमा रहेको रकम रु.२०,०६,८६,२८,७३८ धनात्मक मौज्दात तथा ११ बैंक खातामा रहेको रकम रु.९,४६,५७,४०,४०६ ऋणात्मक मौज्दात समेत गरी कूल बैंक मौज्दात रु.१०,६०,२८,८८,३३२ धनात्मक देखिन्छ । यसरी वित्तीय विवरण अनुसार रु.१०,६०,२८,८८,३३२ देखिएको र बैंकहरुको समर्थन पत्र अनुसारको मौज्दात रु.१०,५३,८१,२१,४८८ देखिएकोले रु.६,४७,६६,८४४ बराबरले बैंक मौज्दात हिसाब भिडान नभएको देखिन्छ ।

7.1. संस्थाको नेपाल राष्ट्र बैंकमा रहेको खाता बन्द भएतापनि आर्थिक वर्ष २०८०/८१ मा सो खातामा मौज्दात रहेको रु.२,३९,०४,४२,५३७ ऋणात्मक देखिएको छ ।

7.2. कर्मचारी बचत वृद्धि अवकाश कोष संचालन कार्यविधि, २०५९ को बुँदा ५.२ अनुसार कर्मचारी बचत वृद्धि कोषमा सहभागीले मासिक पारिश्रमिकको निश्चित प्रतिशतका दरले हुने रकम अवकाश कोष कट्टी गरि अवकाश कोषले तोके अनुसार जम्मा गर्ने व्यवस्था भएतापनि आर्थिक बर्ष २०८०।८१ को लेखापरीक्षणको क्रममा केही सहभागीहरुको नियमित रुपमा अवकाश कोष कट्टी हुने रकम भन्दा एकैपटक धेरै रकम जम्मा गरिएको देखिन्छ ।

8. राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीमा योजनासँग सम्बन्धित कैफियतहरु

8.1 राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडबाट मिति २०८०/०९/१२ मा इमेल मार्फत प्राप्त जानकारी बमोजिम बीमा कोषको तर्फबाट बीमा गर्ने सहभागीहरुको सङ्ख्या जम्मा ३३७,९६३ रहेको छ र बीमा शुल्कको निम्ति रु.३,३०,३९,७८,०१० रहने कुरा खुलाइएको छ । तर कोषको टिप्पणी र वित्तीय विवरणहरु बमोजिम कोषबाट जम्मा ३,३३,२९२ जनाको बीमा शुल्क रु.३,२२,०९,६२,४९५ राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडमा पठाएको देखिन्छ । आर्थिक वर्ष २०८०/८१ मा ४,६७१ जनाको विवरण राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड र बीमा कोषको विवरणमा फरक परेको देखिन्छ ।

8.2 बीमा कोषले आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रसेवक कर्मचारीहरुबाट बीमाको निम्ति रु.३,९४,७१,९७,४२३ संकलन गरेको तर रु.३,२२,०९,६२,४९५ मात्र राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडमा पठाएको देखिन्छ । यसरी कम पठाएको रकममा कोषले ब्याज रकम भुक्तानी नगरेको देखिन्छ ।

8.3 बीमा कोषले सञ्चालन गरेको राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीमा योजना अन्तर्गत रहेका सम्पूर्ण राष्ट्रसेवकहरुको उमेर विवरण कोषको तथ्यांक प्रणाली अन्तर्गत नरहेकोले राष्ट्रिय जीवन बीमा कम्पनीमा भुक्तानी गरेको प्रिमियम राष्ट्रसेवक कर्मचारीहरुको सावधिक जीवन बीमा योजना संचालन कार्यविधि बमोजिम भएको पुष्टि नहुने देखिन्छ ।

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

8.4 बीमा कोषले पुरानो लेखा सफेटवेयरबाट नयाँ लेखा सफ्टवेयरमा तथ्यांक स्थानान्तरण गर्दा भुक्तानी भइसकेका सहभागीहरुको पनि तथ्यांक स्थानन्तरण भएको र उक्त ९१,१७० सहभागीहरुको अन्तिम मौज्दात रु.३८,०२,७९,५८९ ऋणात्मक देखिन्छ।

9. अन्य विषय

अन्य विषयहरु निम्न बमोजिम छन् :

9.1 कमजोर आन्तरिक नियन्त्रण प्रणाली

कोषको आन्तरिक नियन्त्रण प्रणालीले तल उल्लेख गरे बमोजिमका कार्यहरु समयमै सम्पन्न गर्न सकेको पाइएन :

- संस्थाबाट संचालित/प्रबन्धित विभिन्न कोष/योजनाहरुको फरकफरक न्यासधारी मार्फत संचालन हुने गरेको छ। यद्यपी ती न्यासधारी पूर्ण स्वतन्त्र रहेका छैनन्। न्यासधारीमा संस्थाका संचालकहरु संयोजक रहनु, अन्तर योजना हिसाबमा लेनदेन हुँदा बिना ब्याज लेनदेन हुनु,
- संस्था, संचालक पनि आफैं र न्यासधारी पनि आफैं रहेको छ। न्यासधारी गठन गरेपनि लगानी सम्बन्धी अन्तिम टुंगो संचालक समितिले गर्ने गरेको,
- संस्थाको विगत वर्षका योगदानकर्ता/हिताधिकारीहरुको फाईलहरु /कागजातहरु /अभिलेखहरुको अझैपनि पुरानो ढड्डा/कागजात प्रणालीबाट नै प्रमाणीकरण/रुजु गनुपर्ने स्थिती, संस्थाले केहि हिताधिकारी/योगदानकर्तालाई सिमाभन्दा बढी भुक्तानी गरेको देखिन्छ, संस्थाबाट प्रवाह भएका ऋणहरु समयमा भुक्तानी नभएको, ऋण तालिका बमोजिम संस्थागत ऋणीले भुक्तानी नगर्दा कालोसूचीमा राख्ने कार्यविधि नभएको र संस्था कर्जा सूचना केन्द्रको सदस्य समेत नरहेको तथा संस्थाको काम कारवाही, सूचना प्रणालीमा तथ्याङ्कको प्रविष्टी जस्ता महत्वपूर्ण विषयमा वाह्य जनशक्ति (Outsourced Staff) बाट काम कारवाही भइरहेको छ,
- संस्थाको आर्थिक कार्यविधि विनियमावली, २०६८ विनियम २१ बमोजिम तयार गर्नु पर्ने आम्दानी, खर्च तथा धरौटीको दैनिक, साप्ताहिक, मासिक विवरणहरु तयार गरिएको छैन र समयमै वित्तीय विवरणहरु तयार हुने गरेको छैन,
- स्वीकृत दरबन्दी अनुसार कर्मचारीहरुको पदपूर्ति भएको छैन। संस्थाले करार र सेवा करार गरी वाह्य जनशक्तिलाई काममा लगाइरहेको छ।

9.2 संस्थागत सुशासन सम्बन्धि व्यवस्था

संस्थागत सुशासन प्रभावकारी रुपमा कार्यान्वयन गर्न संचालकहरुले पालना गर्नु पर्ने आचार संहिता तयार गर्ने, संस्थाले विभिन्न निकायहरुमा नियुक्त गरि पठाउने संचालकहरुको काम कर्तव्य तोक्ने, यस सम्बन्धमा विनियमावली तर्जुमा गरी कार्यान्वयनमा ल्याउने, नियमनकारी निकायबाट जारी भएका नीति, नियमहरु कडाइकासाथ पालना गर्नुपर्ने लगायतका सुधारका कामहरु लागू गर्नुपर्ने देखिन्छ।

संस्थाको सेवाको गुणस्तर तथा प्रभावकारिता हेर्नको लागी ग्राहक सेवा सम्बन्धी छुट्टै शाखा, कार्यालय स्थापना भएको छैन। सेवाग्राहीको गुनासो सुन्ने छुट्टै डेस्क र पोर्टल, गुनासो राख्ने बाकस आदीको व्यवस्था गरी सेवामा प्रभावकारिता ल्याएको छैन। संस्थाले नेपाल राष्ट्र बैंक द्वारा जारी सम्पत्ती शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धि निर्देशिकाको पूर्ण रुपमा पालना नगरेको देखिन्छ।

महालेखा परीक्षकको कार्यालय नेपाल

हामीले नेपाल सरकारी लेखापरीक्षणमान अनुरुप लेखापरीक्षण सम्पन्न गरेका छौं । त्यस्ता मानहरु अनुसारको हाम्रो जिम्मेवारीलाई यसै प्रतिवेदनको वित्तीय विवरणहरुको लेखापरीक्षणसँग सम्बन्धित लेखापरीक्षकको जिम्मेवारी खण्डमा थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउण्टेण्ट्स् संस्थाले संस्थाका पेशागत सदस्यहरुका लागि जारी गरेको आचारसंहिता लगायत वित्तीय विवरणहरुको लेखापरीक्षणको सम्बन्धमा नेपालमा प्रचलित आवश्यक आचारणहरुको आधारमा हामी संस्थाबाट स्वतन्त्र छौं र हामीले यस्ता आवश्यकता अनुरुप तथा नेपाल चार्टर्ड एकाउण्टेण्ट्स् संस्थाले संस्थाका पेशागत सदस्यहरुका लागि जारी गरेको आचारसंहिता बमोजिम अन्य आचरणको जिम्मेवारी पूरा गरेका छौं । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

10. लेखापरीक्षणका प्रमुख विषयहरु (Key Audit Matters)

मुख्य लेखापरीक्षण विषयहरु, ती विषयहरू हुन्, जुन हाम्रो व्यावसायिक निर्णयमा, आर्थिक वर्षको वित्तीय विवरणहरूको लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण थिए । यी मामिलाहरू हाम्रो लेखापरीक्षणको सन्दर्भमा र वित्तीय विवरणहरुमा राय बनाउने सन्दर्भमा सम्बोधन गरिएको छ, र हामीले यी मामिलाहरूमा छुट्टै राय प्रदान गर्दैनौं । हामीले निम्न उल्लेख गरिएका विषयहरुलाई हाम्रो प्रतिवेदनमा मुख्य लेखापरीक्षण विषयहरुहरूको रूपमा निर्धारण गरेका छौं:

लेखापरीक्षणका प्रमुख विषयहरु	लेखापरीक्षकको प्रतिक्रिया
लगानीको पहिचान, मापन तथा क्षयीकरण संस्थाको लगानी अन्तर्गत विभिन्न संस्थाहरुमा रहेको मुद्दती लगानी, नेपाल राष्ट बैकको बचत तथा ऋण पत्रमा गरेको लगानी र विभिन्न संस्थाहरुको ऋण तथा शेयरमा गरिएको लगानी रहेको छ । लगानी मापनका विभिन्न आधारहरु रहेको तथा सो हिसाबको जटिलताका आधारमा लगानीको पहिचान, मापन तथा क्षयीकरणको विषयलाई लेखापरीक्षणमा प्रमुख बुँदाको रुपमा लिइएको छ ।	लगानीको पहिचान, मापन तथा क्षयीकरणको सम्बन्धमा हाम्रो लेखापरीक्षणको प्रकृया देहाय बमोजिम रहेको थियो : क) लगानीको मापन नेपाल लेखामान बमोजिम रहे/नरहेको समीक्षा गरीएको । ख) संस्थाको Business Model तथा अपेक्षित नगद प्रवाहको समिक्षा गरीएको । ग) सुचिकृत लगानीको मापन २०८१ आषाढ ३१ को बजार मुल्य बमोजिम रहे/नरहेको चेक जाँच गरिएको, तथा सुचिकृत नरहेको लगानीको मुल्यांकन परल मुल्यको आधारमा गरिएको । **लेखापरीक्षणको नतिजाः** लगानीको पहिचान, मापन तथा क्षयीकरणमा संस्थाले अपनाएको लेखा नीति पर्याप्त रहेको र सो अनुसार नै लेखाङ्कन गरिएको पाईयो ।

11. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसै साथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

12. अन्य जानकारी

अन्य जानकारीको जिम्मेवारी संस्थाको व्यवस्थापनमा रहन्छ । अन्य जानकारीमा वार्षिक प्रतिवेदनमा समावेश जानकारीहरु पर्दछन् तर, वित्तीय विवरण तथा लेखापरीक्षकको प्रतिवेदन भन्ने समावेश हुँदैनन् । लेखापरीक्षकलाई वार्षिक प्रतिवेदन यस लेखापरीक्षण प्रतिवेदन जारी भएको मिति पश्चात प्राप्त हुने अपेक्षा रहेको छ ।

महालेखा परीक्षकको नेपाल २०१६

वित्तीय विवरणहरु माथिको हाम्रो रायले अन्य जानकारी समावेश गर्दैन र हामी यस सम्बन्धमा कुनै प्रकारको आश्वस्त निष्कर्ष प्रदान गर्दैनौं ।

वित्तीय विवरणहरुको लेखापरिक्षणको सन्दर्भमा, हाम्रो जिम्मेवारी अन्य जानकारीको अध्ययन गर्नु हो र, यसरी अध्ययन गर्दा यस्ता अन्य जानकारीहरु वित्तीय विवरणहरु तथा लेखापरीक्षणको क्रममा प्राप्त हाम्रो ज्ञानसँग सारभूतरुपमा गलत भए/नभएको विचार गर्नु पर्दछ । हाम्रो जिम्मेवारी तथा कार्यहरुको आधारमा, यदि अन्य जानकारी सारभूतरुपमा गलत भएको हाम्रो निष्कर्ष रहेमा सो तथ्यलाई हामीले प्रतिवेदनमा समावेश गर्नुपर्दछ ।

हामीले वार्षिक प्रतिवेदनको अध्ययन गर्दा सोमा सारभूतरुपमा गलत विवरण भएको भन्ने हाम्रो निष्कर्ष रहेमा सो विषयलाई हामीले शासकीय भूमिका वहन गर्नेहरुलाई सूचित गर्नुपर्दछ ।

13. वित्तीय विवरणहरु उपर व्यवस्थापन र शासकीय कार्यभार बहन गर्ने व्यक्तिको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदन मानअनुसार वित्तीय विवरणहरु तयार गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापन हो । साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वश्त हुनको लागि आवश्यक पर्ने आन्तरीक नियन्त्रण प्रणाली स्थापना गर्नको लागी पनि संस्थाको व्यवस्थापन जिम्मेवार हुन्छ ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले संस्थाको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै संस्थाको लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकका कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न संस्थालाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ । शासकीय कार्यभार बहन गर्ने पक्षले संस्थाको सम्प्रेषण प्रकृया निरीक्षण गर्नुपर्दछ ।

14. वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटी बाट मुक्त छन् /छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिव आश्वासन प्राप्त भएतापनि सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधै पत्ता लाग्छ भन्ने छैन । गलत विवरण जालसाजी वा त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता गलत विवरणहरु जसले सरोकारवालाहरुले सो गलत विवरणलाई वित्तीय विवरणहरुलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सो लाई प्राथमिकता दिइन्छ । लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरु :

क) वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्टचाइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरणहरु जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ ।

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

(ख) लेखापरीक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

(ग) संस्थाको व्यवस्थापनले वित्तीय विवरणहरु तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

(घ) लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिस्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ । सारभूत अनिस्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणहरुमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संशोधन गरिन्छ । हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ । तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ ।

(ङ) संस्थाको व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणहरु सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणहरुले संस्थाको कारोवार र घटनाहरुलाई यथार्थ रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्यांकन गरिन्छ ।

(च) अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरु शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।

(छ) शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेकोबारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

.....

(वामदेव शर्मा अधिकारी)

उप महालेखापरीक्षक

आर्थिक वर्ष २०८०।८१ को महालेखापरीक्षकको कार्यालयको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित कैफियतहरुको सम्बन्धमा व्यवस्थापनको प्रत्युत्तर

प्रतिवेदनको कैफियत नं.१ सम्बन्धमा:

कोषद्वारा संचालित कार्यक्रम/योजनाहरूको वित्तीय विवरण कोषको केन्द्रीय हिसाबमा एकिकृत गर्ने वा नगर्ने सम्बन्धमा अध्ययन गर्न गठित कार्यदलको प्रतिवेदनको आधारमा उपरोक्त कार्यक्रम/योजनाहरूको कुल सम्पत्ति तथा कुल दायित्व रकम केन्द्रीय हिसाबको आ.व. २०८०।८१ को वित्तीय अवस्थाको विवरण (वासलात) मा समावेश गरिएको व्यहोरा अनुरोध छ । त्यस्तै प्रत्येक कार्यक्रम/योजनाका लाभग्राहीहरू फरक फरक रहेको हुँदा कार्यक्रमको आय व्यय विवरण केन्द्रीय हिसाबमा एकिकृत नगरिएको व्यहोरा समेत अनुरोध छ । साथै, साबिकमा नागरिक लगानी कोषले संचालन गरेको निजामती कर्मचारीहरूको योगदानमा आधारित पेन्सन योजना (हाल संचालनमा नरहेको) को वित्तीय विवरण तयार गरिने ब्यहोरा अनुरोध छ ।

प्रतिवेदनको कैफियत नं.२ सम्बन्धमा:

कोषले सहभागीहरूलाई सम्बन्धित योजनाको मुनाफाको आधारमा प्रतिफल वितरण कार्यलाई निरन्तरता दिईने व्यहोरा अनुरोध छ । नागरिक लगानी कोष ऐन, २०४७ को दफा २५(१) बमोजिम नेपाल स्टक एक्सचेन्ज लिमिटेडको महाप्रबन्धकले संचालक समितिमा प्रतिनिधित्व गर्नु भएको व्यहोरा अनुरोध छ । ऐनको दफा ४२(१) बमोजिम कोषको दैनिक कार्य संचालनको लागि नेपाल सरकारबाट कार्यकारी निर्देशक नियुक्त हुने गरेको व्यहोरा अनुरोध छ । साथै, नागरिक लगानी कोष ऐन, २०४७ को दफा ४२(४) बमोजिम कार्यकारी निर्देशकको सेवाका शर्तहरू तोकिए बमोजिम हुनेछ भन्ने प्रावधान अनुसार नियुक्त हुँदाका बखत नै नेपाल सरकार, अर्थ मन्त्रालय र कार्यकारी निर्देशक बिच हुने गरेको कार्य सम्पादन सम्झौतामा विस्तृत कार्य विवरण तोकिने गरेको ब्यहोरा अनुरोध छ । संचालक समितिमा महिला संचालकको प्रतिनिधित्व गराउने विषयमा आवश्यक पहल गरिने व्यहोरा अनुरोध छ ।

प्रतिवेदनको कैफियत नं. ३ सम्बन्धमा:

आयकर ऐन, २०५८ को दफा ६३ (१) मा अवकाश कोषको स्वीकृति लिनु पर्ने सम्बन्धमा "अवकाश कोष राख्न र चाहने बासिन्दा ब्यक्तिले अवकाश कोष राख्ने स्वीकृतिको लागि विभाग समक्ष निवेदन दिएमा विभागले तोकिए बमोजिम स्वीकृति प्रदान गर्ने छ ।

तर, नागरिक लगानी कोष ऐन, २०४७ बमोजिम स्थापना भएको नागरिक लगानी कोष, योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७४ बमोजिम स्थापना भएको सामाजिक सुरक्षा कोषले अवकाश कोष राख्न चाहेमा त्यस्तो कोष, कर्मचारी संचय कोष ऐन, २०१९ बमोजिम स्थापना भएको कर्मचारी संचय कोष र निवृत्तभरण कोष ऐन, २०७५ बमोजिम स्थापना भएको निवृत्तभरण कोषले अवकाश कोष संचालन गरेमा त्यस्तो कोषको लागि स्वीकृति लिनु पर्ने छैन भन्ने ब्यवस्था रहेको ब्यहोरा अनुरोध छ । साथै, अलग्गै स्थायी लेखा नम्बर लिने सम्बन्धमा सम्बन्धित निकायमा समन्वय गरिने व्यहोरा अनुरोध छ ।

प्रतिवेदनको कैफियत नं.४ सम्बन्धमा:

कोषले वार्षिक नीति, कार्यक्रम र बजेट स्वीकृत गर्दा संस्थागत सामाजिक उत्तरदायित्व शीर्षकमा केहि रकम बजेट व्यवस्था गर्ने गरेको ब्यहोरा अनुरोध छ ।

प्रतिवेदनको कैफियत नं.५ सम्बन्धमा:

सम्मानित महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्राप्त भएको प्रतिवेदनमा उल्लेखित कैफियतहरूको सुधारका लागि गम्भिरतापूर्वक कार्य भईरहेको ब्यहोरा अनुरोध छ ।

प्रतिवेदनको कैफियत नं.६ को ६.१, ६.२,७, र ७.१ सम्बन्धमा:

कोषका बैक खाताहरूको रिकन्सिलेसनको कार्य भईरहेको र रिकन्सिलेसन सिटमा देखिएको रूजू हुन बाँकी रकमको भिडान गरी यथाशिघ्र हिसाब मिलान गरिने ब्यहोरा अनुरोध छ ।

प्रतिवेदनको कैफियत नं. ६ को ६.३ सम्बन्धमा:

नेपाल बायु सेवा निगमबाट प्राप्त हुन बाँकी साँवा र व्याज असुलीको लागि नियमित रूपमा ताकेता गर्ने गरिएको व्यहोरा अनुरोध छ ।

समस्याग्रस्त वित्तीय संस्थाहरूमा भएको लगानीको असुलीको लागि नियमित ताकेता गर्ने गरिएको व्यहोरा अनुरोध छ । साथै, उक्त सम्पूर्ण रकमको सतप्रतिशत जोखिम ब्यवस्था गरिएको ब्यहोरा समेत अनुरोध छ ।

प्रतिवेदनको कैफियत नं. ६ को ६.४ सम्बन्धमा:

कोषको सूचना प्रणाली (NLK Web Based Software) बाट तयार हुने तथ्याङ्क तथा विवरणहरूलाई सुधार गरिने छ । कोषको सूचना प्रविधि प्रणालीको परीक्षण (Information System Audit) गरिने व्यहोरा अनुरोध छ । साथै, सफ्टवेयरको मर्मत संभौताको लागि सेवाप्रदायक संस्था छनौट भईसकेको व्यहोरा अनुरोध छ ।

प्रतिवेदनको कैफियत नं. ६ को ६.५ सम्बन्धमा:

कोषको केन्द्रीय हिसाव तथा कार्यक्रमहरूको अन्तर योजना लेनदेन हिसाव नियमित रूपमा रूजु गरी राफसाफ गरिने व्यहोरा अनुरोध छ ।

प्रतिवेदनको कैफियत नं. ६ को ६.६ सम्बन्धमा:

कोषको लेखा नीति तथा टिप्पणीमा नेपाल वित्तीय प्रतिवेदनमान अनुसार थप स्पष्ट गरिने व्यहोरा अनुरोध छ ।

प्रतिवेदनको कैफियत नं. ७ को ७.२ सम्बन्धमा:

कर्मचारी बचत बृद्धि अवकाश कोषमा विगत वर्ष देखि जम्मा गर्न छुट भएको केही सहभागीको कोष कट्टी रकम एकमुष्ट जम्मा हुने गरेको ब्यहोरा अनुरोध छ ।

प्रतिवेदनको कैफियत नं.८ को सम्बन्धमा:

सहभागीहरूको ब्यक्तिगत विवरण अद्यावधिक गर्ने कार्य भइरहेको छ । विवरण अद्यावधिक भएका सहभागीहरूको कार्यविधि बमोजिम तोकिएको वार्षिक प्रिमियम रकम कोषको खातामा प्राप्त भए अनुसार राष्ट्रिय जीवन वीमा कम्पनी लिमिटेडमा रकम भुक्तानी गरी वीमा नविकरण गर्ने गरिएको छ । सहभागीहरूको ऋणात्मक खातालाई क्रमिक रूपले हिसाव मिलान गरिने व्यहोरा अनुरोध छ ।

प्रतिवेदनको कैफियत नं. ५.१ को सम्बन्धमा:

आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयनको लागि अन्तर योजना लेनदेन हिसाब तथा बैंक रिकन्सिलेसन कार्य नियमित रूपमा गर्न थप जनशक्तिको व्यवस्थापन गरी लेखा हिसाव समयमै अद्यावधिक गरिने छ । कोषको अर्थिक कार्यविधि विनियमावली, २०६८ मा तोकिए अनुसार वित्तीय विवरण तयार गर्ने व्यवस्था मिलाईने छ । लेखापरीक्षण प्रतिवेदनमा उठाइएका कैफियतहरूको सुधार गर्दै लगिने र कोषको कर्मचारी सेवा शर्त सम्बन्धी प्रस्तावित विनियमावली नेपाल सरकारबाट स्वीकृति भई आए पश्चात पदपुर्ति प्रक्रिया अगाडी बढाइने व्यहोरा अनुरोध छ ।

प्रतिवेदनको कैफियत नं. ५.२ को सम्बन्धमा:

प्रचलित ऐन नियम अनुसार संचालकहरूको आचारसंहिता पालना भईरहेको छ । सूचना प्रविधिको उच्चतम प्रयोग गरी ग्राहक सेवालाई थप प्रभावकारी बनाइने छ । नेपाल राष्ट्र बैंकद्वारा जारी सम्पत्ति शुद्धिकरण सम्बन्धी निर्देशिकाको पालना गरिने व्यहोरा अनुरोध छ ।

नागरिक लगानी कोष

वित्तीय अवस्थाको विवरण

२०८१ आषाढ मसान्त (१५ जूलाई २०२४)

रकम रू

सम्पत्ति	टिप्पणी	समूह (सहायक समेत) २०८१ आषाढ मसान्त	समूह (सहायक समेत) २०८० आषाढ मसान्त	केन्द्रीय हिसाब २०८१ आषाढ मसान्त	केन्द्रीय हिसाब २०८० आषाढ मसान्त
चालु सम्पत्ति					
नगद तथा नगद समान	४.१	१,३६३,५३५,२१३	४७४,०१७,२२६	१,३४८,३१३,७५५	४५५,७८१,६३१
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनु पर्ने	४.२	४३,६७१,१०१	४७,४८८,०८१	४३,६७१,१०१	४७,४८८,०८१
बैंक तथा वित्तीय संस्थामा रहेको मुद्धती निक्षेप	४.३	५,१८२,६१९,०००	४,७४३,५८९,०००	४,२०२,६१९,०००	३,७६३,५८९,०००
अन्य व्यापारिक सम्पत्तिहरू	४.४	२०,०००	१५९,६९०,०००	२०,०००	१५९,६९०,०००
कर्मचारीलाई दिएको कर्जा र सापटी	४.५	१७१,८१८,३४७	१३९,९१९,३२९	१७१,८१८,३४७	१३९,९१९,३२९
धितोपत्रहरूमा लगानी	४.६	३,५८४,३७०,४७४	३,२७०,२०६,३२१	१,३५२,६९२,७६२	१,१४७,६३३,७६०
चालु कर सम्पत्ति	४.७	१,०८७,४४२,६३४	८७२,९१४,००८	१,०४४,५२४,६९८	८६२,८०७,२०९
कुल चालु सम्पत्ति (क)		**११,४३३,४७६,७६९**	**९,७०७,८२३,९६४**	**८,१६३,६५९,६६३**	**६,५७६,९०९,०१०**
गैह्र चालू सम्पत्ति					
सहायक कम्पनीमा लगानी	४.८	-	-	२,७२४,६७५,०००	२,७२४,६७५,०००
सम्बद्ध कम्पनीमा लगानी	४.९	-	-	-	-
सम्पत्तिहरूमा लगानी	४.१०	-	-	-	-
सम्पत्ति तथा उपकरण	४.११.१	२,२०५,१८४,२२२	२,२१२,६२०,४४२	२,२००,१२८,०६६	२,२०५,५६३,२४६
पूंजीगत निर्माण	४.११.२	३,५००,०००	३,५००,०००	३,५००,०००	३,५००,०००
अमूर्त सम्पत्ति	४.१२	१६,२२७,४८०	२३,९०९,८८८	१७,१७३,५४९	२३,२२९,९६४
स्थगन कर सम्पत्ति	४.१३	४०,५८१,७४४	-	-	-
अन्य सम्पत्ति	४.१४	१२,०४९,२१५,११८	११,४४३,६१५,५९४	११,८७४,८८७,५०२	११,४२८,५०४,२७२
कुल गैह्र चालू सम्पत्ति (ख)		**१४,३१४,७०८,५६४**	**१३,६८३,६४५,९२४**	**१६,८२०,३६४,११७**	**१६,३८५,४७२,४८२**
कुल सम्पत्ति (क+ख)		**२५,७४८,१८५,३३३**	**२३,३९१,४६९,८८८**	**२४,९८४,०२३,७८०**	**२२,९६२,३८१,४९२**
योजना/कार्यक्रमहरूको कुल सम्पत्ति	**४.२९**	**२८५,७१६,७१०,६८१**	**२५३,०४७,२०७,११६**	**२८५,७१६,७१०,६८१**	**२५३,०४७,२०७,११६**
जम्मा सम्पत्ति		**३११,४६४,८९६,०१४**	**२७६,४३८,६७७,००४**	**३१०,७००,७३४,४६१**	**२७६,००९,५८८,६०८**

दायित्व तथा व्यवस्था	टिप्पणी	समूह (सहायक समेत) २०८१ आषाढ मसान्त	समूह (सहायक समेत) २०८० आषाढ मसान्त	केन्द्रीय हिसाब २०८१ आषाढ मसान्त	केन्द्रीय हिसाब २०८० आषाढ मसान्त
व्यवस्था	४.१५	-	-	-	-
स्थगन कर दायित्व	४.१३	-	१९०,५२३,९६७	२३४,८५८,२२०	२०२,१४३,०८१
अन्य दायित्व	४.१६	१५,२२२,७१९,१२०	१४,१९६,६९९,८४४	१४,९९४,१५६,०३०	१४,१२७,६२९,२५१
कुल दायित्व तथा व्यवस्था (ग)		**१५,२२२,७१९,१२०**	**१४,३८७,२२३,८११**	**१५,२२९,०१४,२५०**	**१४,३२९,७७२,३३२**
इक्विटी					
शेयर पूंजी	४.१७	६,०५७,६७५,०००	५,३१३,७५०,०००	६,०५७,६७५,०००	५,३१३,७५०,०००
संचित नाफा		१,०४३,६८८,७२०	७७४,६२५,९९७	१,०९४,५७५,२४३	१,०५४,६३९,५६७
साधारण जगेडा कोष		१,४२२,८१०,९३६	१,१४०,५६०,३९८	१,३७६,१९६,१४७	१,१४४,४४९,०६०
जगेडा तथा कोषहरू	४.१८	१,०५२,६१२,९५८	९३४,६०६,१५८	१,२२६,५६३,१४०	१,११९,७७०,५३३
शेयरधनीहरूलाई बाडफाड योग्य इक्विटी		**९,५७६,७८७,६१४**	**८,१६३,५४२,५५३**	**९,७५५,००९,५३०**	**८,६३२,६०९,१६०**
गैह्र नियन्त्रित स्वार्थ		९४८,६७८,५९९	८४०,७०३,५२४	-	-
कुल इक्विटी (घ)		**१०,५२५,४६६,२१३**	**९,००४,२४६,०७७**	**९,७५५,००९,५३०**	**८,६३२,६०९,१६०**
कुल दायित्व र इक्विटी (ग+घ)		**२५,७४८,१८५,३३३**	**२३,३९१,४६९,८८८**	**२४,९८४,०२३,७८०**	**२२,९६२,३८१,४९२**
योजना/कार्यक्रमहरूको कुल कोष तथा दायित्व	**४.२९**	**२८५,७१६,७१०,६८१**	**२५३,०४७,२०७,११६**	**२८५,७१६,७१०,६८१**	**२५३,०४७,२०७,११६**
जम्मा दायित्व र इक्विटी		**३११,४६४,८९६,०१४**	**२७६,४३८,६७७,००४**	**३१०,७००,७३४,४६१**	**२७६,००९,५८८,६०८**
संभावित दायित्व तथा प्रतिवद्धता	४.१९				
प्रति शेयर खुद सम्पत्ति		१५८.०९	१५३.६३	१६१.०४	१६२.४६

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

सीए. हेम कुमार काफ्ले लेखापरीक्षक	सीए. जिन कार्की लेखापरीक्षक	सीए. सुवास आचार्य लेखापरीक्षक	बामदेव शर्मा अधिकारी उप-महालेखापरीक्षक
प्रा. डा. सुर्य बहादुर थापा अध्यक्ष	उत्तर कुमार खत्री संचालक	महेश रिमाल संचालक	कृष्ण बहादुर कार्की संचालक
सुरेश प्रसाद खत्री संचालक	अशोक बुढाथोकी संचालक	हेमन्त राज रमाली संचालक	पर्वत कुमार कार्की कार्यकारी निर्देशक
शोभा श्रेष्ठ सुवेदी का.मु.नायव कार्यकारी निर्देशक	रोशन जंग कार्की का. मु. निर्देशक	हिरामणि खतिवडा उप निर्देशक	मिति: २०८१/०८/०७

नागरिक लगानी कोष

नाफा/(नोक्सान) हिसाब विवरण

१ श्रावण २०८० देखि ३१ अषाढ २०८१ सम्म (१७ जुलाई २०२३ देखि १५ जुलाई २०२४ सम्म)

रकम रू

		समूह (सहायक समेत)		केन्द्रीय हिसाब	
विवरण	**टिप्पणी**	**यस वर्ष**	**गत वर्ष**	**यस वर्ष**	**गत वर्ष**
शुल्क तथा कमिशन आम्दानी	४.२०	१,६१३,४८९,९७३	१,३९२,२८३,९७६	१,५९६,९०४,३२९	१,३९१,९८७,१०४
ब्याज आम्दानी	४.२१	५४२,०५१,४९९	५८७,९७१,५२६	४४६,००२,६१०	४८३,००८,४७५
अन्य संचालन आम्दानी	४.२२	१७६,१८८,१२५	२३०,६९३,७९८	३३,५७३,२३८	६६,८१५,४९०
जम्मा आम्दानी		**२,३३१,७२९,५९७**	**२,२१०,९४९,३००**	**२,०७६,४८०,१७७**	**१,९४१,८११,०६९**
शुल्क तथा कमिशन खर्च	४.२३	६५,६०९,१८९	४१,६६८,२९०	५,८१९,३२७	-
ब्याज खर्च	४.२४	१७,५२१,७४२	११५,५२३,५१५	-	११२,८३२,४३८
संचालन खर्च					
कर्मचारी खर्च	४.२५	२९९,७६२,६५५	२२९,३७३,४४२	२८७,२३९,४८१	२१९,२३५,०१५
अन्य संचालन खर्च	४.२६	९३,२९१,०१८	९९,०३०,२४४	८२,०३७,२८६	८९,१४५,३९६
ह्रासकट्टी/परिशोधन	४.२७	६५,५९१,५२०	५७,७७५,१५२	६०,६९०,९९६	५४,८३८,४६८
जम्मा खर्च		**५४१,७७६,१२३**	**५४३,३७०,६४३**	**४३५,७८७,०९०**	**४७६,०५१,३१८**
खुद आम्दानी		**१,७८९,९५३,४७४**	**१,६६७,५७८,६५७**	**१,६४०,६९३,०८७**	**१,४६५,७५९,७५१**
व्यवस्था र आयकर अघिको नाफा		**१,७८९,९५३,४७४**	**१,६६७,५७८,६५७**	**१,६४०,६९३,०८७**	**१,४६५,७५९,७५१**
कर्मचारी बोनस व्यवस्था		१००,७४०,९०६	९३,८८२,५००	८०,५७९,३४४	६९,७९८,०८३
आय कर अघिको नाफा		**१,६८९,२१२,५६७**	**१,५७३,६९६,१५७**	**१,५६०,११३,७४३**	**१,३९५,९६१,६६८**
आयकर खर्च				-	-
चालु कर	४.२८	४३६,७३७,९७३	३८१,८१७,९४९	४०५,१४१,०१७	३२४,४६६,९०३
स्थगन कर	४.१३	(२६६,७५३,१६९)	११३,५८४,५८५	(३,७६२,७१२)	(१५२,१५४,७०५)
यस अवधिको नाफा		**१,५१९,२२७,७६४**	**१,०७८,२९३,६२३**	**१,१५८,७३५,४३८**	**१,२२३,६४९,४६९**
नाफा बाड्डफाड्ड					
शेयरधनी		१,४११,२५२,६८९	१,११६,४६८,१४९	१,१५८,७३५,४३८	१,२२३,६४९,४६९
गैह्र नियन्त्रित स्वार्थ		१०७,९७५,०७५	(३८,१७४,५२६)	-	-
यस अवधिको नाफा		**१,५१९,२२७,७६४**	**१,०७८,२९३,६२३**	**१,१५८,७३५,४३८**	**१,२२३,६४९,४६९**
प्रति शेयर आम्दानी					
आधारभुत प्रति शेयर आम्दानी		**२५.०८**	**२०.२९**	**१९.१३**	**२३.०३**
डाइलुटेड प्रति शेयर आम्दानी		**२५.०८**	**२०.२९**	**१९.१३**	**२३.०३**

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

सीए. हेम कुमार काफ्ले लेखापरीक्षक	सीए. जिन कार्की लेखापरीक्षक	सीए. सुवास आचार्य लेखापरीक्षक	बामदेव शर्मा अधिकारी उप-महालेखापरीक्षक
प्रा. डा. सुर्य बहादुर थापा अध्यक्ष	उत्तर कुमार खत्री संचालक	महेश रिमाल संचालक	कृष्ण बहादुर कार्की संचालक
सुरेश प्रसाद खत्री संचालक	अशोक बुढाथोकी संचालक	हेमन्त राज रमाली संचालक	पर्वत कुमार कार्की कार्यकारी निर्देशक
शोभा श्रेष्ठ सुवेदी का.मु.नायव कार्यकारी निर्देशक	रोशन जंग कार्की का. मु. निर्देशक	हिरामणि खतिवडा उप निर्देशक	मिति: २०८१/०८/०७

नागरिक लगानी कोष

अन्य विस्तृत आम्दानीको विवरण

१ श्रावण २०८० देखि ३१ अषाढ २०८१ सम्म (१७ जुलाई २०२३ देखि १५ जुलाई २०२४ सम्म)

रकम रू

	समूह (सहायक समेत)		केन्द्रीय हिसाब	
विवरण	**यस वर्ष**	**गत वर्ष**	**यस वर्ष**	**गत वर्ष**
यस वर्षको नाफा	**१,५१९,२२७,७६४**	**१,०७८,२९३,६२३**	**१,१५८,७३५,४३८**	**१,२२३,६४९,४६९**
आयकर पछिको अन्य विस्तृत आम्दानी				
क)नाफा/नोक्सानमा पून:वर्गिकरण नगरिने बुद्यहरू				
उचित मुल्यमा मापन गरिएका इक्विटी उपकरणका लगानीबाट भएका नाफा/(नोक्सान)	१४३,०३२,५८४	७३,००७,९१३	१४५,०४९,२५६	२४७,६८२,९१३
पून:मुल्याङ्कनबाट भएका नाफा/(नोक्सान)	-	-	-	-
परिभाषित लाभ योजनाबाट बीमाङ्कित नाफा/(नोक्सान)	८६२,१५०	५१,१०७,४२८	८६२,१५०	५१,१०७,४२८
माथि उल्लेख गरिएका बुद्याहरूको आयकर	(३५,८७२,८५०)	(७४,६९७,५८५)	(३६,४७७,८५१)	(७४,६९७,५८५)
नाफा/नोक्सानमा पून:वर्गिकरण नगरिएका खुद अन्य विस्तृत आम्दानी	-	(२०४,९४५)	-	-
नाफा/नोक्सानमा पून:वर्गिकरण गरिएका वा गर्न सकिने खुद अन्य विस्तृत आम्दानी	**-**	**-**	**-**	**-**
आयकर पछिको यस वर्षको अन्य विस्तृत आम्दानी	१०८,०२१,८८४	४९,२१२,८१०	१०९,४३३,५५४	२२४,०९२,७५५
यस वर्षको कुल विस्तृत आम्दानी	**१,६२७,२४९,६४८**	**१,१२७,५०६,४३३**	**१,२६८,१६८,९९२**	**१,४४७,७४२,२२५**

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

सीए. हेम कुमार काफ्ले लेखापरीक्षक	सीए. जिन कार्की लेखापरीक्षक	सीए. सुवास आचार्य लेखापरीक्षक	वामदेव शर्मा अधिकारी उप-महालेखापरीक्षक
प्रा. डा. सुर्य बहादुर थापा अध्यक्ष	उत्तर कुमार खत्री संचालक	महेश रिमाल संचालक	कृष्ण बहादुर कार्की संचालक
सुरेश प्रसाद खत्री संचालक	अशोक बुढाथोकी संचालक	हेमन्त राज रमाली संचालक	पर्वत कुमार कार्की कार्यकारी निर्देशक
शोभा श्रेष्ठ सुवेदी का.मु.नायव कार्यकारी निर्देशक	रोशन जंग कार्की का. मु. निर्देशक	हिरामणि खतिवडा उप निर्देशक	मिति: २०८१/०८/०७

STOCK SESSIONS
INVEST SMARTER, NOT HARDER

नागरिक लगानी कोष

नगद प्रवाह विवरण

१ श्रावण २०८० देखि ३१ अषाढ २०८१ सम्म (१७ जुलाई २०२३ देखि १५ जुलाई २०२४ सम्म)

रकम रू

	समूह (सहायक समेत)		केन्द्रीय हिसाब	
विवरण	**यस वर्ष**	**गत वर्ष**	**यस वर्ष**	**गत वर्ष**
कारोवार संचालनबाट नगद प्रवाह				
आयकर पछिको नाफा	**१,४११,२५२,६८९**	**१,११६,४६८,१४९**	**१,१५८,७३५,४३८**	**१,२२३,६४९,४६९**
पुर्व अवधि समायोजन	(६,२९७,८३८)	(७७,४२८,२०८)	(४६,०३६,९४६)	(७७,४२८,२०८)
ह्रासकट्टी तथा परिशोधन	६५,५९१,५२०	५७,७७५,१५२	६०,६९०,९९६	५४,८३८,४६८
अन्य कोष	५०८,२३२,४१३	२९३,८९२,६४४	३३८,५३९,६९५	३५५,३३०,१२३
संचित नाफाको समायोजन	(३५२,८१३,१७२)	(२७९,११७,०३८)	(२८९,६८३,८५९)	(३०५,९१२,३६७)
संचालन सम्पत्ति तथा दायित्वको परिवर्तन अघिको संचालन नाफा	**१,६२५,९६५,६१३**	**१,१११,५९०,६९७**	**१,२२२,२४५,३२४**	**१,२५०,४७७,४८५**
संचालन सम्वन्धी चालु सम्पत्तिमा कमि/(वृद्धि)				
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	३,८१६,९८०	१,५६९,७३४	३,८१६,९८०	१,५६९,७३४
बैंक तथा वित्तीय संस्थाहरूमा रहेको मौज्दात	(४३९,०३०,०००)	१,१०७,७०९,०००	(४३९,०३०,०००)	१,०८७,७०९,०००
अन्य व्यापारिक सम्पत्ति	१५९,६७०,०००	(३४,९२०,०००)	१५९,६७०,०००	(३४,९२०,०००)
बैंक तथा वित्तीय संस्थारूलाई दिएको कर्जा तथा सापटी				
कर्मचारीलाई दिएको कर्जा तथा सापटी	(३१,८९९,०१८)	(८५,२८०,१०१)	(३१,८९९,०१८)	(८५,२८०,१०१)
अन्य सम्पत्ति	(६०५,५९९,५२३)	(२,३२८,२६८,१६२)	(४४६,३८३,२२९)	(२,३३२,१५२,२६४)
संचालन सम्वन्धी चालु दायित्वमा (कमि)/बृद्धि				
अन्य दायित्व	७९४,९१३,५६५	१,३३२,७८६,७३४	८९९,२४१,९१८	१,०४७,८०७,९३८
चालु कर सम्पत्तिमा परिवर्तन	(२१४,५२८,६२६)	(३७८,९५४,६१३)	(१८१,७१७,४८९)	(३९१,०९७,८२०)
कारोबार संचालनबाट खुद नगद प्रवाह	**१,२९३,३०८,९९०**	**७२६,२३३,२९०**	**१,१८५,९४४,४८५**	**५४४,११३,९७२**
लगानी कारोबारबाट नगद प्रवाह				
धित्तोपत्र लगानी परिवर्तन	(३१४,१६४,१५३)	(२४०,७९८,२७६)	(२०५,०५९,००१)	(७२,८४८,५२८)
धित्तोपत्र लगानी बिक्रीबाट प्राप्ति				
सम्पत्ति तथा उपकरणहरूको खरिद	(४८,९६७,९७६)	(१८,६५५,८८७)	(४७,६९४,४८२)	(१५,७९५,७८०)
सम्पत्ति तथा उपकरणहरूको बिक्रीबाट प्राप्ति				
अर्मूत सम्पत्तिको खरिद	(१,५०४,९१९)	(७६४,९१५)	(१,५०४,९१९)	(१२५,३०६)
लाभांश आम्दानी	-	-		-
लगानी कारोबारबाट खुद नगद प्रवाह	**(३६४,६३७,०४७)**	**(२६०,२१९,०७८)**	**(२५४,२५८,४०२)**	**(८८,७६९,६१४)**
वित्तीय कारोबारबाट नगद प्रवाह				
शेयर निष्काशनबाट प्राप्ति	-	-	-	-
लाभांश खर्च	(३९,१५३,९५७)	-	(३९,१५३,९५७)	-
वित्तीय कारोवारबाट खुद नगद प्रवाह	**(३९,१५३,९५७)**	**-**	**(३९,१५३,९५७)**	**-**
नगद प्रवाहमा भएको खुद (कमी)/बृद्धि	**८८९,५१७,९८७**	**४६६,०१४,२१६**	**८९२,५३२,१२४**	**४५५,३४४,३५७**
नगद तथा नगद समानमा रहेको शुरूवाती मौज्दात	४७४,०१७,२२६	८,००३,०१०	४५५,७८१,६३१	४३७,२७५
नगद तथा नगद समानमा विनिमय दर परिवर्तनको असर	-	-		-
नगद तथा नगद समानमा रहेको अन्तिम मौज्दात	**१,३६३,५३५,२१३**	**४७४,०१७,२२६**	**१,३४८,३१३,७५५**	**४५५,७८१,६३१**

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

सीए. हेम कुमार काफ्ले लेखापरीक्षक	सीए. जिन कार्की लेखापरीक्षक	सीए. सुवास आचार्य लेखापरीक्षक	वामदेव शर्मा अधिकारी उप-महालेखापरीक्षक
प्रा. डा. सुर्य बहादुर थापा अध्यक्ष	उत्तर कुमार खत्री संचालक	महेश रिमाल संचालक	कृष्ण बहादुर कार्की संचालक
सुरेश प्रसाद खत्री संचालक	अशोक बुढाथोकी संचालक	हेमन्त राज रमाली संचालक	पर्वत कुमार कार्की कार्यकारी निर्देशक
शोभा श्रेष्ठ सुवेदी का.मु.नायव कार्यकारी निर्देशक	रोशन जंग कार्की का. मु. निर्देशक	हिरामणि खतिवडा उप निर्देशक	मिति: २०८१/०९/०७

नागरिक लगानी कोष

इक्विटीमा भएको परिवर्तनको एकीकृत विवरण

केन्द्रीय हिसाब

१ श्रावण २०८० देखि ३१ आषाढ २०८१ सम्म

(१७ जूलाई २०२३ देखि १५ जूलाई २०२४ सम्म)

रकम रू

विवरण	शेयर पूंजी	शेयर प्रिमियम	साधारण जगेडा कोष	उचित मुल्य कोष	पून: मुल्याङ्कन कोष	अन्य कोष	संचित नाफा	जम्मा इक्विटी
१ श्रावण २०७९ सालको मौज्दात	**३,२७०,०००,०००**	**१,२६४,८७८,७०५**	**८९९,७१९,१६६**	**३७६,८७१,८०६**	**३३२,०६०,२३५**	**१२५,५६३,२६३**	**१,०४९,१३६,१६८**	**८,६३२,६०९,१६०**
समायोजन/पून:स्थापना	-	-	-	-	-	-	(७७,४२८,२०८)	**(७७,४२८,२०८)**
अन्य (National Saving Certificate)	-	-	-	-	-	-		-
यस वर्षको नाफा							१,२२३,६४९,४६९	**१,२२३,६४९,४६९**
कर पछिको अन्य विस्तृत आम्दानी								-
पुर्व समायोजन	-	-	-	-	-	-	-	-
पून: मापनबाट परिभाषित लाभ योजनाको दायित्व/(सम्पत्ति)	-	-	-	-	-	५१,१०७,४२८	-	**५१,१०७,४२८**
उचित मुल्यमा मापन गरिएका इक्विटी उपकरणका								
लगानीबाट भएको नाफा/(नोक्सान)	-	-	-	२४७,६८२,९१३	-	-	-	**२४७,६८२,९१३**
माथि उल्लेख गरिएका बुद्दाहरूको आयकर	-					(७४,६९७,५८५)	-	**(७४,६९७,५८५)**
धितोपत्रबाट भएका नाफा नोक्सान	-	-	-	-	-	-	-	-
कर्मचारी कल्याण कोष	-	-	-	-	-	-	-	-
पून: मुल्याङ्कबाट भएको नाफा/(नोक्सान)	-	-	-	-	-	-	-	-
पून: मुल्याङ्कबाट भएको नाफा/(नोक्सान)	-	-	-	-	-	-	-	-
कोषमा सारिएको रकम	-		२४४,७२९,८९४			६१,१८२,४७३	-	**३०५,९१२,३६७**
कोषबाट स्थानान्तरण भएको रकम	-						(३०५,९१२,३६७)	**(३०५,९१२,३६७)**
इक्विटीमा सिधै देखाइएको शेयरधनीसंगको कारोबार	-	-	-	-	-	-	-	-
शेयर निष्काशन (Right share)	-	-	-	-	-	-	-	-
शेयर प्रिमियम	-	-	-	-	-	-	-	-
शेयरमा आधारित भुक्तानी	-	-	-	-	-	-	-	-
शेयरधनीलाई लाभांस वितरण	-	-	-	-	-	-	-	-
बोनस शेयर निष्काशन ७८।७९	**२,०४३,७५०,०००**	**(१,२६४,८७८,७०५)**					(७७८,८७१,२९५)	-
नगद लाभांश भुक्तानी							(५५,९३४,१९९)	(५५,९३४,१९९)
२०८० आषाढ मसान्तको मौज्दात	**५,३१३,७५०,०००**	**-**	**१,१४४,४४९,०६०**	**६२४,५५४,७१९**	**३३२,०६०,२३५**	**१६३,१५५,५७९**	**१,०५४,६३९,५६७**	**८,६३२,६०९,१६०**

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

.....	.....	.....	.....
सीए. हेम कुमार काफ्ले	सीए. जिन कार्की	सीए. सुवास आचार्य	वामदेव शर्मा अधिकारी
लेखापरीक्षक	लेखापरीक्षक	लेखापरीक्षक	उप-महालेखापरीक्षक
.....	.....	.....	.....
प्रा. डा. सुर्य बहादुर थापा	उत्तर कुमार खत्री	महेश रिमाल	कृष्ण बहादुर कार्की
अध्यक्ष	संचालक	संचालक	संचालक
.....	.....	.....	.....
सुरेश प्रसाद खत्री	अशोक बुढाथोकी	हेमन्त राज रमाली	पर्वत कुमार कार्की
संचालक	संचालक	संचालक	कार्यकारी निर्देशक
.....	.....	.....	
शोभा श्रेष्ठ सुवेदी	रोशन जंग कार्की	हिरामणि खतिवडा	मिति: २०८१/०८/०७
का.मु.नायव कार्यकारी निर्देशक	का. मु. निर्देशक	उप निर्देशक	

नागरिक लगानी कोष

इक्विटीमा भएको परिवर्तनको एकीकृत विवरण

केन्द्रीय हिसाब

१ श्रावण २०८० देखि ३१ आषाढ २०८१ सम्म

(१७ जुलाई २०२३ देखि १५ जुलाई २०२४ सम्म)

विवरण	शेयर पूंजी	शेयर प्रिमियम	साधारण जगेडा कोष	उचित मुल्य कोष	पूनः मुल्याङ्कन कोष	अन्य कोष	संचित नाफा	जम्मा इक्विटी
१ श्रावण २०८० सालको मौज्दात	५,३१३,७५०,०००	-	१,१४४,४४९,०६०	६२४,५५४,७१९	३३२,०६०,२३५	१६३,१५५,५७९	१,०५४,६३९,५६७	८,६३२,६०९,१६०
यस वर्ष समायोजन/पूनःस्थापना	-	-		-	-	(६०,५७७,७१९)	(४६,०३६,९४६)	(१०६,६१४,६६५)
यस वर्षको नाफा							१,१५८,७३५,४३८	**१,१५८,७३५,४३८**
कर पछिको अन्य विस्तृत आम्दानी								-
पुर्व समायोजन	-	-	-	-	-	-	-	-
पूनः मापनबाट परिभाषित लाभ योजनाको दायित्व/(सम्पत्ति)	-	-	-	-	-	८६२,१५०	-	**८६२,१५०**
उचित मुल्यमा मापन गरिएका इक्विटी उपकरणका लगानीबाट भएको नाफा/(नोक्सान)	-	-	-	१४५,०४९,२५६	-	-	-	**१४५,०४९,२५६**
माथि उल्लेख गरिएका बुदाहरूको आयकर	-		-	(३६,२६२,३१४)	-	(२१५,५३८)	-	**(३६,४७७,८५१)**
धितोपत्रबाट भएका नाफा नोक्सान	-	-	-	-	-	-	-	-
कर्मचारी कल्याण कोष	-	-	-	-	-	-	-	-
पूनः मुल्याङ्कनबाट भएको नाफा/(नोक्सान)	-	-	-	-	-	-	-	-
पूनः मुल्याङ्कनबाट भएको नाफा/(नोक्सान)	-	-	-	-	-	-	-	-
कोषमा सारिएको रकम	-		२३१,७४७,०८८			५७,९३६,७७२	-	**२८९,६८३,८५९**
कोषबाट स्थान्तरण भएको रकम	-						(२८९,६८३,८५९)	**(२८९,६८३,८५९)**
इक्विटीमा सिधै देखाइएको शेयरधनीसंगको कारोबार	-	-	-	-	-	-	-	-
शेयर निष्काशन (Right share)	-	-	-	-	-	-	-	-
शेयर प्रिमियम	-	-	-	-	-	-	-	-
शेयरमा आधारित भूक्तानी	-	-	-	-	-	-	-	-
शेयरधनीलाई लाभांस वितरण	-	-	-	-	-	-	-	-
बोनस शेयर निष्काशन ७९।८०	७४३,९२५,०००	-					(७४३,९२५,०००)	-
नगद लाभांश भुक्तानी	-						(३९,१५३,९५७)	(३९,१५३,९५७)
२०८१ आषाढ मसान्तको मौज्दात	**६,०५७,६७५,०००**	**-**	**१,३७६,९९६,९४७**	**७३३,३४९,६६०**	**३३२,०६०,२३५**	**१६१,१६१,२४५**	**१,०९४,५७५,२४३**	**९,७५५,००९,५३०**

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

.....	.....	.....	.....
सीए. हेम कुमार काफ्ले	सीए. जिन कार्की	सीए. सुवास आचार्य	बामदेव शर्मा अधिकारी
लेखापरीक्षक	लेखापरीक्षक	लेखापरीक्षक	उप-महालेखापरीक्षक
.....	.....	.....	.....
प्रा. डा. सुर्य बहादुर थापा	उत्तर कुमार खत्री	महेश रिमाल	कृष्ण बहादुर कार्की
अध्यक्ष	संचालक	संचालक	संचालक
.....	.....	.....	.....
सुरेश प्रसाद खत्री	अशोक बुढाथोकी	हेमन्त राज रमाली	पर्वत कुमार कार्की
संचालक	संचालक	संचालक	कार्यकारी निर्देशक
.....	.....	.....	
शोभा श्रेष्ठ सुवेदी	रोशन जंग कार्की	हिरामणि खतिवडा	मिति: २०८१/०८/०७
का.मु.नायव कार्यकारी निर्देशक	का. मु. निर्देशक	उप निर्देशक	

नागरिक लगानी कोष

इक्विटीमा भएको परिवर्तनको एकीकृत विवरण

समूह (सहायक समेत)

१ श्रावण २०८० देखि ३१ आषाढ २०८१ सम्म

(१७ जूलाई २०२३ देखि १५ जूलाई २०२४ सम्म)

विवरण	शेयर पूंजी	शेयर प्रिमियम	साधारण जगेडा कोष	उचित मुल्य कोष (Fair Value)	पूनः मुल्याङ्कन कोष	अन्य कोष	संचित नाफा	गैह नियन्त्रित स्वार्थ	जम्मा इक्विटी
१ श्रावण २०७९ सालको मौज्दात	**३,२७०,०००,०००**	**१,२६४,८७८,७०५**	**९१७,२६६,७६८**	**३०९,९०६,७८५**	**३३२,०६०,२३५**	**१८७,३९७,९७६**	**८४५,९७६,५१०**	**८७८,८७८,०५०**	**८,००६,३६५,०२९**
समायोजन/पूनःस्थापना	-	-	-	-	-	-	(७७,४२८,२०८)		**(७७,४२८,२०८)**
सहायक कम्पनीको शेयर पूंजी	-	-	-	-	-	-	-	-	-
अन्य			-			-	-		-
यस वर्षको विस्तृत आम्दानी	-	-	-	-	-				-
यस वर्षको मूनाफा	-	-	-	-	-	-	१,११६,४६८,१४९	(३८,१७४,५२६)	**१,०७८,२९३,६२३**
कर पछिको अन्य विस्तृत आम्दानी	-	-	-	-	-	-	-	-	-
पुर्व समायोजन	-	-	-	-	-	-	-	-	-
पूनः मापनबाट परिभाषित लाभ योजनाको दायित्व/(सम्पत्ति)	-	-	-	-	-	५१,१०७,४२८	-	-	**५१,१०७,४२८**
उचित मुल्यमा मापन गरिएका इक्विटी उपकरणका लगानीबाट भएको नाफा/(नोक्सान)	-	-	-	७३,००७,९१३	-	-	-	-	**७३,००७,९१३**
माथि उल्लेख गरिएका बुदाहरूको आयकर						(७४,६९७,५८५)			**(७४,६९७,५८५)**
धितोपत्रबाट भएका नाफा/(नोक्सान)	-	-	-	-	-	-	-	-	-
कर्मचारी कल्याण कोष	-	-	-	-	-	-	-	-	-
पूनः मुल्याङ्कनबाट भएको नाफा/(नोक्सान)	-	-	-	-	-	-		-	-
जगेडा कोषमा सारिएको रकम							३,५३२,०७८		**३,५३२,०७८**
कोषमा सारिएको रकम	-		२२३,२९३,६३०			५५,८२३,४०७		-	**२७९,११७,०३७**
कोषबाट स्थानान्तरण भएको रकम	-						(२७९,११७,०३७)	-	**(२७९,११७,०३७)**
पूजीगत निर्माण कार्य (२०७८।७९)	-	-	-	-	-	-	-	-	-
शेयर निष्काशन (Right share)	-	-	-	-	-	-	-	-	-
शेयर प्रिमियम		-							-
शेयरधनीलाई लाभांस वितरण	-	-	-	-	-	-	-	-	-
बोनस शेयर निष्काशन ७८।७९	२,०४३,७५०,०००	(१,२६४,८७८,७०५)	-	-	-	-	(७७८,८७१,२९५)	-	-
नगद लाभांश भूक्तानी	-	-	-	-	-	-	(५५,९३४,१९९)	-	**(५५,९३४,१९९)**
२०८० आषाढ मसान्तको मौज्दात	**५,३१३,७५०,०००**	**-**	**१,१४०,५६०,३९८**	**३८२,९१४,६९७**	**३३२,०६०,२३५**	**२१९,६३१,२२६**	**७७४,६२५,९९७**	**८४०,७०३,५२४**	**९,००४,२४६,०७७**

.....	.....	.....	.....
सीए. हेम कुमार काफ्ले	सीए. जिन कार्की	सीए. सुवास आचार्य	बामदेव शर्मा अधिकारी
लेखापरीक्षक	लेखापरीक्षक	लेखापरीक्षक	उप-महालेखापरीक्षक
.....	.....	.....	.....
प्रा. डा. सुर्य बहादुर थापा	उत्तर कुमार खत्री	महेश रिमाल	कृष्ण बहादुर कार्की
अध्यक्ष	संचालक	संचालक	संचालक
.....	.....	.....	.....
सुरेश प्रसाद खत्री	अशोक बुढाथोकी	हेमन्त राज रमाली	पर्वत कुमार कार्की
संचालक	संचालक	संचालक	कार्यकारी निर्देशक
.....	.....	.....	
शोभा श्रेष्ठ सुवेदी	रोशन जंग कार्की	हिरामणि खतिवडा	मितिः २०८१/०८/०७
का.मु.नायव कार्यकारी निर्देशक	का. मु. निर्देशक	उप निर्देशक	

नागरिक लगानी कोष

इक्विटीमा भएको परिवर्तनको एकीकृत विवरण

समूह (सहायक समेत)

१ श्रावण २०८० देखि ३१ आषाढ २०८१ सम्म

(१७ जुलाई २०२३ देखि १५ जुलाई २०२४ सम्म)

विवरण	शेयर पूंजी	शेयर प्रिमियम	साधारण जगेडा कोष	उचित मुल्य कोष (Fair Value)	पूनः मुल्याङ्कन कोष	अन्य कोष	संचित नाफा	गैह नियन्त्रित स्वार्थ	जम्मा इक्विटी
१ श्रावण २०८० सालको मौज्दात	५,३१३,७५०,०००	-	१,१४०,५६०,३९८	३८२,९१४,६९७	३३२,०६०,२३५	२१९,६३१,२२६	७७४,६२५,९९७	८४०,७०३,५२४	९,००४,२४६,०७७
समायोजन/पूनःस्थापना	-	-	-	-	-	(६०,५७७,७१९)	(६,२९७,८३८)	-	(६६,८७५,५५७)
सहायक कम्पनीको शेयर पुंजी	-	-	-	-	-	-	-	-	-
अन्य			-			-	-		-
यस वर्षको विस्तृत आम्दानी	-	-	-	-	-				-
यस वर्षको नाफा	-	-	-	-	-	-	१,४११,२५२,६८९	१०७,९७५,०७५	१,५१९,२२७,७६४
कर पछिको अन्य विस्तृत आम्दानी	-	-	-	-	-	-	-	-	-
पुर्व समायोजन	-	-	-	-	-	-	-	-	-
पूनः मापनबाट परिभाषित लाभ योजनाको दायित्व/(सम्पत्ति)	-	-	-		-	८६२,१५०	-	-	८६२,१५०
फेयर मुल्यमा मापन गरिएका इक्विटी उपकरणका लगानीबाट भएको नाफा/(नोक्सान)	-	-	-	१४३,०३२,५८४	-	-	-	-	१४३,०३२,५८४
माथि उल्लेख गरिएका बूदाहरूको आयकर				(३६,०८८,३८७)		२१५,५३८	-		(३५,८७२,८५०)
धितोपत्रबाट भएका नाफा नोक्सान	-	-	-	-	-	-	-	-	-
कर्मचारी कल्याण कोष	-	-	-	-	-			-	-
पूनः मूल्याङ्कनबाट भएको नाफा/(नोक्सान)	-	-	-	-	-	-		-	-
जगेडा कोषमा सारिएको रकम							-		-
कोषमा सारिएको रकम	-	-	२८२,२५०,५३८			७०,५६२,६३४		-	३५२,८१३,१७२
कोषबाट स्थानान्तरण भएको रकम	-	-					(३५२,८१३,१७२)	-	(३५२,८१३,१७२)
शेयर निष्काशन (Right share)	-	-	-	-	-	-	-	-	-
शेयरधनीलाई लाभांस वितरण	-	-	-	-	-	-	-	-	-
बोनस शेयर निष्काशन ७९।८०	७४३,९२५,०००	-	-	-	-	-	(७४३,९२५,०००)	-	-
नगद लाभांश भुक्तानी	-	-	-	-	-	-	(३९,१५३,९५७)	-	(३९,१५३,९५७)
२०८१ आषाढ मसान्तको मौज्दात	**६,०५७,६७५,०००**	**-**	**१,४२२,८१०,९३६**	**४८९,८५८,८९४**	**३३२,०६०,२३५**	**२३०,९९३,८२९**	**१,०४३,६८८,७२०**	**९४८,६७८,५९९**	**१०,५२५,४६६,२१३**

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

.....	.....	.....	.....
सीए. हेम कुमार काफ्ले	सीए. जिन कार्की	सीए. सुवास आचार्य	बामदेव शर्मा अधिकारी
लेखापरीक्षक	लेखापरीक्षक	लेखापरीक्षक	उप-महालेखापरीक्षक
.....	.....	.....	.....
प्रा. डा. सुर्य बहादुर थापा	उत्तर कुमार खत्री	महेश रिमाल	कृष्ण बहादुर कार्की
अध्यक्ष	संचालक	संचालक	संचालक
.....	.....	.....	.....
सुरेश प्रसाद खत्री	अशोक बुढाथोकी	हेमन्त राज रमाली	पर्वत कुमार कार्की
संचालक	संचालक	संचालक	कार्यकारी निर्देशक
.....	.....	.....	
शोभा श्रेष्ठ सुवेदी	रोशन जंग कार्की	हिरामणि खतिवडा	मितिः २०८१/०८/०७
का.मु.नायव कार्यकारी निर्देशक	का. मु. निर्देशक	उप निर्देशक	

नागरिक लगानी कोष

बाँडफाँडको लागि उपलब्ध नाफा/नोक्सानको विवरण

२०८१ आषाढ मसान्त (१५ जूलाई २०२४)

रकम रु

विवरण	२०८१ आषाढ मसान्त	२०८० आषाढ मसान्त
सञ्चित मुनाफाको शुरुवाती रकम	१,०५४,६३९,५६७	१,०४९,१३६,१६८
नाफा/नोक्सान हिसाव अनुसारको खुद नाफा/नोक्सान	१,१५८,७३५,४३८	१,२२३,६४९,४६९
आ.व. २०८०/८१ को नाफा/(नोक्सान) बाट विभिन्न कोषहरुबाट/(कोषहरुमा भएको स्थानान्तरण)		–
१. साधारण जगेडा कोष	(२३१,७४७,०८८)	(२४४,७२९,८९४)
२. फेयर मुल्य कोष		–
३. पुँजी समायोजन कोष		–
४. पूनः मूल्यांकन कोष		–
५. अन्य कोष	(५७,९३६,७७२)	(६१,१८२,४७३)
६. संचित मुनाफा		–
७. समायोजन/पूनःस्थापना	(४६,०३६,९४६)	(७७,४२८,२०८)
८. अन्य		–
(क) नगद लाभाँश वितरण	(३९,१५३,९५७)	(५५,९३४,१९९)
(ख) बोनश शेयर वितरण	(७४३,९२५,०००)	(७७८,८७१,२९५)
(ग) उत्तरदायीत्व खर्च		–
बजार मूल्य कोषबाट सारिएको		–
यस वर्षको बाँडफाडको लागि उपलव्ध कुल मुनाफा	१,०९४,५७५,२४३	१,०५४,६३९,५६७
बाँडफाडको लागि उपलव्ध कुल मुनाफा	**१,०९४,५७५,२४३**	**१,०५४,६३९,५६७**

नागरिक लगानी कोष

लेखा सम्बन्धी नीति तथा टिप्पणीहरु

आर्थिक वर्ष २०८०।८१

१.नागरिक लगानी कोष

१.१ संगठनात्मक जानकारी

नागरिक लगानी कोष (जसलाई यसपछि कोष भनिएको), नागरिक लगानी कोष ऐन, २०४७ अन्तर्गत स्थापित एक वैधानिक र नेपाल सरकारको आंशिक स्वामित्व रहेको सार्वजनिक संस्था हो । कोष वि.सं. २०४७, चैत्र ४ (१८ मार्च १९९१) मा एक स्वायत्त निकायको रुपमा स्थापित भएको संस्था हो । कोषले औपचारिक रुपमा वि.सं. २०४८ माघ १ (१५ जनवरी १९९२) बाट कारोबार संचालन गरिरहेको छ । कोषले लगानीकर्ताहरुलाई बचतका लागि प्रोत्साहित गरी विभिन्न प्रकारका लगानीकर्ता हिसाब योजना र नागरिक एकांक योजना साथै अन्य योजनाहरु संचालनमा ल्याएको छ । यसको अतिरिक्त लगानीका अवसरहरु वृद्धि गरी पूंजीबजार र देशको आर्थिक विकासमा पनि योगदान पुऱ्याउदै आएको छ ।

हाल कोषले विभिन्न प्रकारका स्वैच्छिक अवकाश कोष, निवृत्तिभरण कोष, उपदान कोष र अनिवार्य व्यक्तिगत बीमा कोष कार्यक्रम संचालन गर्दै आएको छ । कोषको केन्द्रीय कार्यालय नयाँ बानेश्वर, काठमाण्डौं र शाखा कार्यालयहरु पोखरा, विराटनगर, बुटवल, सुर्खेत र अत्तरियामा छन् ।

विभिन्न योजनाहरुको प्रबन्ध गरी कोषले सबै योजनाहरुबाट व्यवस्थापन शुल्क प्राप्त गर्दछ । सबै योजनाहरुको लगानी व्यवस्थापन कोष मार्फत गरिन्छ ।

१.२ सहायक कम्पनीको विवरण

नागरिक स्टक डिलर लिमिटेड, कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित एक सीमित दायित्व रहेको कम्पनी हो । यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ३१ मा रहेको छ । यस कम्पनी माघ २९, २०७६ मा एक सीमित दायित्व कम्पनीको रुपमा स्थापित भएको हो । यस कम्पनीको अधिकृत शेयर पूँजी रु १० अर्ब रहेको छ, जस मध्ये कम्पनीले तत्काल रु. ५ अर्ब ३४ करोड २५ लाख शेयर जारी गरेको छ । चुक्ता पुजी रु.३ अर्ब ७३ करोड ९७ लाख मध्ये कोषले नागरिक स्टक डिलर लिमिटेडमा रु. २ अर्ब ७२ करोड बराबरको शेयर संख्या समेटेको छ, जुन कम्पनीको शेयर अंकितमूल्य रु १०० को दरले जम्मा रु २ अर्ब ७२ करोड ४६ लाख ७५ हजार हुन्छ र कोषले नागरिक स्टक डिलर लिमिटेडमा ओगटेको शेयरले ७२.८६ प्रतिशत प्रतिनिधित्व गर्दछ ।

सहायक कम्पनीको प्रमुख गतिविधिहरु निम्न अनुसार छन्:

क) धितोपत्र बजारमा सूचिकृत संगठित संस्थाको शेयर, वण्ड र डिबेञ्चर, व्युतपन्न (Derivatives) उपकरण, सामूहिक लगानी कोषका इकाई वा अन्य धितो खरिद तथा बिक्री गर्ने,

ख) धितोपत्रको सार्वजनिक निष्काशन तथा लिलामी प्रकृयाबाट विभिन्न धितोपत्रको खरिद गर्ने,

ग) धितोपत्रको प्रारम्भिक तथा थप सार्वजनिक निष्काशनमा योग्य संस्थागत खरिदकर्ता वा लगानीकर्ता भई कार्य गर्ने,

घ) प्रचलित ऐन कानूनको अधिनमा रही सम्बन्धित निकायको स्वीकृति लिई धितोपत्रहरुको सापटी लिने दिनेको कार्य गर्ने,

ङ) विभिन्न व्यक्ति वा संस्थाको लागि लगानी परामर्श सेवा प्रदान गर्ने,

च) संस्थापक संस्थाहरु र आफ्नो प्रयोजनको लागि धितोपत्र दलाल व्यवसायी भई धितोपत्र एवम् ऋणपत्रको कारोबार गर्ने,

छ) धितोपत्र दलालको कार्य गर्ने ।

१.३ एकीकृत वित्तीय विवरण

एकीकृत वित्तीय विवरणमा कोष र सहायक कम्पनीको आर्थिक वर्ष २०८०।८१ को वित्तीय विवरणलाई प्रस्तुत गरिएको छ । वित्तीय विवरणभित्र मुख्य संस्था नागरिक लगानी कोष र सहायक कम्पनी नागरिक स्टक डिलर लिमिटेड (Nagarik Stock Dealer Ltd.) रहेको छ । कोषले संचालनमा ल्याएका लगानीकर्ता हिसाब योजना अन्तर्गत संचालित कार्यक्रमहरु र नागरिक एकांक योजनाको अलग्गै वित्तीय विवरण तयार गरिएको र कोषको वित्तीय विवरणमा योजना/कार्यक्रमहरुको कुल सम्पत्ति, कोष तथा दायित्वलाई वित्तीय अवस्थाको विवरणमा प्रत्येक शीर्षकहरुमा शीर्षकगत रुपमा नदेखाई एकीकृत रुपमा प्रस्तुत गरिएको छ । साथै, नाफा/नोक्सान हिसाब विवरणमा योजना/कार्यक्रमहरुको आय तथा व्ययलाई समावेश गरिएको छैन ।

१.४ कोषको प्रमुख गतिविधिहरु

कोषको प्रमुख गतिविधिहरुमा कर्मचारी बचत वृद्धि अवकाश कोष, उपदान तथा पेन्सन योजना, लगानीकर्ता अवकाश कोष योजना, नागरिक एकांक योजना, नागरिक पेन्सन योजना र राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीमा र नेपाल कृषि अनुसन्धान परिषद् बीमा कोष कार्यक्रमहरु पर्दछन् ।

राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीमा र नेपाल कृषि अनुसन्धान परिषद् बीमा कोषले कर्मचारीको अवकाश जीवन पछिको सुरक्षा तथा सेवामा छदै मृत्यु भएका कर्मचारीहरुको आश्रित परिवारलाई सुरक्षा समेत प्रदान गर्दछ । राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीमा कोष अन्तर्गत निजामती बीमा कोष, सामुदायिक विद्यालयका शिक्षक बीमा कोष, नेपाल प्रहरी बीमा कोष, नेपाल सैनिक बीमा कोष, सशस्त्र प्रहरी बीमा कोष र राष्ट्रिय अनुसन्धान विभाग बीमा कोष पर्दछन् ।

कर्मचारी बचत वृद्धि अवकाश कोषले कर्मचारीहरुको पारिश्रमिकबाट रकम कट्टा गरी प्राप्त रकम पूंजीबजारमा उपलब्ध साधनहरुमा लगानी गरी बचत परिचालनद्वारा आर्थिक विकासमा टेवा पुऱ्याउनुको साथै सेवा निवृत्त भएपछि कर्मचारीलाई आर्थिक श्रोतको समेत व्यवस्था हुन सकोस भन्ने उद्देश्यले यो योजना संचालन गरिएको हो ।

उपदान तथा पेन्सन कोष योजनाले विभिन्न संगठित संस्थाहरुमा रहेका कर्मचारीहरुको उपदान बापतको रकम संकलन गरी यसको कुशल लगानी प्रबन्ध गर्ने तथा कर्मचारीहरु सेवा निवृत्त भएपछि पाउने सुविधा रकम भूक्तानी गर्न संगठित संस्थालाई सहयोग गरी भविष्यमा एकैपटक पर्ने दायित्व घटाउने उद्देश्यले यो योजना संचालन गरिएको हो ।

लगानीकर्ता अवकाश कोष योजनाले विभिन्न संगठित संस्थाहरुमा रहेका कर्मचारीलाई सुविधा (जस्तै :औषधी उपचार खर्च, कल्याण कोष, संचित विदा) बापतको रकम संकलन गरी लगानी प्रबन्ध गर्ने तथा कर्मचारीहरुलाई सेवानिवृत्त भएपछि पाउने सुविधा रकम भूक्तानी गर्न संगठित संस्थालाई सहयोग गरी भविष्यमा एकैपटक पर्ने दायित्व घटाउने उद्देश्यले यो योजना संचालन गरेको हो ।

नागरिक एकांक योजनाले खुल्लामुखी (Open-ended) एकांक योजनाहरुको कारोबार गर्दछ ।

सर्वसाधारण जनतालाई बचत गर्न प्रोत्साहित गर्न, त्यस्तो बचतलाई देशको आर्थिक विकासमा परिचालन गर्न र सक्रिय जीवनकालमा जम्मा गरेको रकमबाट बचतकर्ताको जीवनयापनलाई सहजीकरण गर्ने उद्देश्यले कोषको बचत कार्यक्रमको दायरामा नसमेटिएका नेपाली नागरिकलाई आवद्ध गराई बृहत रुपमा नागरिक पेन्सन योजना संचालनमा ल्याएको छ ।

२. लेखाङ्कनको आधार

२.१ वित्तीय विवरण तयार तथा प्रस्तुत गर्ने आधार

नागरिक लगानी कोषको आर्थिक वित्तीय विवरण प्रोद्भावी आधारमा नेपाल लेखामान बोर्ड (Accounting Standard Board) द्वारा प्रकाशित र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) द्वारा जारी गरेको नेपाल वित्तीय प्रतिवेदनमान (NFRS-2018) अनुसार तयार गरिएको छ ।

वित्तीय विवरणमा वित्तीय अवस्थाको विवरण, नाफा/ नोक्सान हिसावको विवरण र अन्य विस्तृत आम्दानीको विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण, नगद प्रवाहको विवरण, लेखा सम्बन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु समावेश छन् ।

२.२ अनुपालन सम्बन्धी उद्घोषण (Statement of Compliance)

वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमान (NFRS-2018) अनुसार नेपाल लेखामान बोर्ड (ASB) द्वारा प्रकाशित र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) द्वारा मिति २०७९ श्रावण १ मा जारी गरेको Carve-outs in NFRS अनुसार तयार गरिएको र अन्यथा उल्लेख गरिएको बाहेक यी नीतिहरुको पालना निरन्तर रुपमा गरिएको छ ।

२.३ सञ्चालक समितिबाट वार्षिक वित्तीय विवरणहरुको स्वीकृति

संलग्न वित्तीय विवरणहरुले मिति १ श्रावण २०८० देखि मिति २०८१ आषाढ मसान्तको अवधिलाई समेटी मिति २०८१ आषाढ मसान्तको वित्तीय अवस्था प्रस्तुत गरेको छ । उक्त वित्तीय विवरण र सो को २०८० आषाढ मसान्तको वित्तीय अवस्थासँगको तुलनात्मक स्थितिको अवस्थाको प्रकाशन तथा वार्षिक साधारण सभामा स्वीकृतिको लागि पेश गर्न मिति २०८१।०९।०७ गते बसेको सञ्चालक समितिको बैठकबाट स्वीकृत भएको छ ।

२.४ कार्यात्मक र प्रस्तुति मुद्रा (Functional & Presentation Currency)

कोषको वित्तीय विवरणहरु नेपाली रुपैंयामा प्रस्तुत गरिएको छ ।

२.५ अनुमान, धारणा तथा स्वविवेकमा आधारित निर्णयको प्रयोग (Use of Estimates, Assumptions & Judgements)

NFRS को प्रावधान बमोजिम लेखानीति अपनाएर वित्तीय प्रतिवेदन तयार गर्दा NFRS ले निर्दिष्ट गरे बमोजिम उपयुक्त तथा समुचित अनुमान (Estimate), धारणा (Assumption) तथा स्वविवेक (Judgement) हरुलाई आधार बनाएको हुन्छ । कोष व्यवस्थापनले उक्त अनुमान, धारणा तथा स्वविवेकको समय अनुकुल पुनरावलोकन गरी आवश्यक भएको अवस्थामा NFRS ले निर्दिष्ट गरे अनुसार समायोजन गर्ने गरेको छ ।

वित्तीय विवरणको तयारीमा निम्न क्षेत्रमा अनुमान, धारणा तथा स्वविवेकको प्रयोगले महत्वपूर्ण भूमिका खेलेको हुन्छ :

- वित्तीय उपकरणको उचित मूल्य निर्धारण (Fair Value determination of Financial Instruments)
- वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण (Classification of Financial Assets and Financial Liabilities)

- वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था निर्धारण (Determination of Impairment Losses on Financial Assets)
- गैह्र वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था निर्धारण (Determination of Impairment Losses on Non-Financial Assets)
- स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयोग अवधि निर्धारण (Determination of Useful Economic Life of Property and Equipment)
- चालु कर तथा स्थगन कर निर्धारण (Determination of Current Tax and Deferred Tax)
- परिभाषित लाभ दायित्व निर्धारण (Determination of Defined Benefit Obligations)
- सम्भावित दायित्व निर्धारण (Determination of Provisions for Liabilities, Commitments and Contingencies)

२.५.१ वित्तीय उपकरणको उचित मूल्य निर्धारण (Fair Value Determination of Financial Instrument)

वित्तीय सम्पत्ति तथा दायित्वको उचित मूल्य निर्धारण बुँदा नं ३.३.६ मा उल्लिखित मूल्याङ्कन अनुसार गरिएको छ ।

२.५.२ वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण (Classification of Financial Assets and Liabilities)

वित्तीय सम्पत्ति तथा दायित्वको प्रस्तुति र मापन Amortized Cost अथवा उचित मूल्य मध्ये कुनै एकमा आधारित मूल्याङ्कन विधिका अनुसार गरी निम्न वर्गमा वर्गीकृत गरिएको छ:

- Amortized Cost मा वर्गीकरण गरिएको
- Fair Value Through Profit or Loss (FVTPL) मा वर्गीकरण गरिएको
- Fair Value Through Other Comprehensive Income (FVTOCI) मा वर्गीकरण गरिएको

वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण अनुसार मूल्याङ्कन र लेखाङ्कन फरक पर्ने हुन सक्छ । कोषले वित्तीय सम्पत्ति तथा दायित्वको प्रस्तुति तथा मूल्याङ्कनलाई उपयुक्त लेखानीति अवलम्बन गरी वर्गीकरण गर्ने गरेको छ ।

२.५.३ वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था (Impairment Losses on Financial Assets)

वित्तीय सम्पत्तिमा भएको नोक्सानीको व्यवस्था 'Incurred Loss Model' अपनाएर गरिएको छ ।

NFRS 9 को Para 5.4 बमोजिम Amortized Cost मा वर्गीकरण गरिएका वित्तीय सम्पत्तिमा नोक्सानी व्यवस्था निर्धारण गर्न निम्नलिखित बुँदाहरुमा उपयुक्त स्वविवेक, अनुमान र धारणाहरु अवलम्बन गर्नुपर्ने हुन्छ ।

- नोक्सानी व्यवस्था मूल्याङ्कनको लागि उपयुक्त मूल्याङ्कन पद्धतिको छनौट ।
- एकल रुपमा महत्व राख्ने वित्तीय सम्पत्तिको परिभाषा ।
- नोक्सानी व्यवस्थाको मूल्याङ्कन गर्ने प्रश्नावलीको तयारी ।
- भविष्यमा वित्तीय सम्पत्तिबाट हुन सक्ने नगद प्रवाहको अनुमान ।
- Historical Data को विश्लेषणका अतिरिक्त बाह्य आर्थिक सूचकहरु तथा पोर्टफोलियोका सूचकहरुको समायोजन ।

नोक्सानी व्यवस्थाको मूल्याङ्कनको प्रक्रियामा व्यवस्थापनले अवलम्बन गर्ने स्वविवेक उक्त मूल्याङ्कनको अभिन्न अंग हुन्छ र यसरी मूल्याङ्कन गर्दा व्यवस्थापनले उपलब्ध तथ्यांक औचित्यताका आधारमा समायोजन गर्ने गरेको छ ।

२.५.४ स्थिर सम्पत्तिको उपयुक्त प्रयोग अवधि

कोषले उपयुक्त अनुमान, धारणा तथा स्वविवेकको आधारमा आवधिक रुपमा स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको ह्रास कट्टीको विधि, उपयुक्त प्रयोग अवधि तथा उक्त अवधिको अन्त्यमा बाँकी रहने मूल्य (Residual Value) पुनरावलोकन गर्ने गरेको छ ।

२.५.५ कर तथा स्थगन कर

आय कर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ ।

चालु आय कर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको नाफाबाट तिर्नु पर्ने प्रत्यक्ष कर रकम हो । आय कर गणना गर्ने प्रयोजनका लागि उपयोग हुने करका दर तथा (कर सम्बन्धी कानून) वित्तीय अवस्थाको विवरण मितिमा लागू भएका दर हुन् । सोही अनुरुप चालू आय करको गणना गर्दा आयकर ऐन, २०५८ (संशोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस वर्षको नाफालाई आधार मानी गणना गरिन्छ ।

सम्पत्ति तथा दायित्वहरुको वित्तीय विवरणमा गणना गरिएको रकम तथा कर कानूनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नतालाई वित्तीय विवरणमा स्थगन कर सम्पत्ति वा (स्थगन कर दायित्व) का रुपमा लेखाङ्कन गरी प्रत्येक वर्ष यस्तो सम्पत्ति वा (दायित्वमा) हुने परिवर्तनलाई नाफा नोक्सान हिसाबमा स्थगन कर आय वा (स्थगन कर खर्च) को रुपमा लेखाङ्कन गरिन्छ । स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभए सम्म सम्पत्तिको रुपमा पहिचान गरिदैंन ।

२.५.६ परिभाषित लाभ दायित्व (Defined Benefit Obligation)

कोषले कर्मचारी प्रतिको निम्न तीन प्रकारका दायित्वहरुलाई परिभाषित लाभ दायित्व 'Defined Benefit Obligation' को रुपमा पहिचान गरेको छ:

- उपदान वापतको दायित्व
- सञ्चित विदा वापतको दायित्व
- औषधी उपचार वापतको दायित्व

कोषले उक्त दायित्वको मूल्याङ्कन खर्च स्वतन्त्र एक्चुरी (Actuary) बाट गराएको छ । एक्चुरियल मूल्याङ्कनको लागि Discount दर, सम्पत्तिको अनुमानित प्रतिफल दर, अनुमानित तलब बढोत्तरीको दर, मृत्यु दर आदिको बारेमा विभिन्न धारणाहरु (Assumptions) अवलम्बन गरिएको हुन्छ ।

कोषले उक्त परिभाषित लाभ दायित्वको अवधिसँग मिल्ने नेपाल सरकारद्वारा जारी ऋणपत्रको ब्याज दरलाई Discount दरको रुपमा लिएको हुन्छ । उपरोक्त धारणाहरु उपलब्ध भएसम्म मिल्दोजुल्दो सार्वजनिक रुपमा उपलब्ध आधिकारिक तथ्यांकहरुलाई आधार बनाई अवलम्बन गरिएको हुन्छ ।

२.५.७ सम्भावित दायित्वको लागि व्यवस्था

सम्भावित दायित्वहरुमा विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता दायित्वहरु जसको अस्तित्व तथा परिणाम भविष्यका एक वा एक भन्दा बढी तथा कोषको नियन्त्रण भन्दा बाहिर रहने अनिश्चित घटनाक्रमहरुले निर्क्यौल गर्ने तथा विगतका घटनाक्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखाङ्कन नगरिएका दायित्वहरु पर्दछन् ।

- दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको, अथवा
- दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको

२.६ लेखा नीतिहरुमा परिवर्तन

नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुरुप कोषले लेखा नीतिहरु लागू गरेको छ । लेखा नीतिहरु लगातार रुपमा लागू हुन्छन र यदि कुनै परिवर्तन भएमा सम्भव भएसम्म वित्तीय असरको साथ खुलासा गरिन्छ ।

२.७ नयां मानहरु जारी गरिएका तर हाल प्रभावकारी नभएका

नेपाल लेखामान बोर्डले भाद्र २०७५ पश्चात् नेपाल वित्तीय प्रतिवेदन मानको नयाँ संस्करण जारी गरेको छैन । २०७५ पश्चात अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन मानहरुमा विभिन्न संशोधनहरु ल्याईएकोमा उक्त संशोधनहरु NFRS को रुपमा जारी भई बाध्यकारी नभएको हुँदा कोषले ती संशोधनहरु अङ्गीकार गरेको छैन । उक्त संशोधनहरु लेखामान बोर्ड नेपालले NFRS भित्र राखेपछि मात्र अनिवार्य रुपमा लागू हुन्छन् ।

२.८ अविछिन्न निरन्तरता (Going Concern)

कोष व्यवस्थापनले संस्थाको निरन्तर सञ्चालन हुन सक्ने क्षमताको मूल्याङ्कन गर्दा संस्था अविछिन्न रुपमा सञ्चालन हुनसक्ने पाएको छ । साथै, व्यवस्थापनले कोषको अविछिन्न रुपमा सञ्चालन हुन सक्ने क्षमतामा ह्रास पुऱ्याउने खालको कुनै घटना वा अवस्था पाएको छैन । तसर्थ, वित्तीय विवरण संस्थाको निरन्तरता र अविछन्नतामा आधारित रहेर तयार गरिएको छ ।

२.९ NFRS कार्यान्वयनको सीमितता (Limitation of NFRS Implementation)

जहां पर्याप्त रुपमा जानकारी उपलब्ध छैन वा विकास गर्न अव्यावहारिक छ, NFRS कार्यान्वयनमा त्यस्तो अपवादहरु सम्बन्धित टिप्पणीमा खुलासा गरिएको छ ।

३. प्रमुख लेखा नीतिहरु

३.१ मापनका आधार

निम्न उल्लेखित अवस्थामा बाहेक कोषको वित्तीय विवरण ऐतिहासिक लागूत अवधारणा (Historical cost basis) को आधारमा तयार गरिएको छ ।

- वित्तीय उपकरणहरु नाफा वा घाटा मार्फत उचित मूल्य (Fair value) मापन गरिएको छ ।
- लगानी गरिएको सम्पत्ति उचित मूल्य (Fair value) मा मापन गरिएको छ ।
- शेयरमा आधारित नगद भूक्तानी व्यवस्थाको दायित्वहरु उचित मूल्य (Fair value) मा मापन गरिएको छ ।

- कर्मचारीको लागि व्यवस्था गरिएको परिभाषित लाभ दायित्व (Defined Benefit Obligation) तथा Long Service Leave लाई NAS 19 बमोजिम बजार मूल्यका आधारमा मापन गरिएको छ ।

३.२ वित्तीय विवरणहरु एकीकृत गर्ने आधार

समूहको एकीकृत वित्तीय विवरण NFRS 10 अनुसार तयार गरिएको छ । एकीकृत वित्तीय विवरण कोष तथा सहायक कम्पनीको छुट्टाछुटै वित्तीय विवरणमा उल्लेख गरिएका प्रत्येक मूल शीर्षक अन्तर्गतका समान प्रकृतिका सम्पत्ति, दायित्व, जेथा, आम्दानी तथा खर्चहरु जोडी संयोजन गरिएको छ । साथै, कोष र सहायक कम्पनी बीच भएका अन्तर-कम्पनी कारोवारबाट सिर्जित सबै सम्पत्ति तथा दायित्व र आम्दानी तथा खर्चलाई पूर्ण रुपमा हटाईएको छ । समूह भन्नाले सहायक कम्पनीको रुपमा नागरिक स्टक डिलर लिमिटेडलाई र कोषको केन्द्रीय हिसाबलाई जनाउँदछ ।

३.२.१ व्यवसाय प्राप्ति र ख्याति (Business Combination and Goodwill)

व्यवसाय प्राप्ति र ख्यातिको लेखाङ्कन NFRS 3 बमोजिम 'Acquisition Method' अनुसार गरिएको छ । उक्त Acquisition Method अन्तर्गत:

- नियन्त्रण प्राप्त गर्नेको पहिचान हुनुपर्छ
- नियन्त्रण प्राप्तिको मिति तय भएको हुनुपर्छ
- सम्पत्ति, दायित्व तथा Non - Controlling Interest को मापन हुनुपर्छ
- नियन्त्रण प्राप्त गर्दाको Goodwill (ख्याति) वा Bargain Purchase बाट हुने लाभको मापन हुनुपर्छ

Acquisition Method अनुसारको लेखाङ्कनमा Goodwill को रकम ऋणात्मक आएमा सो रकमलाई NFRS 3 बमोजिम व्यापार प्राप्ति गर्दाको लाभको रुपमा नाफा नोक्सान खातामा आम्दानी जनाउने गरिन्छ । हाल सम्म कोषले कुनै पनि व्यवसाय प्राप्ति गरेको छैन ।

३.२.२ गैह्र नियन्त्रित स्वार्थ (Non-Controlling Interest)

गैह्र नियन्त्रित स्वार्थ भन्नाले कुनै पनि सहायक कम्पनी समूहको भन्दा बाहिरको पक्षले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा धारण गरेको हिस्सा (दामासाही जायजेथा र नाफा नोक्सान हिस्सा) जनाउँछ । कोषबाट नियन्त्रित शेयर स्वामित्वमा भएको परिवर्तनलाई जायजेथा भित्रको कारोबारको रुपमा दुवै पक्ष (समूह र गैह्र नियन्त्रित स्वार्थ) को समायोजन गरी लेखाङ्कन गर्ने गरिएको छ ।

३.३ वित्तीय सम्पत्ति तथा वित्तीय दायित्व

कुनै करार तथा सम्झौता अन्तर्गत भविष्यमा नगद प्रवाह हुने गरी गरिएको लगानी तथा अरु संस्थाका Equity शेयरमा गरिएको लगानीबाट सिर्जित सम्पत्तिलाई वित्तीय सम्पत्ति भनिन्छ । वित्तीय सम्पत्ति सामान्यतया अन्य सम्पत्ति भन्दा बढी तरल हुने गर्दछ । वित्तीय सम्पत्तिमा नगद तथा सोही प्रकृतिको नगद मौज्दात, बैंक ब्यालेन्स, माग तथा अल्प सूचनामा प्राप्त हुने रकम, ऋणपत्र तथा Equity शेयरमा गरिएको लगानी, व्युत्पन्न (Derivative) उपकरणमा गरिएको लगानी, कर्जा लगानी आदि पर्दछन् ।

कुनै करार तथा सम्झौता अन्तर्गत भविष्यमा नगद भूक्तानी गरी वा अन्य कुनै वित्तीय सम्पत्ति हस्तान्तरण गरी निसर्ग हुने दायित्वलाई वित्तीय दायित्व भनिन्छ । वित्तीय दायित्वमा बैंक तथा वित्तीय संस्थालाई बुझाउनु पर्ने रकम, व्युत्पन्न (Derivative) दायित्व, निक्षेप, सापटी, जारी गरिएका ऋणपत्र आदि पर्दछन् ।

३.३.१ वित्तीय सम्पत्ति वा दायित्वको पहिचानको मिति

कुनै करार वा सम्झौता अन्तर्गत सृजित वित्तीय सम्पत्ति वा दायित्वको पहिचान सो करार वा सम्झौता भएकै मितिमा गरिन्छ । नियमित रुपमा खरिद बिक्री भई रहने वित्तीय सम्पत्तिको पहिचान उक्त खरिद बिक्री भएको मितिमा गरिएको छ ।

३.३.२ वित्तीय उपकरणको शुरुवाती पहिचान तथा मापन

प्रारम्भिक रूपमा मान्यता प्राप्त वित्तीय सम्पत्ति At Amortized Cost र FVTOCI को लेनदेन लागूत यसको उचित मूल्यको साथ समायोजित गरिन्छ । साथै, प्रारम्भिक रूपमा मान्यता प्राप्त वित्तीय सम्पत्ति at FVTPL को लेनदेन लागूतहरुलाई नाफा वा घाटाको विवरणमा मान्यता दिइन्छ ।

वित्तीय सम्पत्तिको लेखा ट्रेड (खरिद बिक्री भएको) मिति वा सम्झौताको मितिमा गरिन्छ । यदि सम्झौताको मिति लागू गरिएमा पुनः मूल्यांकन उचित मूल्य समायोजन खाता प्रयोग गरेर गरिन्छ । कोषले सबै लगानीहरुमा ट्रेड मिति वा सम्झौता मिति लागू गर्नु पर्दछ ।

३.३.३ वित्तीय सम्पत्तिको वर्गीकरण तथा तत् पश्चात्को मापन

वित्तीय सम्पत्ति तथा दायित्वको पहिचान भईसके पश्चात् सोको मापन उक्त वित्तीय उपकरणको वर्गीकरणले निर्क्योल गर्ने गर्दछ । शुरुवातमा पहिचान गर्दा वित्तीय सम्पत्तिलाई निम्न दुई वर्गमा वर्गीकरण गरिएको छ:

- परिशोधित (Amortised) मापन गरिएका वित्तीय सम्पत्ति
- उचित मूल्यमा(Fair Value) मापन गरिएका वित्तीय सम्पत्ति

उक्त वर्गीकरण तथा तत्पश्चात्को मापन निम्न दुई मापदण्डहरुको आधारमा गरिन्छ

- वित्तीय सम्पत्तिलाई व्यवस्थापन गर्न अपनाईएको व्यवसायिक मोडेल (Business Model)
- वित्तीय सम्पत्तिबाट प्राप्त हुने नगद प्रवाहको प्रकृति (Contractual cashflow characteristics test)

३.३.३.१ परिशोधित लागूत Amortized Cost मापन गरिएका वित्तीय सम्पत्ति

निम्न लिखित दुवै मापदण्डहरु पुरा हुँदाको अवस्थामा वित्तीय सम्पत्तिलाई 'Amortized Cost' मा वर्गीकरण गरी मापन गरिन्छ

१.Business Model परीक्षण:-
कुनै वित्तीय सम्पत्ति प्राप्ति गर्दा सो लाई पुरै करार अवधि सम्मै निसर्ग नगरी धारण गरी करार अनुसार नगद प्रवाह सङ्कलन गर्ने उद्देश्य भएको ।

२. नगद प्रवाहको प्रकृति र विशेषताको परीक्षण
सम्झौता गरिएको शर्तनामामा उल्लेख गरे बमोजिम तोकिएको मितिमा साँवा तथा त्यसमा पाकेको ब्याजको भूक्तानीको लागि मात्र नगद प्रवाह हुने ।

यस परीक्षणको लागि ब्याज भन्नाले तोकिएको अवधिको वक्यौता साँवामा निहित Credit Risk र सो को Time Value of Money को लागि भूक्तानी हुने ब्याजलाई मात्र बुझिन्छ । Fair Value Through Profit or Loss (FVTPL) मा वर्गीकरण गरिएका बाहेक उपरोक्त दुवै मापदण्ड पुरा गर्ने सबै ऋणपत्र उपकरणहरु (Debt Instrument) लाई समायोजित ब्याज दर (Effective Interest Rate) को आधारमा Amortized Cost मा वर्गीकरण गरी मापन गरिएको छ ।

३.३.३.२ बजार मूल्यमा (Fair value) मापन गरिएका वित्तीय सम्पत्ति

Amortized Cost मा मापन गरिएका बाहेकका वित्तीय सम्पत्तिहरु बजार मूल्यमा वर्गीकरण तथा मापन गरिन्छन् । बजार मूल्य भित्र निम्न दुई उपवर्ग रहेका छन्:

१. नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति (Fair Value through Profit or Loss),
२. अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति (Fair Value through Other Comprehensive Income)

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिहरुलाई उक्त सम्पत्ति प्राप्ति गर्दाको समयमा नै छोटो समयमा खरिद बिक्री गरी नाफा गर्दै जाने भन्ने उद्देश्यले प्राप्ति गरिएको हुन्छ । तसर्थ, नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिहरुको आवधिक मूल्याङ्कन गरिन्छ तथा यसरी मूल्याङ्कन गर्दा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा देखाईन्छ ।

३.३.३.३ अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिको Equity शेयरमा लगानी भई सिर्जीत वित्तीय सम्पत्ति (FVTOCI)

छोटो समयमा खरिद बिक्री गरी फाईदा आर्जन गर्ने उद्देश्य राखी लगानी गरिएको बाहेक Equity शेयरमा गरिएका लगानीलाई अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिमा वर्गीकरण र मापन गरिएको छ । यो वर्गमा वर्गीकरण गर्दा सो निर्णय अपरिवर्तनिय हुने गर्छ । यो वर्गमा वर्गीकृत Equity शेयरमा लगानी भएको वित्तीय सम्पत्तिबाट आर्जन हुने लाभांश आम्दानी सो पाकेको वर्ष नाफा नोक्सान खातामा देखाउने गरिन्छ ।

यस्ता वित्तीय सम्पत्तिको आवधिक पुनरमूल्याङ्कन गर्दा बजार मूल्यमा भएको परिवर्तनले हुने फाईदा वा घाटालाई अन्य विस्तृत आयमा देखाई इक्विटी (Equity) मा भएको परिवर्तन सम्बन्धीको विवरणमा प्रस्तुत गर्ने गरिएको हुन्छ । उक्त वित्तीय सम्पत्ति निसर्ग गर्दा हुने सञ्चित नाफालाई Equity मा भएको परिवर्तन सम्बन्धीको विवरणबाट सोझै सञ्चित मुनाफामा रकमान्तर गरिन्छ तथापी सो नाफाको कारणले उत्पन्न हुने कर्मचारी बोनस तथा करको खर्चलाई नाफा नोक्सान खातामा नै देखाइएको छ ।

३.३.४ वित्तीय दायित्वको वर्गीकरण तथा मापन

वित्तीय दायित्वहरुलाई निम्न दुई वर्गमा वर्गीकरण गरिएको छ:

१.नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व (Fair Value through Profit or Loss)
२. Amortized Cost मा वर्गीकृत वित्तीय दायित्व

३.३.४.१ नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व (FVTPL)

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वहरुलाई उक्त दायित्व सिर्जना हुँदा छोटो समयमा खरीद बिक्री गरी नाफा गर्दै जाने भन्ने उद्देश्यले सिर्जित भएको हुन्छ । तसर्थ, नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वहरुको आवधिक मूल्याङ्कन गरिन्छ तथा यसरी मूल्याङ्कन गर्दा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा देखाईन्छ । प्रस्तुत वित्तीय प्रतिवेदनमा नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका कुनै पनि वित्तीय दायित्व रहेको छैन ।

३.३.४.२ Amortized Cost मा मापन गरिएका वित्तीय दायित्व

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व बाहेक अन्य सबै वित्तीय दायित्वलाई Amortized Cost मा वर्गीकृत गरिएको छ । यस्ता Amortized Cost मा वर्गीकृत वित्तीय दायित्वलाई दायित्व सिर्जना हुँदा लागेको खर्च वा लागूतलाई समायोजन गरी निकालिएको समायोजित ब्याजदरका आधारमा मापन तथा लेखाङ्कन गरिन्छ । सो वित्तीय दायित्वको परिशोधन खर्च तथा दायित्व निसर्ग हुँदाको समयको फाईदा वा घाटालाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

३.३.५ वित्तीय सम्पत्ति तथा दायित्वको निसर्ग

३.३.५.१ वित्तीय सम्पत्तिको निसर्ग

निम्न उल्लिखित कुनै पनि अवस्थामा कोषको वित्तीय सम्पत्ति पूर्ण वा आंशिक रूपमा निसर्ग भएको स्थिति हुन आउँछ

- सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार समाप्त हुँदा ।
- सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार हस्तान्तरण गरिएमा सोसँग जोडिएको सम्पूर्ण जोखिम तथा प्रतिफल पनि हस्तान्तरण हुँदा ।

यसरी निसर्ग भएको वित्तीय सम्पत्ति निसर्ग हुँदा रहेको किताबी मूल्य र सो निसर्गबाट प्राप्त मूल्य तथा सो सँग सम्बन्धीत अन्य विस्तृत नाफा नोक्सान खातामा रहेको सञ्चित फाईदा वा घाटाको योगमा फरक भएमा सो फरक रकमलाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

३.३.५.२ वित्तीय दायित्वको निसर्ग

कुनै वित्तीय दायित्वसँग जोडिएको दायित्वहरु समाप्त भएको अवस्थामा सो दायित्व निसर्ग भएको मानिन्छ । यसरी निसर्ग हुँदा उक्त वित्तीय दायित्वको किताबी मूल्य र निसर्ग हुँदा तिरेको मूल्यमा हुने फरकलाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

३.३.६ उचित मूल्यको निर्धारण (Determination of Fair Value)

बजारमा सहभागी व्यक्तिहरु बीचको उचित कारोबारमा सम्पत्ति निसर्गमा प्राप्त हुने रकम वा दायित्व निसर्गमा भूक्तानी गर्नुपर्ने रकम वा बजार अभाव भएको अवस्थामा आफ्नो पहुँच भएको सबैभन्दा फाइदाजनक बजारको मूल्य नै फेयर मूल्य हो । दायित्वको फेयर मूल्यले यसको गैर-प्रदर्शन जोखिम प्रतिबिम्बित गर्दछ ।
फेयर मूल्य निम्न पदानुक्रम (Hierarchy)अनुसार निर्धारण गरिन्छ :

तह १ फेयर मूल्य मापन सक्रिय बजारमा हुने उस्तै (Identical) सम्पति वा दायित्वको असमायोजित सूचिकृत मूल्य (Unadjusted quoted price) लाई मानिन्छ ।

तह २ फेयर मूल्य मापन सक्रिय बजारमा हुने समान (Similar) उपकरणको सूचिकृत मूल्य वा निष्कृय बजारमा हुने समान (Similar) उपकरणको मूल्य पहिचान तथा प्रयोग गरी उपयुक्त मूल्यांकन विधिहरु अवलम्बन गरी फेयर मूल्यको निर्धारण गर्नु हो ।

तह ३ वित्तीय उपकरणको फेयर मूल्य मापन Observable Market Data मा आधारित हुदैनन् ।

३.३.७ हानी/नोक्सानी(Impairment)

३.३.७.१ वित्तीय सम्पत्तिमा हुने नोक्सानी

कोषले वित्तीय विवरण बनाउँदा कुनै पनि वित्तीय सम्पत्तिमा नोक्सान भए नभएको बारे प्रमाण सहित आइकलन गर्ने गरेको हुन्छ । उक्त प्रमाणले त्यस्तो सम्पत्तिबाट भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई नकारात्मक असर गरेको दर्शाएमा सो वित्तीय सम्पत्ति नोक्सान भएको ठहर गरी त्यसमा नोक्सानी व्यवस्था गर्ने गरिएको हुन्छ । यस्तो नोक्सानी रहेको छ भन्ने अवस्थाको आंकलन कुनै एक प्रमाणबाट मात्र नभई प्रमाणहरुको सामुहिक आंकलनबाट पनि गर्नुपर्ने हुन्छ । यस्तो नोक्सानी व्यवस्था उजागर गर्ने केही प्रमाणहरु यस प्रकार रहेका छन्:

- खराब वित्तीय अवस्था
- सम्झौताका सर्तहरुको उल्लङ्घन गरेको जस्तै ब्याज तथा साँवा भूक्तानीमा अनियमितता
- ऋणी टाट पल्टिन सक्ने सम्भावना रहेको
- वित्तीय सम्पत्तिबाट सुरुवातमा भविष्यमा प्राप्त हुनसक्ने भनी आंकलन गरिएको नगद प्रवाहभन्दा हाल गरिएको आंकलन कम भएमा

३.३.७.२ नोक्सानी व्यवस्था/ नोक्सानी व्यवस्था फिर्ता तथा अपलेखन

वित्तीय सम्पत्तिको नोक्सानी NAS-39 मा तोकिए बमोजिम 'Incurred Loss Model' वा NFRS-9 अनुसार 'Expected Credit Loss Method' बाट गरिन्छ । Incurred Loss Model अर्न्तगत वित्तीय सम्पत्तिको नोक्सानी यदि हानी/नोक्सानीको वस्तुगत प्रमाण छ भने

मात्र गरिन्छ (अर्थात: भविष्यमा हुने घटनाहरुको परिणाम स्वरुप हुने आपेक्षित नोक्सानी कति नै हुने सम्भावना भएतापनि पहिचान गरिदैन) । त्यस्तैगरी Expected Loss Model अन्तर्गत आपेक्षित नोक्सानीको वास्तविक असफलतताको (Actual Default) लागि पर्खनुभन्दा अगाडी नै निर्धारित गरिन्छ । ECL अनुमानहरू पक्षपातहीन, सम्भावना भारित छन् र यसले विगतका घटनाहरू, वर्तमान सर्तहरू र भविष्यको आर्थिक अवस्थाको पूर्वानुमानबारे समर्थन योग्य जानकारी समावेश पनि गर्दछ ।

सामान्य दृष्टिकोण अन्तर्गत NFRS 9 ले अपेक्षित क्रेडिट नोक्सानी र मान्यता प्राप्त ब्याज आय मापन गर्न तीन चरण दृष्टिकोण स्वीकार्दछ ।

पहिलो तह, प्रारम्भिक मान्यताको तुलनामा वित्तीय उपकरणहरूको कर्जा जोखिममा नगण्य (Insignificant) वृद्धि हुन्छ भने १२ महिना भित्र हुने असफलतताका घटनाहरूको सम्भाव्यतासँग सम्बन्धीत १२ महिनाको अपेक्षित नोक्सानीको व्यवस्था गर्न आवश्यक छ । १२ महिना भन्दा कमको बाँकी अवधिका वित्तीय सम्पत्तिहरूको हकमा असफलताको सम्भावना (Probability of Default) को आधारमा गणना गरिन्छ । साथै, वित्तीय सम्पत्तिहरुको व्याज अपेक्षित कर्जानोक्सानी समायोजन गर्नु अघिको मूल्यमा गणना गरिन्छ ।

दोस्रो तह, प्रारम्भिक मान्यताको तुलनामा वित्तीय उपकरणहरूको कर्जा जोखिममा महत्वपूर्ण (significant) वृद्धि हुन्छ भने वित्तीय उपकरणहरुको उपयोगी आयसम्म हुने असफलताका घटनाहरूको सम्भाव्यतासँग सम्बन्धीत जीवन भरीको अपेक्षित कर्जानोक्सानीको (Lifetime ECL) व्यवस्था गर्न आवश्यक छ । साथै, वित्तीय सम्पत्तिहरुको व्याज अपेक्षित कर्जानोक्सानी समायोजन गर्नु अघिको मूल्यमा गणना गरिन्छ ।

तेस्रो तह, असफल वित्तीय उपकरण र credit impaired सम्पत्तिहरुको खरिद यस तह अन्तर्गत पर्दछन । यी वित्तीय उपकरणहरुमा वित्तीय उपकरणहरुको उपयोग समय भरी हुने अपेक्षित हानी/नोक्सानी पहिचान गरिन्छ । थप वित्तीय उपकरणहरुको परिषोधित मूल्यमा हानी/नोक्सानी घटाएर आएको खुदमूल्यमा ब्याज आम्दानी गणना गर्दछ ।

व्यवस्थापनले अझै पनि आफ्नो वित्तीय विवरणमा Expected Credit Loss (ECL) model लागू गर्दा हुने सम्भावित प्रभावको आकलन गर्दछ ।

३.३.७.३ सहुलियत ब्याजमा कर्मचारीलाई प्रवाहित कर्जा र सापटी

कोषले आफ्ना कर्मचारीहरुलाई कर्मचारी सेवा विनियमावलीको प्रावधान भित्र रही सामाजिक सापटीमा सहुलियत ब्याजदर (१.५ प्रतिशत) मा सापटी प्रवाह गर्ने गरेको छ । कर्मचारीबाट कर्जाको भुक्तानी बापत भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई सोही प्रकृतिका कर्जाको बजारमा प्रचलित ब्याजदर (९ प्रतिशत) ले Discounting गरी सो कर्जाको Fair Value निर्धारण गरिन्छ । कर्जाको शुरुवाती किताबी मूल्य तथा Fair Value को फरकलाई कर्मचारी सुविधाको रुपमा र बाँकी रकमलाई वित्तीय सम्पत्तिको रुपमा Amortised Cost मा मापन गर्ने गरी लेखाङ्कन गरिएको छ । कर्मचारीलाई प्रवाहित कर्जासँग सम्बन्धित कर्मचारी सुविधालाई उक्त कर्जाको कर्जा अवधिमा परिशोधन गरी खर्च लेख्ने गरिन्छ । अग्रिम भूक्तानी भएको कर्मचारी सुविधालाई कर्जा अवधिको आधारमा समदर प्रणाली (Straight Line Method) अनुसार परिशोधन गर्दै लेखाङ्कन गरिएको छ ।

३.३.८ Amortized Cost को मापन

कुनै वित्तीय सम्पत्ति तथा दायित्वको Amortized Cost को रुपमा सो को शुरुवाती किताबी मूल्यमा साँवा भूक्तानीको रकम, संचित परिशोधन खर्च तथा संचित नोक्सानी व्यवस्थाको रकम समायोजन गरे पछिको रकमलाई जनाइन्छ । कुनै पनि वित्तीय सम्पत्तिबाट भविष्यमा प्राप्त हुने वा वित्तीय दायित्वको लागि भविष्यमा भूक्तानी हुने रकमलाई Discount गर्दा हुन आउने मूल्य सो वित्तीय सम्पत्ति तथा दायित्वको आजको किताबी मूल्य बराबर हुन्छ भने यसरी भविष्यमा प्राप्त हुने वा भूक्तानी हुने रकमलाई Discount गर्न प्रयोग भएको उक्त ब्याजदरलाई समायोजित ब्याजदर भनिन्छ । कोषले समायोजित ब्याज दरका आधारमा वित्तीय सम्पत्ति तथा दायित्वको Amortized Cost मापन गर्ने गरेको छ ।

३.४ सम्पत्ति र उपकरण (Property and Equipment)

३.४.१ पहिचान तथा मापन (Measurement and Recognition)

कोषलाई स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयोगबाट भविष्यमा आर्थिक लाभ हुने सम्भावना रहेको तथा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागूत मापन गर्न सकिएको अवस्थामा मात्र त्यस्ता स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको पहिचान गर्ने गर्छ ।

सम्पत्ति तथा उपकरणको प्रारम्भिक मापन लागूतमा गरिन्छ । लागूतमा खरिद मूल्य तथा प्रत्यक्ष खर्चहरु र भविष्यमा सो सम्पत्ति नष्ट गर्ने वा हटाउने अपरिहार्य अनुमानित खर्चको वर्तमान रकम पर्दछन् । सम्पत्तिमा पछि गरिएका खर्चहरुले भविष्यमा प्राप्त हुने आयमा वृद्धि हुने भएमा उक्त खर्चलाई पूँजीकरण गरिन्छ । निरन्तर हुने साधारण मर्मत खर्चहरु नाफा वा नोक्सान हिसाबमा लेखाङ्कन गरिन्छ । फरक आयु हुने सम्पत्तिका मुख्य भागहरुलाई फरक रुपमा पहिचान गरी लेखाङ्कन गरिन्छ र सोही अनुसार ह्रासकट्टी गरिन्छ । सम्पत्तिहरुको अवशिष्ट मूल्य (salvage value), उपयोगी आयु तथा ह्रासकट्टी तरिका हरेक आर्थिक वर्षमा पुन: विचार गरिन्छ र अघिल्लो अनुमान भन्दा फरक परेमा बाँकी अवधिमा समायोजन गर्ने गरी फरकको असर वित्तीय विवरणमा प्रदान गरिन्छ । कोषको नीतिको आधारमा वर्षमा ने.रु. ५,००० सम्मको सम्पत्ति खरिदलाई उपयोगी जीवनको पर्वाह नगरी खर्च लेखिन्छ ।

कोषको स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई लागूत (Cost Model) मा लेखाङ्कन तथा प्रस्तुत गर्ने लेखानीति रहेको छ । यस Model अनुसार स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको ऐतिहासिक लागूतबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयिकरण/नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ । कोषले जग्गा बाहेक सम्पूर्ण सम्पत्ति र उपकरणहरुको वर्ग (Pool) को लागि लागूत मोडेल अपनाएको छ ।

कोषले कित्ता नं. २२४, ४०, २५४ र २१ को जग्गालाई उचित मूल्य Fair Value मा मिति २०७३।०४।०१ (NFRS Transactional Date) मा मापन गरिएको थियो । ती जग्गाको फेयर मूल्य रु.१,२०८,७९१,४४० र पुनर्मुल्यांकन रिर्जव (Revaluation reserve) रु. ४४२,७४६,९८० भएको पाइयो ।

कित्ता नं.	शुरु मूल्य	पुनः र्मूल्यांकन मूल्य	जम्मा
२२४, ४०, २५४ र २१	७६,६०,४४,४६०।००	४४,२७,४६,९८०।००	१,२०,८७,९१,४४०।००

३.४.२ ह्रासकट्टी

कोषले स्थिर सम्पत्ति तथा कार्यालय उपकरण उपयोगको लागि उपलब्ध भएपछि निसर्ग हुने समय सम्मको अवधिमा ह्रासकट्टी गर्ने गरेको छ । अन्यथा उल्लेख भएकोमा बाहेक, कोषले स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको अनुमानित उपयोग अवधिको आधारमा समदर ह्रासकट्टी प्रणाली (Straight Line Method) अनुसार ह्रासकट्टी गर्ने गरेको छ । कोषको विभिन्न प्रकृतिका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको अनुमानित उपयोग अवधि निम्नबमोजिम छ ।

सम्पत्तिको प्रकृति	अनुमानित उपयोग अवधि (वर्ष)
फर्नीचर एण्ड फिक्सचर	५
कार्यालय उपकरण	५
सवारी साधन	१०
भवन (पुरानो)	१०
भवन (नयाँ)	५०

३.४.३ निर्सग (Derecognition)

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण बिक्री गरिएमा अथवा सो को प्रयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था आङ्कलन भएमा, सो सम्पत्तिको किताबी मूल्यलाई निःसर्ग गर्ने गरिन्छ । यसरी निःसर्ग गरिदा सोमा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

३.४.४ अभौतिक सम्पत्ति (Intangible Assets)

अभौतिक सम्पत्तिको लेखाङ्कनको लागि कोषले NAS 38 को प्रावधानलाई अपनाएको छ । कोषले तल उल्लिखित अवस्थामा मात्र अभौतिक सम्पत्तिको पहिचान गरी लेखाङ्कन गर्ने गरेको छ ।

- लागूतको मापन गर्न सकिने भएमा
- विगतका घटनाक्रमले सो अभौतिक सम्पत्ति माथि कोषको नियन्त्रण भएमा
- भविष्यमा सो अभौतिक सम्पत्तिबाट कोषले आर्थिक लाभ लिन सक्ने भएमा

प्रस्तुत वित्तीय विवरणमा कम्प्युटर सफ्टवेयर मात्र एक अभौतिक सम्पत्ति रहेको छ ।

३.४.४.१ कम्प्युटर सफट्वेयर

कम्प्युटर सफ्टवेयरलाई सोको लागूतबाट संञ्चित क्षय-नोक्सानी तथा सञ्चित परिशोधन खर्च घटाएर प्रस्तुत गरिन्छ । आन्तरिक रुपमा बनाइएका कम्प्युटर सफ्टवेयरको लागूत गणना गर्दा सो बनाउन लागेको सम्पूर्ण प्रत्यक्ष खर्चलाई पनि समावेश गरिन्छ र सो सम्पत्तिको अनुमानित उपयोग अवधिमा परिशोधन (Amortization) गरिन्छ ।

३.५ आय कर

कोषले आय कर लेखाङ्कन NAS 12 – Income Tax को प्रावधान बमोजिम गर्ने गरेको छ । आय कर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ । इक्विटीमा भएको परिवर्तन सम्बन्धीको विवरण तथा अन्य विस्तृत नाफा नोक्सान खातामा प्रस्तुत हुने कारोबारमा सृजित स्थगन करलाई अन्य विस्तृत नाफा नोक्सान खातामै प्रस्तुत गरिएको छ ।

३.५.१ चालु कर

चालु आय कर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको मुनाफाबाट तिर्नुपर्ने आय कर रकम हो । आय कर गणना गर्ने प्रयोजनका लागि उपयोग हुने करका दर तथा (कर सम्बन्धी कानून) वासलात मितिमा लागू भएका दर हुन् । सोही अनुरुप चालु आयकरको गणना गर्दा आय कर ऐन, २०५८ (संशोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस वर्षको नाफालाई आधार मानी गणना गरिन्छ ।

३.५.२ स्थगन कर

सम्पत्ति तथा दायित्वहरुबाट सृजित हुने वित्तीय विवरणमा गणना गरिएको रकम तथा आयकर ऐनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नताबाट सृजित हुने स्थगन कर सम्पत्ति (वा स्थगन कर दायित्व) लाई वित्तीय अवस्थाको विवरणमा लेखाङ्कन गरी प्रत्येक वर्ष यस्तो स्थगन कर सम्पत्ति वा (दायित्वमा) हुने परिवर्तनलाई नाफा नोक्सान हिसाबमा स्थगन कर आय वा (स्थगन कर खर्च) को रुपमा लेखाङ्कन गरिन्छ । स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने कर योग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएसम्म सम्पत्तिको रुपमा पहिचान गरिदैंन ।

३.६ पट्टाहरु (Leases)

NFRS-16 लिजहरुले एकल पट्टा लिने लेखा मोडल प्रस्तुत गरेको छ जसमा अन्तरनिहित सम्पत्ति कम मूल्यको नभएसम्म तथा १२ महिना भन्दा बढी अवधिको सबै पट्टाहरुका लागि सम्पत्ति र दायित्वहरु पहिचान गर्ने व्यवस्था गरेको छ । पट्टा लिनेले अन्तरनिहित लिज सम्पत्ति प्रयोग गर्ने अधिकार र पट्टा भूक्तानी गर्ने दायित्वलाई प्रतिनिधित्व गर्ने पट्टा दायित्वको पहिचान गर्न आवश्यक छ । जस अनुसार कोषले आ.व. २०७८/७९ देखी NFRS-16 लागू गरेको छ ।

कुनै पनि नयाँ सम्झौताहरु प्रविष्ट गर्न समूहले सम्झौता हो वा पट्टा हो भनेर विचार गर्नु पर्दछ । पट्टा भन्नाले एक सम्झौता वा एक सम्झौताको अंश जसले Purchase Consideration को आधारमा निश्चित समयका लागि (अन्तरनिहित सम्पत्ति) प्रयोग गर्ने अधिकार प्रदान गर्दछ । यसै गरी यो परिभाषा लागू गर्नका लागि तल दिइएका मूल्याङ्कनहरु पुरा गर्नु पर्दछ ।

- सम्झौता पहिचान गरेको सम्पत्ति जुन सम्झौतामा स्पष्ट रुपमा पहिचान गरिएको छ वा समूहलाई सम्पत्ति उपलब्ध गराउँदा पहिचान गरेर स्पष्ट रुपमा निर्दिष्ट गरिन्छ ।
